# अध्याय : एक

# परिचय

## १.१ पृष्ठभूमि

कसैको रुप आरोप गर्नु नै रूपक हो । रूपक शब्द 'रुप' धातुका 'व्बुल' प्रत्ययको योगबाट रूपक शब्दको निर्माण भएको हो ।

साहित्यमा उपमान र उपमेयको अभिन्न सम्बन्ध देखाई वर्णन गर्दा पर्ने एक अर्थालङ्कारलाई रूपक भनिन्छ ।

रूपक दृश्यकाव्य-नाटक, प्रकरण आदि १० रूपक (रूपको आरोप गरेर देखाइने) काव्य हो । संस्कृत साहित्यमा रूपक शब्द अलङ्कार विशेषको लागि प्रयुक्त छ भने दृश्यकाव्यको लागि पनि प्रयुक्त छ । 'रुप रुपक्रियायाम्' बाट व्युत्पन्न रुप शब्दमा स्वार्थमा 'कन्' प्रत्यय भई रूपक शब्द बन्छ । साहित्य दर्पणकार विश्वनाथकाअनुसार नट (अभिनेता) मा रामादि (नाटकका पात्र) का स्वरूपको आरोप गरिन्छ, त्यसैले दृश्यकाव्यलाई रूपक भनिन्छ । अवस्थाको अनुकरण नौ नाट्य हो । त्यही नाट्यलाई रूपक भनिन्छ । रूपक अलङ्कारमा मुखमा चन्द्रमाको आरोप गर्दा मुखचन्द्र ( मुखरुपी चन्द्रमा) हुन्छ । त्यसैगरी नाटकमा रामादि पात्रका अवस्थाको आरोप गरिने हुँदा रूपक भनिन्छ । संस्कृत साहित्यमा सम्पूर्ण दृश्यकाव्यलाई रूपक र उपरूपक गरी दुई भागमा विभाजन गरिएको छ । रूपकका दशवटा भेदहरुमध्ये नाटकलाई प्रमुख स्थान दिइएको छ ।

नट-नटोले नायक-नायिकाका स्वरूपको अनुकरण गर्दै तिनका विभिन्न शारीरिक, मानसिक अवस्था र कार्यको अनुकरण अभिनयात्मक रुपमा प्रस्तुत गर्ने हुनाले दृश्यकाब्यको समष्टिलाई रूपक भन्नु उचित नै देखिन्छ । रूपक शब्दमा नाट्य विधाका समस्त प्रकार र उपप्रकारहरुलाई समेट्ने सामर्थ्य भएको हुँदा यसलाई मूल शब्द मानी यसका नाटक, प्रकरण, भाण, व्यायोग, समवकार, डिम, ईहममृग, अङ्कवीथी र प्रहसन गरी दशभेद देखाइएका छन् भने रूपकबाट उपरूपक शब्दको निर्माण गरी यसका नाटिका, त्रोटक, गोष्ठी, सट्टक, नाट्यरासक, प्रस्थानक, उलाप्य, काव्य, प्रेङ्खण, रासक, संलापक, श्रीगदित, शिलाक, विलासिका, दुर्मल्लिका, प्रकरणिका, हल्लीश र भाणिका, गरी अठार भेद निर्धारित, गरिएका छन् (गौतमः २०६५ः पृ ५) ।

एकाङ्कीको बीजरुप दशौं शताब्दीतिरको अङग्रेजीसाहित्यमा पाइन्छ । त्यसबेलाका रहस्यप्रधान, चमत्कारप्रधान र नीतिप्रधान कथामा आधारित भएका विभिन्न संवाद वा अभिनय प्रदर्शनले एकाङ्कीको विकासका लागि आवश्यक र उपयुक्त वातावरण तथा यरिस्थिति सिर्जना

गरेका छन् । पन्ध्रौँदेखि सत्रौँ शताब्दीबीचमा साना-साना प्रहसनको रुपमा प्रचलित 'कम्मेदिय देला आर्ते' को पनि विशिष्ट भूमिका रहेको छ ।

उन्नाइसौँ शताब्दीतिर युरोपमा लघुरङ्गमञ्चको आन्दोलनको सूत्रपात भयो। यसको प्रभाव विश्वका विभिन्न देशहरु जस्तो-फ्रान्स, जर्मनी, बेलायत, अमेरिका आदिमा परयो ।

एकाङ्कीको वर्तमान स्वरूपको निर्माण र विकास ईश्वीको बीसौँ शताब्दीको प्रारम्भतिर भयो जुन लण्डनको एउटा नाचघरमा लब्ल्यु डब्ल्यु ज्याकबको 'बाँदरको पञ्जाको प्रदर्शन' लाई लिइन्छ । उक्त प्रदर्शनको तर्जुमा ज्यादै प्रभावकारी र सफल सिद्ध भयो। यसपछि लघु नाट्यप्रयोगतिर तत्कालीन जनमानस आकर्षित र प्रभावित भयो । नाटकको तुलनामा एकाङ्कीको विकास तीव्ररुपमा हुँदै गयो । एकाङ्कीले आजको युगमा लोकप्रियता प्रप्त गर्दै आएको छ ।

पाश्चात्य साहित्यमा दृश्यकाव्यलाई चिनाउन 'ड्रामा' शब्दको प्रयोग गरिएको छ । अक्सफोर्ड एड्भान्स लर्नरस् डिक्शनरीका सम्पादक 'जोनाथन क्रोथर' ले 'ड्रामा' (रूपक) शब्दको अर्थ प्रदान गर्ने क्रममा भनेका छन् - 'ड्रामा एउटा यस्तो विधा हो जस्लाई रङ्गमञ्च, रेडियो वा टेलिभिजनमा प्रस्तुत गर्न सकिन्छ ।'

कार्ल.एच्.क्लउसले 'ड्रामा यथार्थमा ग्रीक शब्दबाट आएको हो । जसको अर्थ गरिएको कार्य भन्ने हुन्छ र यसले कुनै घटना वा कृतिमाथि कलाकारहरुद्धारा अभिनय गरेर एउटा साधारण संसारभन्दा भिन्नै आफनै किसिमको सु-संस्कृत र काल्पनिक संसारको निर्माण गर्दछ ।' भन्ने उल्लेख गरेका छन् ।

आर.के. सिंहले 'ड्रामाले काल्पनिक सत्यलाई हामी समश्र प्रत्यक्ष रुपमा प्रस्तुत गर्दछ । ड्रामा एउटा यस्तो कार्य हो जसलाई कलाकारहरुद्धारा रङ्गमञ्चमा प्रस्तुत गरिन्छ' भनेका छन् ।

यसप्रकार पाश्चात्य साहित्यमा रूपकको पर्यायको रुपमा 'ड्रामा' शब्दको प्रयोग गरेको पाइन्छ ।

कार्ल.एच्.क्लउसले 'फोर पोसिबल मोड्स अफ ड्रामा' भन्दै ड्रामालाई चार उपविधामा विभाजन गरेका छन्:

(१) कमेडी - इन्टिग्रेटिभ)

(२) ट्रायाजेडी - डिस इन्टीग्रेटिभ्)

(३) रोमान्स् (व्युटी)

(४) सेटायर (अग्लीनेस)

यसप्रकार पूर्वीय आचार्यहरुले दृश्य काव्यलाई रूपक र नाटक भनेझैं पश्चिमी साहित्यकारहरुले 'ट्रेजेडी'-'कमेडी' दुवै किसिमका एकाङ्की र नाटकका लागि 'ड्रामा' र 'प्ले' शब्दको प्रयोग गरेका छन् । पूर्वीय आचार्यहरुले रूपकका विभिन्न भेद-उपभेद देखाएका भए पनि पश्चिमी आचार्यहरुले दृश्य काव्यलाई मूलतः कमेडी र ट्रेजेडी गरी दुई भागमा र त्यसको अभिन्न अङ्का रुपमा 'रोमान्स' र 'सेटायर' प्रस्तुत गरेका छन् ।

यसरी दृश्यकाव्यलाई चिनाउन पूर्वीय साहित्यमा 'रूपक' र पश्चात्य साहित्यमा 'ड्रामा' शब्दको प्रयोग भएको पाइन्छ । संस्कृत साहित्यमा रूपको आरोप गर्नुलाई रूपक र अवस्था विशेषको आरोप गर्नुलाई नाटक भनिएको छ । रूपकलाई दृश्यकाव्यको मूलस्वरुप र नाटकलाई रूपकको मुख्य भेद मानिएको भए पनि नाट्याचार्य भरतमुनिकै समयदेखि नाटक र रूपकलाई पर्यायवाची शब्दको रुपमा प्रयोग गरिँदै आएको पाइन्छ । वर्तमान समयमा नेपाली, हिन्दी आदि साहित्यमा नाटक शब्दभित्रै सम्पूर्ण नाट्य भेदहरु समेटिएका छन् ।

रूपकलाई विभिन्न रुपमा विभाजित गर्ने प्रमुख कारक तत्व वस्तु नेता र रस हुन् भनी विश्वनाथले 'साहित्यदर्पण'मा उल्लेख गरेका छन् । यिनै अन्वितित्रय नै रूपकका प्रमुख तत्व हुन् । वस्तु भनेको कथावस्तु वा कथानक हो, नेता भनेको नायक हो, अनि रस भनेको शृङ्गार आदि काव्यरस वा नाट्यरस हुन् ।

संस्कृत नाट्यशास्त्रअनुसार कथानक मुख्यतया दुई भागमा विभक्त हुन्छन्ः आधिकारिक र प्रासङ्गिक । मुख्य फलको भोग गर्ने मुख्यतम पात्र वा नायकसँग सम्बद्व तथा आदिदेखि अन्त्यसम्म रहने मूल कथानकलाई प्रासाङ्गिक भनिन्छ । प्रसङ्गिक कथानक दुई भागमा विभ्क्त छः पताका र प्रकारी । लामो कथानक पतका हो भने उपकथानकलाई प्रकारी भनिन्छ ।

रूपकको कथानकका पाँच अन्तस्तत्व हुन्छन् र ती हुन् : बीज, विन्दु, पताका, प्रकरी र कार्य । फल प्राप्तिरुपी अर्थको साधन बन्ने हुनाले यिनलाई अर्थप्रकृति पनि भनिन्छ । कार्यव्यपारका क्रनिक गतिको आधारमा रूपकको मुख्य र्काय हुन्छ अथवा त्यसका मुख्य फलको प्राप्ति हुन्छ । मुख्य कार्य वा फलागम सम्मको कथानकीय यात्रा कार्यावस्था हो । यो पनि पाँच प्रकारको हुन्छः जस्तै- आरम्भ, यत्न, प्राप्त्याशा, नियाताप्ति र फलागम आदि ।

कथानकको सङ्गतिको लागि आवश्यक हुने तर नीरस वा देखाउन नहुने अङ्कविच्छेद गर्दा छोडिएका विषय अर्थोपक्षेपद्धारा सङ्क्षेपमा सूचित गर्नुपर्ने विधान छ । अर्थोपक्षेपकको अभिप्राय हो, छुटेका विषयको सूचना दिनु । अर्थोपक्षेपक पाँच प्रकारका छन् ती हुन्-विष्कम्भक, प्रवेशक, चूलिका, अङ्कावतार, र अङ्कमुख आदि ।

रूपकको कथानकलाई सुन्दर र सु-सम्बद्ध पार्न सबैतिरबाट देखिने पताका जस्ता पूर्वापरको कुरा सूचित गर्ने उक्ति हुन्छन् । ती उक्तिहरु पताकास्थानक कहिन्छन् । यी चार थरीका हुन्छन्- प्रथम, द्वितीय, र चतुर्थ आदि ।

अर्थप्रकृति र कार्यावस्थालाई गाँसेर कथानकको जुन शरीर बन्न आउँछ त्यस्का पाँच खण्ड हुन्छन् । ती खण्डहरुले कथानकका खण्डांशहरुलाई जोड्ने काम गर्ने हुनाले तिनलाई सन्धि भन्दछन् । ती हुन्- मुख, प्रतिमुख, गर्भ, विमर्श र निर्वहण आदि । यी सन्धि नाटकमा पाँचवटै हुन्छन् र रूपकका अन्य भेद र उपभेदहरुमा भने कम पनिहुन्छन् । यी सन्धिहरुलाई पुष्ट पर्नका साथै सुन्दर पनि तुल्याउने ६४ अङ्ग हुन्छन् ।

रूपकको प्रमुखतम चरित्रलाई नायक वा नेता भन्दछन् । नायक कुलीन, त्यागी, वीर, रुपयौवन तथा उत्साहले परिपूर्ण लगायत चरित्रवान हुनुपछ । नायक चार थरीका हुन्छर्न्- धीरोदात्त, धीरोदत्त, धीरप्रशान्त र धीरललित इत्यादि । नायकको विरोधमा उभिने जुन पात्र हुन्छ त्यसलाई प्रतिनायक भन्दछन् । प्रतिनायक पापी एवं दुर्व्यसनी हुन्छ र धीरोद्धत प्रकृतिको हुन्छ । नायक पछि रूपकमा प्रमुख भूमिका खेल्ने चरित्रलाई सहनायक भन्दछन् । संस्कृत नाटकमा पत्नी र अरु स्त्रीहरु सम्बन्धका आधारमा पनि नायकको विश्लेषण र विभाजन गरिएको छ । जस्तैः अनुकुल, दक्षीण, शठ र धृष्ट इत्यादि । नाटकमा कर्मअनुसार नायिकाको मूलतः तीन भेद गरेका पाइन्छ : स्वकीया, परकीया र सामान्या ।

स्वकीया : यस प्रकारकी नायिका आफनै पतिसँग प्रणय-सम्बन्धमा लागेकी हुन्छे ।

परकीया : आफना पतिलाई छाडी अन्यान्य व्यक्तको प्रणय-सूत्रमा बाँधिएकी हुन्छे ।

सामान्या : भ्रष्ट नायिकाको रुपमा लिइन्छ । यस्लाई वेश्याको रुपमा पनि लिन सकिन्छ ।

नाट्यसन्दर्भमा रस भनेको मानवीय भावहरुको त्यस्तो सूक्ष्मतम, कोमलतम र तीव्रतम तरल अनुभूति हो जुन मानसिक रुपले आस्वाध हुन्छ भने आन्नददायक पनि हुन्छ । आचार्य भरतले नाट्य सन्दर्भमा रसको चर्चा गर्दा भावाभिनयसँग सम्बद्ध स्थायी भावहरु परखीहरुद्वारा मानसिक रुपले आस्वादित गरिने हुनाले नाट्यरस कहिन्छन् भन्नाका साथै रस विभाग, अनुभाव र सञ्चारिभावको संयोगबाट निष्पन्न हुन्छ पनि भनेका छन् । भरतको भनाईअनुसार शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स, अद्भुत यी आठ रस ब्रह्माद्धारा कथित नाट्यरस हुन् । रस परिवारमा शान्त रसका साथै कसै-कसैले वात्सल्यरसको पनि समावेश गरिएको पाइन्छ ।

### १.१.१ रूपकका दश भेद

(१) **नाटक -** प्रख्यात पौराणिक वा ऐतिहासिक कथावस्तुमा आधारित रूपक वा दृश्यकाव्यलाई नाटक भन्दछन्

(२) **प्रकरण -** कल्पित कथावस्तुमा आधारित सामाजिक रूपकलाई प्रकरण भन्दछन् ।

(३) **भाण -** नाट्यसन्दर्भमा भाण भनेको धूर्त व्यक्तिको चरित्राभिनय प्रस्तुत गर्न कल्पित कथावस्तुमा आधारित रूपक हो ।

(४) **व्यायोग -** व्यायोग एकाङ्की रूपक हो र यसको कथावस्तु पौराणिक वा एतिहासिक हुन्छ । नायक धीरोद्धत स्वभावको राजर्षी वा दिव्यपुरुष हुन्छ् ।

(५) **समवकार -** देवदानवको प्रख्यात युद्धकथामा आधारित रूपकलाई समवकार भन्दछन् ।

(६) **डिम -** ऐतिहासिक कथावस्तुमा आधारित रहने र माया, इद्रजाल, सङ्ग्रमजस्ता विष्मयजनक र उत्तेजनात्मक कार्यव्यापारले भरिएको रूपकलाई डिम भन्दछन् ।

(७) **ईहामृग -** प्रख्यात र काल्पनिक कथालाई मिलाएर रचिएको चारअङ्के रूपक ईहामृग हो ।

(८) **अङ्क -** अङ्कलाई उत्सृष्टिकाङ्क पनि भन्दछन् । यो प्रख्यात कथावस्तुमा आधारित हुन्छ र यसमा कल्पनाको सहायताले कथावस्तुलाई विस्तृत पार्न सकिन्छ । यो करुणरस प्रधान एकाङ्की हो ।

(९) **वीथी -** वीथीको अर्थ मार्ग वा पङ्क्ति भए पनि नाट्यसन्दर्भमा वीथी उत्तम, मध्यम वा अध्म चरित्रमध्ये कुनै एकलाई नायक तुल्याएर रचिएको एकाङ्की रूपक हो ।

१०) **प्रहसन -** कल्पित कथामा आधारित हास्यरस प्रधान रूपकलाई प्रहसन भन्दछन् ( भण्डारी : २०६८ : पृ ३२४) ।

### १.१.२ अठार उपरूपकहरु

(१) **नाटिका -** यो कल्पित कथामा आधारित चारअङ्के उपरूपक हो । प्रख्यात र धीरललित स्वभावको राजा यसका नायक हुन्छन् र भर्खर प्रेममा परेकी राजकुमारी यसकी नायिका हुन्छिन् ।

(२) **त्रोटक -** यो देवता र मनुष्यको प्रेमकथामा आधारित हुन्छ । विदूषकको उपस्थिति रहन्छ ।

(३) **गोष्ठी-** यो पाँच वा छ वटी नायिका र नौ दशजना गाउँले नायक हुने कल्पित कथावस्तुमा आधारित रूपक हो ।

(४) **नाट्यरासक-** यो प्रेमपरक विषयवस्तुमा आधारित उपरूपक हो ।

(५) **सट्टक-** यो प्राकृत भाषामा रचिएको हुन्छ र यसमा अङ्कलाई जवनिका भन्दछन् । यसमा प्रवेशक र विष्कम्भक हुँदैनन् । अद्भुतरसको प्रबलता हुन्छ ।

(६) **प्रस्थानक-** दास नायक र दासी नायिका हुने, नाचगानको समावेश रहने दुईअङ्के उपरूपकलाई प्रस्थानक भनिन्छ ।

(७) **उल्लाप्य-** धार्मिक कथामा आधारित धीरोदत्त नायक हुने र चारवटी नायिका रहने, हास्य, शृङ्गार र करुण रसले भरिएको उपरूपकलाई उल्लाप्य भनिन्छ ।

(८) **काव्य-** हास्यात्मक कथामा आधारीत एकाङ्कीलाई काव्य भनिन्छ ।

(९) **प्रेङ्खण-** यो हीन कोटिको नायक हुने गर्भ र विमर्श सन्धि एवं सूत्रधारविनाको अनि विष्कम्भक र प्रवेशक पनि नहुने उकाङ्की हो ।

(१०) **रासक-** यो पाँच पात्र हुने, मुख र निर्वहण सन्धि हुने, भाषा विभाषा रहने, तर सूत्राधार नरहने एकाङ्की हो ।

(११) **संलापक-** यो चार वा तीन अङ्क हुने, पाखण्डी नायक भएको र शृङ्गार र करुणबाहेक अन्य रस रहने उपरूपक हो ।

(१२) **श्रीगदित-** यो प्रख्यात कथामा आधारित प्रख्यात धीरोदात्त नायक हुने एकाङ्की हो ।

(१३) **शिल्पक-** ब्राह्मण नायक हुने र चार वृति सहितको चार अङ्के उपरूपक हो ।

(१४) **विलासिका-** प्रख्यात कथामा आधारित शृङ्गाररस एकाङ्की विलासिका हो ।

(१५) **दुर्मल्लिका-** यो निचकुलको नायक हुने, सहरी जीवन चित्रित हुने, कौशिकी एवंभारती वृत्तिले युक्त चारअङ्के उपरूपक हो ।

(१६) **प्रकरणिका-** व्यापारी, पुरोहित र अमात्य नायक हुने, नाटिका जस्तो रचना प्रकरणिका हो ।

(१७) **हल्लीश-** उदात्तगुणी नायक हुने एकाङ्की हल्लीश हो । यसमा सात, आठ र दश स्त्री हुन्छन् र नाचगानको प्रमुखता रहन्छ ।

(१८) **भाणिका-** नीच नायक र उदात्त नायिका हुने, मुख र निर्वहण सन्धि भएको अनि कौशिकी र भारतीवृत्ति रहने रचना भाणिका हो (भण्डारी : २०६८ : पृ ३२६) ।

रूपकको उपर्युक्त सैद्धान्तिक चर्चा-परिचर्चाबाट के कुरा स्पष्ट हुन्छ भने काव्यका श्रव्य र दृश्य भेदसँग रूपक अभिन्नरुपले गाँसिएको हुन्छ । जसको अभावमा यी दुवै फाँटमा अभिव्यक्तिगतजटिलता पैदा हुन सक्छ ।

पाश्चात्य साहित्यमा रूपकको लागि पात्र छनोट, संवाद र कथावस्तुलाई अभिन्न तत्वहरुको रुपमा लिइन्छ । यी तीनैवटाको सम्मिश्रणले उत्तम नाटकको कल्पना गर्न सकिन्छ भनेर कार्ल.एच्.क्लउजले आफनो किताब इलिमेन्टस् अफ लिटरेचरमा डायलग, क्यारेक्टर्स र प्लटको चर्चा गरेका छन् ।

पूर्वीय साहित्यमा रूपकलाई विभाजन गर्ने प्रमुखकारकतत्व - (वस्तु, नेता र रस) आदिका बारेमा सैद्धान्तिक विश्लेषणकै क्रममा चर्चा भैसकेको छ । रूपकका कतिपय विधाहरुको विशलेषणको क्रममा थप तत्वहरुकोसमेत चर्चा भएको पाइन्छ । रूपक विधाको लागि आवश्यक पर्ने संरचक तत्वहरुमा कथावस्थु, पात्र, संवाद, भाषशैली, वातावरण र उद्देश्य पर्दछन् ।

प्रस्तुत अध्ययनको मुख्य कक्षा नौ र दशको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपकहरु -एकाङ्की, मनोवाद, वादविवाद र वक्तृता)को विश्लेषण गर्नु रहेकाले उक्त रूपकहरुको सैद्धान्तिक परिचयलाई यहाँ प्रस्तुत गरिएको छ ।

### १.१.३ एकाङ्की

#### १.१.३.१ परिचय

एक अङ्क मात्र भएको वा हुने, आफैँमा पूर्ण, छोटो नाटक, एक अङ्कमात्र हुने एक प्रकारको दृश्यकाव्यलाई एकाङ्की भनिन्छ । एकाङ्कीलाई नाटक भन्दा भिन्न र स्वतन्त्र नाट्य विधा मानिन्छ । एकाङ्कीलाई चिनाउने क्रममा प्रचलित विभिन्न परिभाषाहरुको समन्वय गरी यसमा निम्नलिखित परिभाषा प्रस्तुत गरिएको छ : 'कथ्यको एकोन्मुखता भएको आख्यानपरक, अभिनेय र संवादात्मक लघु रचनालाई एकाङ्की भनिन्छ । एकाङ्की भन्नाले एक अङ्क भएको नाटक बुझिन्छ । एकाङ्कीमा एउटै अङ्कमात्र हुन्छ । नाटकमा भने विभिन्न अङ्कहरु हुन्छन् । एकाङ्कीलाई विभिन्न अङ्कमा लेख्दा नाटक हुदैन फेरि नाटकलाई एक अङ्कमा लेख्दा एकाङ्की हुँदैन । त्यसैले नाटकको आफ्नै अस्तित्व छ एकाङ्कीको आफनै अस्तित्व हुन्छ ।

एकाङ्कीमा एउटै कार्य हुन्छ, एउटै उद्देश्य हुन्छ, एउटैमात्र स्थिति हुन्छ । यसैबाट यसको नाटकीय विकास हुन्छ । त्यसैले एकाङ्कीमा जीवनको एउटै पक्षको चित्रण हुन्छ, एउटै तथ्यको उद्घाटन हुन्छ र एउटै सत्यको विश्लेषण हुन्छ ।

नाटककार बालकृष्ण समको शब्दमा "यसमा (एकाङ्कीमा) एउटै विषय एउटै लक्ष्य र एउटै अङ्कमा दृश्य हुनु आवश्यक छ । एक र अनेकमा जति टुक्रा पनि हुन सक्दछ तर यसमा एकचोटि पनि नटुटेको सिङ्गो हुनुपर्छ- छोटो सानो भए पनि ।"

यसको भनाईअनुसार 'एकाङ्कीको स्वरुपमा र माध्यमको कठोर नियन्त्रणले गर्दा एउटै घटना वा स्थितिमा एकाङ्कीले विकसित रुप लिन्छ ।'

एकाङ्की लघु संरचना भएकाले आकारमा छोटो हुन्छ । लघुता यसको विशेषता र पहिचान हो । एकाङ्कीको अर्को खास पहिचान एकोन्मुखता हो । जीवनको एउटै पक्ष अथवा एउटै मूल विचार, भाव वा घटनासँग सम्बद्धतालाई नै कथ्यको एकोन्मुखता भनिन्छ । नाटक र एकाङ्की दुवै नै आख्यानात्मक, अभिनेय र संवादात्मक भए पनि एकोन्मुखताका कारणबाट दुवैको कथाकथन, अनुकार्य संयोजक र संवाद विधानमा मौलिक विभेद उत्पन्न हुन्छ । एकाङ्कीमा कथ्यको नितान्त एकता वा एकोन्मुखता हुने हुँदा सोअनुरुप कथानक, चरित्र, संवाद आदि उपकरणहरुको उपयोग र संरचक घटकहरुको बनोट-बुनोट गरिन्छ भने नाटकमा एकतामा पनि अनेकता हुने हुँदा सोअनुसार उपकरण र संरचक घटकहरु प्रयुक्त हुन्छन् ।

एकाङ्कीमा जीवनको क्रमबद्ध विवेचना नभएर, जीवनको एक पक्ष, एक महत्वपूर्ण घटना, एक विशेष परिस्थिति अथवा एक उद्दीप्त क्षणको चित्रण पाइन्छ ।

एकाङ्कीमा घटना, विषय र चरित्रको बिस्तार हुँदैन, केवल एक छेउ हुन्छ भन्ने विषयमा सिड्नी वक्सको विचार यसप्रकार रहेको छ - 'एकाङ्कीमा असम्बद्ध प्रसङ्ग, अप्रासङ्गिक घटना र निरर्थक पात्रको जमघट हुनु हुँदैन । कठोरतम अनुशासनको पालना गर्नुपर्ने हुनाले एकाङ्कीकारले एकाङ्कीको संलग्नता र उद्देश्योन्मुखतामा ध्यान दिनु आवश्यक छ ।

एकाङ्कीका घटनाक्रमको गति अग्रगामी वा प्रतिगामी जे भए पनि यसको समय पक्ष महत्वपूर्ण हुन्छ । यो जीवनको वास्तविकतादेखि धेरै टाढा हुन हुँदैन । जसको कारणले यो पूरै अस्वीकृत हुन नपरोस् ।

बालकृष्ण समले एकाङ्कीको गतिसँग घोडादौडको गतिको तुलना गरेका छन् । उनी भन्छन्- 'घोडा दौडको एक दौड जस्तो हो, जस्मा विश्राम हुनु हुदैन ।' जसलाई दर्शकहरु सासको गति रोकेर भने जस्तो आँखा झिम नगरेर भने जस्तो हेर्छन्, दौडको बीचमा उनीहरु जति कराउँछन, उनका मस्तिष्क अवाक् रहन्छन् । खेलको छिनाफाना भएपछि अथवा खेल खतम भएपछि मात्र ती संदिग्धको बाँधबाट खस्दछन् अनि खुकुलो भएर बगैंचामा जस्तो कुरा गर्छन् । २६ रूपक विधाअन्तर्गत पर्ने त्यस भेदलाई एकाङ्की भनिन्छ, जसमा एउटै मात्र अङ्क हुने हुनाले कथाझैं यसमा

पनि जीवनको एक खण्डको मात्र चित्रण गरिएको हुन्छ । यसमा एक अङ्कभित्र एक भन्दा बढी सामाजिक जीवनको एउटा मात्र झाँकीलाई प्रस्तुत गर्न सक्छ । कसैको स्वभाव, बानी व्यहोरा र रुपाकृतिको अभिनयात्मक स्वरुप एकाङ्कीबाट झल्कन्छ ।

उपर्युक्र परिभाषाहरुबाट सीमित र सङ्क्षिप्त आकारमा संरचित एक अङ्क, एक दृश्य र सीमित पात्रको अयोजना गरिएको जीवन जगत्को एकपक्षीय चित्रण एकाङ्की हो । डा. मोहन हिमांशु थापाले भनेझैँ एकाङ्कीको विषयमा एकता, कार्यमा तीव्रता, घटनामा क्षिप्रता भाषामा संलग्नता र संवेदनामा सुक्ष्मता हुनु आवश्यक छ ।

### १.१.३.२ एकाङ्कीका तत्वहरु

रूपक विधाका संरचक तत्वहरु नै एकाङ्कीका पनि हुन् । एकाङ्कीका प्रमुख संरचक तत्वहरुमा कथानक, पात्र, उद्देश्य, संवाद र भाषाशैली आदि हुन् भण्डारी : २०६८ : पृ ४६८) ।

### १.१.३.३ कथावस्तु

विभिन्न घटनाहरुको समुचित र सन्तुलित प्रस्तुति नै कथावस्तु हो । कथावस्तुमा घटनाहरुको सुनियोजित गठन र गुम्फन हुन्छ, कथावस्तुमा कलात्मकता र सु-सम्बद्धता हुन्छ । एकाङ्कीमा ज्यादै कम घटनाहरुको आवश्यक र सार्थक उपयोग हुनु अत्यावश्यक छ । एकाङ्कीमा एउटै मात्र मूल कथा हुन्छ । यसैलाई सार्थकता र महत्ता प्रदान गर्ने अरु दुई तीनवटा घटनाको मात्र समावेश गर्नु राम्रो हुन्छ । सङ्क्षिप्तताका लागि एकाङ्कीमा सङ्कलन त्रय (स्थान, समय र कार्य) को अन्विति हुनु पर्छ । वस्तुमा तीव्रता, पात्रमा क्रियाशीलता र संवादमा प्रभावकारीताले गर्दा पनि वस्तुको स्वरुप र गठन आकर्षक र सार्थक हुन्छ ।

### १.१.३.४ कथावस्तुको अवस्था

एकाङ्कीको कथावस्तुमा छिटोछरिटोपन हुनु अत्यावश्यक छ । यस आधारमा प्रारम्भ, विकास र अन्त्य -चरमोत्कर्ष) गरी कथाव्स्तुलाई तीन भागमा बाँड्न सकिन्छ ।

#### १.१.३.४.१ प्रारम्भ

एकाङ्कीको मूल पात्र र उद्देश्यको चिनारी हुन्छ अर्थात् एकाङ्कीको कथा र कथ्यको आधारभूमिको रुपमा प्रारम्भावस्थाको प्रस्तुत भएको हुन्छ । एकाङ्कीको आधारशीलाको संरचना प्रारम्भ अवस्थामै हुन्छ । असम्बद्ध र अनावश्यक सम्वाद्धारा एकाङ्कीको प्ररम्भ हुँदैन, कार्यान्मुखतामा आधारित र केन्द्रित हुनु आवश्यक छ । एकोन्मुखता, सक्रियता र तीव्रतापूर्ण प्रारम्भ नै एकाङ्कीको विशेषता र सफलता हो ।

### १.१.३.४.२ विकास

एकाङ्कीको घटनाको क्रिया-प्रतिक्रिया हुन्छ, विभिन्न स्थापनाको द्वन्द्व-प्रतिद्वन्द्व हुन्छ र भावनाको घात-प्रतिघात हुन्छ । घोडादौडको सन्दर्भमा घोडादौड छोडेको र अडेको बीचको अवस्था नै एकाङ्कीको विकासावस्था हो । एकाङ्कीको यस अवस्थामा प्रक्षयकहरुको चेतना र संवेदना उद्दीप्त अवस्थामा पुग्दछ । 'यो यस्तो एउटा मोड हो, जहाँ प्रप्ति-अप्राप्ति, सुख-दुःख, आशा-निराशा आदिको द्वन्द्वात्मक स्थिति हुन्छ' यसैलाई नै विकासावस्था भनिन्छ ।

### १.१.३.४.३ अन्त्य

यस अवस्थामा एकाङ्कीको क्रियाकलाप वा घटना तीव्रतम स्थितिमा पुग्दछ, अर्थात द्वन्द्वात्मक स्थिति उत्कर्षमा पुगेर टुङ्गिन्छ । यो घोडादौडको अन्तिम लक्ष्यस्थल हो । अन्तिम लक्ष्यस्थलमा पुगेपछि पनि घोडाको शारीरिक र मानसिक स्थिति तनावपूण नै रहन्छ । त्यस्तै एकाङ्कीको अश्वादनपछि पनि प्रेक्षक वा पाठकको संचेतना र संवेदनाका साथै जिज्ञासावृत्ति पनि उद्दीप्त अवस्थामै हुन्छ । यस अवस्थामा एकङ्कीको सम्पूर्णरुप प्रकट भएको हुन्छ । यस्तो स्थिति सिर्जना हुनु एकाङ्कीको सफलता हो ।

### १.१.३.४.४ पात्र

पात्र एकाङ्कीका दोस्रो महत्वपूर्ण तत्व हो । नाटकमा अभिनय गर्ने व्यक्ति : अभिनेता, नट अर्थात् काव्यनाटक आदिमा चरित्रको वर्णन गरिएको नायक-नायिका वा अन्य कुनै व्यक्तिलाई पात्र भन्निछ । नाटकमा चरित्र-चित्रणलाई मूलभूत तत्वको रुपमा लिइन्छ । नाटक एउटा मिश्रित कला भएकोले दृश्य वा प्रत्यक्ष र अभिनेय रुपमा हुन्छ । नाटकमा वस्तुको विश्लेषण, विषयको प्रतिपादन र पात्रको चरित्र चित्रणको मूल आधार नै पात्र र पात्रले प्रयुक्त गर्ने संवाद नै हो । यस दृष्टिले पनि नाटकमा पात्रको महत्वपूर्ण र अनिवार्य भूमिका हुन्छ ।

एकाङ्की वा नाटकमा रहने संवादमा निम्नलिखित गुणहरु हुनु जरुरी छः एक पात्रको भनाई र अर्को पात्रको भनाईमा सम्बद्धता तथा सिलसिला मिलेको हुनुपर्छ । अन्तक्रियाका लागि चाहिएजति मात्र पात्रको संलग्नता हुनुपर्दछ । पात्रानुसारको भाषा प्रयोग गर्नुपर्छ । संवाद प्रत्युत्तरात्मक वा प्रतिक्रियात्मक, ठिक्क लमाइको सटीक रोचक र प्रभावकारी हुनुपर्दछ । समग्र नाटकमा मञ्चनपक्ष पनि महत्वपूर्ण हुने भएकाले संवादको सम्बन्ध अभिनेता अभिनेत्री (पात्रपात्रा) सँग मात्र नभएर दर्शन, निर्देशक र स्वयम् लेखकसँग पनि हुन्छ ।

एकाङ्कीमा थोरै तर आवश्यक पात्र हुनुपर्छ । कम पात्रको समावेशले एकाङ्कीलाई आवश्यक संक्षिप्तता, परिमितता र गतिशीलता प्रदान गर्दछ । एकाङ्कीमा समावेश भएका पात्रले कथालाई गतिशील बनाउन र एकोन्मुखतासँग सम्बद्ध गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

एकाङ्कीमा चार पाँच भन्दा बढी पात्र हुनु हुँदैन । दुई प्रमुख पात्र र अरु दुई तीन जना गौण पात्र भए यथेष्ट हुन्छ । एकाङ्कीको मूल पात्र जीवन्त र सशक्त हुनुपर्छ । पात्रको आगमन र प्रस्थानक्रमले एकाङ्कीमा गति प्रदान गर्न सक्ने क्षमता हुनु आवस्यक छ । हृदयचन्द्रसिंह प्रधानको शब्दमा "पाइला-पाइलामा पात्रहरुलाई अधीनमा राख्न खौज्नु पंगु बनाउनु मात्र हो।" एकङ्कीमा चरित्र चित्रणको लागि संवाद नै एक मात्र मूल आधार हुन्छ । संवादपछि एकाङ्कीमा घटेका घटना, पात्रको आफनो मनस्थिति, आफैंले आफैंमाथि गरेको टिप्पणी, एकले अर्कोमाथि गरेको टिप्पणी पनि चरित्रचित्रणका लागि एउटा आधार हुन्छ । यी सबै आधारको माध्यम संवाद नै हो । यसर्थ एकाङ्कीलाई जीवन्त र गतिशील बनाउन पात्रहरुको भूमिका महत्वपूर्ण हुन्छ ।

### १.१.३.४.५ वातावरण

आासपासको प्रत्यक्ष वा अप्रत्यक्षरुपले प्रभाव पार्ने अवस्था वा परिस्थितिलाई वातावरण भनिन्छ । भौतिक र मानसिक आधारभूमि नै वातावरण हो । जसरी मानव जातिको पनि देशकाल हुन्छ, त्यसरी नै एकाङ्कीकोपनि आफनै देशकाल हुन्छ । एकाङ्कीको लागि प्रयुक्त हुने वातावरण एकाङ्कीको सामाजिकता र मानसिकताको अनुकूल हुनु आवश्यक छ । वातावरण अनुसार एकाङ्कीको संरचना भएन भने एकाङ्की सहज र संवेध हुँदैन । प्रक्षक वा पाठकले एकाङ्कीका पात्रहरुसँग तादात्म्य भाव स्थापित गर्न सक्तैन । त्यसैले एकाङ्कीमा प्रयुक्त भेशभूषा, भाषा, अभिव्यक्ति, परिस्थिति र मनस्थिति प्रस्तुत गरिएको वातावरण अनुकूल हुनु आवशयक छ ।

घटना, पात्र, दृश्य, चरित्रलाई प्रष्ट्याउन देश काल सामाजिक र सांस्कृतिक परिवेशको प्रस्तुतिकरण नै वातावरण हो । एकाङ्कीअनुरुप वातावरण विश्वसनयि बनाउनका लागि त्रयान्विति ( स्थान, समय र कार्य) अन्तर्गत समयन्विति (समय र निरन्तरता) र स्थानान्विति (घटना र क्रियाकलाप एउटै ठाउँमा सीमित र केन्द्रित हुनु) को निर्वाहले एकाङ्कीमा वाञ्छित प्रभाव पार्न सक्छ ।

यसरी मानव समाज नै अभिव्यक्तिको आधारभूमि हो । साहित्य मानव जस्तै समाजमै जन्मिएको हुन्छ, समाजमै हुर्किएको हुन्छ, त्यसैले साहित्य र समाजको घनिष्ट सम्बन्ध रहेको हुन्छ, यही अनुकूल एकाङ्कीको वातावरण हुनुपर्छ ।

### १.१.३.४.६ उद्देश्य

कुनै खास कामकुरामा प्रवृत्त गराउने मनोभाव, केही भन्न वा गर्न प्रवृत्त गराउने भाव वा विचार, इच्छा, कामना अर्थात् चाहाना गरिएको काम, पदार्थ वा विषय, लक्ष्य, ध्ययेलाई उद्देश्य भनिन्छ ।

रङ्गमञ्चीय दृष्टिले एकाङ्की पनि एउटा कला हो । जसरी कलाको आफनो मूल्य हुन्छ त्यसरीनै एकाङ्कीकलाको पनि आफनै मूल्य र अर्थ हुन्छ । यही अर्थको खोज र मूल्यको स्थापना नै एकाङ्कीको अभीष्ट उद्देश्य हो । उही उद्देश्य नै एकाङ्कीको भावपक्ष हो ।

आाधुनिक एकाङ्कीको विषयवस्तुबाट पाठक वा दर्शकले जस्तो भावनात्मक अनुभव गर्दछ, त्यसैमा एकाङ्कीको पनि उद्देश्य अन्तर्निहित हुन्छ । एकाङ्कीले जीवनको कुनै मार्मिक क्षण, जटिलता वा समस्या आदि पक्षयहरुको प्रस्तुत गरेर पाठक-दर्शकलाई मानवजीवनको केही नयाँ अनुभव गराउने लक्ष्य लिएको हुन्छ ।

एकाङ्कीमा जीवनको मार्मिक क्षण, नाटकीय स्थिति, संवेध घटना र जगत्प्रति एकाङ्कीको आफनै प्रकारको हेराई र सोचाई हुन्छ ा यसैको केन्द्रीयमा लेखकको भावभूमिका स्थापना हुन्छ । यसै भावभूमिका एकाङ्कीको संरचना हुन्छ । एकाङ्कीको चरित्र, घटना र परिवेश आदिको माध्यमद्धारा एकाङ्कीकारको चिन्तनधारा समुचितरुपमा प्रवाहित हुन्छ । एकाङ्कीको शिल्पविधिमा पनि नवीनता र चमत्कारिताले गर्दा यसको भाव-भूमि आकर्षक र सार्थक हुन्छ । कलापूर्ण र प्रभावपूर्ण प्रस्तुतिले गर्दा शाश्वत मूल्यको स्थापना हुन्छ । यसरी एउटै उद्देश्य प्राप्तिका लागि आदिदेखि अन्त्यसम्म एकाङ्कीका सम्पूर्ण कला-कौशल प्रयत्नरत रहन्छन् ।

### १.१.३.४.७ संवाद

नियन्त्रित विषयवस्तुहरु वा परिस्थितिमा गरिने कुराकानी, बोलाइ आदि शिक्षणको एक पद्धति, परस्परको कुराकानी, वार्तालाप आदिलाई संवाद भनिन्छ ।

समाचार (सञ्चार), परस्पर वार्तालाप, गरेको कुराको मेल (कुरा नफाट्नु) लाई संवाद भनिन्छ ।

संवाद एकाङ्कीको आधारभूत तत्व हो । संवादकै माध्यमद्धारा एकाङ्कीको कथात्मक गठन हुन्छ, पात्रको चरित्र चित्रण हुन्छ र प्रतिपाध विषयको प्रस्तुतिकरण हुन्छ । एकाङ्कीकारलाई चरित्रचित्रण, विश्लेषण र प्रस्तुतिकरणका लागि केवल संवादमै भर पर्नु पर्दछ ।

रचाकारले आफना दृष्टिकोण, भावना र विचार प्रकट गर्न तथा चरित्र चित्रण गर्न पात्रका बीचमा गराइने वार्तालाप वा कुराकानी संवाद हो । संवादलाई कथोपकथन पनि भनिएको छ ।

कथामा भन्दा यसमा (एकाङ्की) पात्रको आयतन र सीमा निकै बढी रहेको हुन्छ । किनभने यसमा पात्र र तिनीहरुको संवादबाटै कथावस्तुको निर्माण गरेर सङ्गति स्थापना गर्नुपर्ने भएकाले यसलाई कठिन प्रकारको विधा वा नाट्यकला भनिन्छ ।

यसरी संवाद साहित्यका अन्य विधाबाट नाटक र एकाङ्कीलाई अलग बनाउने महत्वपूर्ण तत्व हो । एकाङ्कीको संवाद उपयुक्त र सार्थक हुनु आवश्यक छ । असम्बद्ध र अनावश्यक संवाद प्रयोगले एकाङ्कीको लागि आवश्यक क्रियाशीलता र तीव्रतामा आघात पुऱ्याउँछ । एकाङ्कीमा प्रयुक्त हुने संवाद सरल, सरस र सङ्क्षिप्त हुनुपर्छ, स्वभाविक र प्रभावोत्पादक हुनुपर्छ । सङ्क्षिप्तता, सरलता, सरसता र स्वभाविकता नै संवादका विशेषता हुन् ।

## १.२ समस्या कथन

प्रस्तुत शोधपत्र निम्नलिखित समस्याहरुमाथि अध्ययन केन्द्रित रहेको छ :

क) भाषापाठ्यक्रमको उद्देश्य अनुरुप भाषा पाठ्यपुस्तकमा रूपक विधा समावेश गरिएको छ कि छैन ?

ख) भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई पाठ्यपुस्तकमध्ये कुनचाहिँ बढी उपयोगी छ ?

ग) कक्षा ९ को पुरानो नेपाली भाषा पाठ्यपुस्तक (२०६५) र कक्षा ९ को नयाँ नेपाली पाठ्यपुस्तक (२०७२) भित्र समाविष्ट रूपक विधाका सबल र दुर्बल पक्षहरू के - के हुन् ?

## १.३ अध्ययनको औचित्य

प्रस्तुत अध्ययन कक्षा ९ को पुरानो नेपाली भाषा पाठ्यपुस्तक (२०६५) र कक्षा ९ को नयाँ नेपाली पाठ्यपुस्तक (२०७२) मा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययनले अध्ययन अध्यापनमा संलग्न व्यक्तिहरू तथा विशेषगरी नेपाली भाषा शिक्षणमा संलग्न व्यक्तिहरूलाई अध्ययन कार्यमा सहयोगी सामग्रीका रूपमा प्रयोग गर्न उपयोगी रहेको छ । यसका साथै रूपक विधाको अध्ययन गर्न चाहनेहरूका लागि आधार सामग्री बनेको छ । यतिमात्र नभएर शिक्षाविद्, पाठ्यक्रमविद्, भाषाविद् जस्ता व्यक्तिहरूलाई पनि पाठ्यक्रम निर्माणार्थ रूपक विधा सम्बन्धी आवश्यक सामग्रीका रूपमा उपयोगी रहेको छ । तसर्थ प्रस्तुत शोधपत्र स्वत : औचित्य तथा महत्वपूर्ण रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू यस प्रकार छन् :

) पाठ्यक्रमअनुरूपका आधारमा रूपक विधाको विश्लेषण गर्नु,

- भाषिक सीपका दृष्टिले उक्त भाषा पुस्तकहरूमध्ये कुनचाहिँ बढी उपयोगी छ पत्ता लगाउनु,
- यी दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका सबल र दुर्बल पक्षहरू केलाई निष्कर्षसहित उपयुक्त सुझाव दिनु,

## १.५ अध्ययनको सीमाङ्कन

प्रस्तावित शोधलाई निम्नअनुसारका बुँदाका आधारमा सीमाङ्कन गरिएको छ :

- प्रस्तुत अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा लागु गरिएको कक्षा ९ को पुरानो (२०६५) र नयाँ (२०७२) भाषापाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको अध्ययनमा सीमित रहेको छ ।
- यो अध्ययन दुई पाठ्यपुस्तकमा समाविष्ट संवाद र वक्तृताको विषयवस्तु, पात्र वा चरित्र, संवाद, परिवेश, भाषाशैली, उद्देश्य, शीर्षक, संरचना, वाक्ता र तार्किकताको तुलना, व्याख्या, विश्लेषणमा आधारित छ ।
- यो अध्ययनमा रूपक विधा अन्तर्गत पर्ने संवाद र वृक्तृताको मात्र अध्ययन गरिएको छ ।
- यो अध्ययन दुई पाठ्यपुस्तकमा समाविष्ट रूपकविधाको उपयुक्तता, सान्दर्भिकता र वैद्यतामा आधारित रहेको छ ।

## १.६ पारिभाषिक शब्द

यस अनुसन्धानमा प्रयोग गरिएका शब्दहरुको अर्थ निम्न अनुसार हुनेछ :

**भाषापाठ्यपुस्तक** : भाषापाठ्यपुस्तक भन्नाले भाषिक सीप शिक्षणमा उपयोग गरिने पाठ्यपुस्तक

**सामग्री** : सामग्री भन्नाले शिक्षण सिकाइलाई सहज बनाउने उपकरण

**भाषा शिक्षण** : भाषिक सीप सिकाउन प्रयोग गरिने सम्पूर्ण प्रक्रिया

**विधा** : विधा भन्नाले कथा, कविता, उपन्यास, निबन्ध, चिठी र रूपक

**अनुसन्धान** : नयाँ विषयको खोजी गर्ने काम ।

**पुस्तकालयीय विधि** : सम्बन्धित विषयमा केन्द्रित भएर पुस्तकालयमा गएर गरिने अध्ययन विधि,

**१.७ शोधपत्रको रुपरेखा**

अध्याय एक : परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा सैध्दान्तिक/धारणात्मक संरचना

अध्याय तीन : अध्यायको संरचना

अध्याय चार : व्याख्या र विश्लेषण

अध्याय पाँच : निष्कर्ष र सुझावहरु

# अध्याय : दुई

# पूर्व कार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

साहित्यका विभिन्न विधाहरु मध्ये रूपक विधा पनि एक हो । भाषा सिकाइका क्रममा यसको भूमिका महत्वपूर्ण देखिन्छ । यस विधाका बारेमा थुप्रै लेखक तथा समीक्षकहरुले चर्चा परिचर्चा गरेको पाइन्छ । विद्यालय तहका पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधाहरुका बारेमा अध्ययन अनुसन्धान भए जस्तै रुपक विधालाई पनि लिएर अनुसन्धान भएको पाइन्छ । विगतमा जे-जति कार्यहरु भएका छन् ती कार्यहरुलाई आधार मान्दै अध्ययन कार्य अघि बढाउनु सान्दर्भिक रहेकाले प्रस्तुत विषयसँग सम्बन्धित यस भन्दा अघिका अध्ययनहरुलाई कालक्रमिक रुपमा निम्न प्रकारले प्रस्तुत गरिएको छ ।

पौड्याल (२०५५) द्वारा तयार पारिएको शोधपत्र **माध्यमिकतहमा पुरानो पाठ्यपुस्तक महेन्द्रमाला र वर्तमान समयको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन** शीर्षकमा छनोट गरिएका रूपक विधा विद्यार्थीको रूचि, स्तर, तह अनुसार भए-नभएको पत्ता लगाउनु, दुई पाठ्यपुस्तकमा समाविष्ट विधाहरूको समानता असमानता खोजी गर्नु र दुई विधाका बिचमा देखिएका सबल तथा दुर्बल पक्ष केलाई उपयुक्त सुझावसहित निष्कर्ष दिनु उद्देश्य राखेर तयार पारिएको शोधपत्रमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । दुई पाठ्यपुस्तकका बीचमा तुनला गर्दा विद्यार्थीको रूचि, उमेर, तह अनुसार रूपक विधा समावेश गर्न नसकेको, महेन्द्रमालाभन्दा वर्तमान नेपाली पाठ्यपुस्तकमा रूपक विधालाई प्रभावकारी बनाउने प्रयास गरिएको निष्कर्ष निकालिएको छ ।

खनाल (२०५६) द्वारा तयार पारिएको शोधपत्र **कक्षा ८ को 'हाम्रो नेपाली किताबमा' मा समाविष्ट रूपक विधाको विश्लेषणमा रूपक विधाको सैद्धान्तिक विश्लेषण** गरिएको छ । यस शोधपत्रमा निम्नमाध्यमिक तहको भाषापाठ्यक्रमले यस तहमा अध्ययनरत बालबालिकाहरूको भाषिक सीप विकासमा रूपक विधासँग सम्बन्धित पाठहरूबाट राखिएका अपेक्षित उद्देश्यका आधारमा पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधासँग सम्बन्धित पाठहरूको व्याख्या विश्लेषण गर्दै सबल र दुर्बल पक्ष केलाई आवश्यक सुझावहरू समेत दिइएको छ ।

खनाल (२०५७) द्वारा **कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट रूपक विधाको विश्लेषणात्मक अध्ययन** शीर्षकमा शोध कार्य गरेको पाइयो । रूपक विधाको सैद्वान्तिक आधारमा विश्लेषण गर्नु, रूपक विधाका आधारमा पाठको व्याख्या विश्लेषण गर्नु जस्ता उद्देश्य राखिएको

यस अध्ययनमा पुस्तकालय विधि, खोज तथा सामाग्री सङ्कलन विधि प्रयोग गरिएको छ । यस अध्ययनमा रूपक विधाका आधारमा पाठकहरुको व्याख्या विश्लेषण गर्दै तिनका सबल तथा दुर्बल पक्षको जानकारी गराइएको छ । यस अध्ययनमा कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रुपक विधाको समय सन्दर्भअनुसार उचित रहेको निष्कर्ष निकालिएको छ । कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको विश्लेषण गरिएको यस अध्ययनले कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको रूपकको शब्दभण्डार, संरचना, विषयवस्तु आदिका दृष्टिले अध्ययन विश्लेषण गर्न सकेको पाइएन ।

पण्डित (२०६१) द्वारा **कक्षा तीनको मेरो नेपाली किताव र सजिलो नेपाली मालामा प्रयुक्त शब्दभण्डारको तुलनात्मक अध्ययन** शीर्षकमा शोध कार्य गरिएको पाइयो । दुईवटा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको शब्दवर्गका आधारमा वर्गीकरण र विश्लेषण गर्नु ती शब्दहरुको स्रोत पत्ता लगाउनु उद्देश्य रहेको यस अध्ययनमा पुस्तकालय र तुलनात्मक विधिको प्रयोग गरेको पाइयो । नामपदहरुलाई विश्लेषण गरी हेर्दा सजिलो नेपाली माला पहिलो स्थानमा रहेको तथा विश्लेषण शब्दहरु अन्तर्गत मेरो नेपाली कितावमा ११७ बटा विशेषण शब्दहरुको प्रयोग गरिएको निष्कर्ष यस अध्ययनले निकालेको छ । कक्षा ३ का पाठ्यपुस्तक सँग सामान्यीकरण नसकिने भएकाले यो अध्ययनको सीमा रहेको छ ।

गौतम (२०६५) द्वारा तयारपारिएको शोधपत्र **कक्षा ७ का 'हाम्रो नेपाली किताब र मेरो नेपाली माला' भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययनमा निम्नमाध्यमिक तहको भाषा पाठ्यक्रम र रूपकविधाको सैद्धान्तिक परिचय** दिइएको छ । यस शोधपत्रमा कक्षा ७ का एकै समयका एउटै पाठ्यक्रममा आधारित अलग-अलग दुई पाठ्यपुस्तकहरू **हाम्रो नेपाली किताब र मेरो नेपाली माला** भित्र समावेश गरिएका रूपक विधाका पाठ्यसामग्रीहरूको तुलनात्मक विश्लेषण गर्नुका साथै दुबै पाठ्यपुस्तकमा समाविष्ट रूपकहरूको सबल तथा दुर्बल पक्षहरू दर्शाउदैं निष्कर्ष र सुझाव समेत दिइएको छ । यसैगरी शिक्षाशास्त्र सङ्कायबाट तयार गरिएका अन्य शोत्रपत्रहरू साहित्यका अन्य विधाहरूसँग सम्बन्धित रहेपनि अप्रत्यक्ष रूपमा विधाका बारेमा कतै-कतै चर्चा गरेको पाइन्छ ।

सुवेदी (२०६९) द्वारा तयार पारिएको **कक्षा पाँचको सजिलो नेपाली माला र मेरो नेपाली पाठ्यपुस्तक** भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययनमा विद्यार्थीको स्तरअनुरूप पाठ्यपुस्तकमा रूपक विधा समावेशको स्थितिको अध्ययन, दुई पाठ्यपुस्तकमा समावेश गरिएका रूपक विधाहरू विद्यार्थीको रूचि चाहना अनुरूपताको अध्ययन र उक्त दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका सबल तथा दुर्बल पक्ष पत्ता लगाई उपयुक्त सुझाव दिनु उद्देश्य राखेर

तयार पारिएको शोधपत्रमा मेरो नेपाली किताबमा २२ ओटा पाठमध्ये ३ ओटा संवाद राखिनु त्यसैगरी 'सजिलो नेपाली मालामा २५ ओटा पाठमा २ ओटा संवाद राखिनु नेपाली किताबमा २२ ओटा पाठमध्येमा तीन ओटा मात्र रूपक विधा समावेश गरिनु त्रुटिपूर्ण रहेको, दुबै पाठ्यपुस्तक भित्र समाविष्ट एक विधामध्ये विद्यार्थी रूचि, चाहना र स्तर अनुसार 'मरो नेपाली किताब भन्दा सजिलो नेपाली तुलनात्मक रूपमा बढी उपयोगीरहेको निष्कर्ष निकालिएको छ ।

पौडेल (२०६८) द्वारा तयार पारिएको **कक्षा ६ को हाम्रो नेपाली किताब र सजिलो नेपाली माला** भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन' शीर्षक शोधपत्रमा भाषापाठ्यक्रमको उद्देश्यका आधारमा दुई भाषापाठ्यपुस्तकहरूमा समाविष्ट रूपक विधाको उपयुक्तताको विश्लेषण गर्नु, भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई भाषा पाठ्यपुस्तकमा रहेका रूपक विधाका सबल तथा दुर्बल पक्षहरू केलाई उपयुक्त सझावसमेत दिने उद्देश्य राखिएको छ । यस अध्ययनमा पुस्तकालयीय विधिको प्रयोगबाट सङ्कलित सामग्रीहरूलाई व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरेर निष्कर्ष निकालिएको छ । यस शोधमा एकाङ्कीलाई निम्नमाध्यमिक तहमा समावेश गर्न नसकेको र विद्यार्थीको स्तर अनुसार रूपकविधाभित्र राखिएका पाठ्यसामग्री कमसल रहेपनि अन्य पक्ष राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

भण्डारी (२०६८) द्वारा **कक्षा ६ का हाम्रो नेपाली किताव र नयाँ नेपाली शृङखला भित्र समाविष्ट रूपकहरुको अध्ययन** शीर्षकमा शोध कार्य गरेको पाइयो । भाषा पाठ्यक्रमका उद्देश्यका आधारमा कक्षा ६ का भाषा पाठ्यपुस्तकहरुमा समाविष्ट रूपक विधाको उपयुक्तताको विश्लेषण गर्नु, पाठको आयाम र विषयवस्तु प्रयोगका दृष्टिले उक्त दुई पाठ्यपुस्तक मध्ये कुन बढी स्तरीय र उपयुक्त छ भन्ने कुरा पत्ता लगाउनु जस्ता उद्देश्यहरुका आधारमा यो अध्ययन अघि बढेको पाइयो । यस अध्ययनमा सामाग्री सङ्कलन विधि र अध्ययन विश्लेषण विधिको प्रयोग गरिएको छ । हाम्रो नेपाली पाठ्यपुस्तक भित्रका पाठहरुको आयाम विद्यार्थीको स्तर सुहाँउदो नै रहेको त्यस्तै नयाँ नेपाली शृङखला भित्र समाविष्ट रुपक विधाका पाठहरुको कक्षागत स्तर र विद्यार्थीको उमेर र कक्षा ६ को क्षमता भन्दा बढी रहेको निष्कर्ष निकालिएको यस अध्ययनले भाष्कि सीप शिक्षणका दृष्टिले कक्षा ७ को पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको कुनै कुरा नउठाएकाले यो नै यसको सीमा रहेको छ ।

भट्टराई (२०६९) द्वारा **कक्षा ७ को हाम्रो नेपाली किताव र नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट रूपकहरुको तुलनात्मक अध्ययन** शीर्षकमा शोध कार्य गरेको पाइयो । पाठ्यक्रम अनुरुपताका आधारमा पाठ्यपुस्तकको विश्लेषण गर्नु, भाषिक सीप शिक्षणका दृष्टिले उक्त दुई पाठ्यपुस्तकमा समाष्टि रूपक विधा उपयुक्त भए नभएको अध्ययन गर्नु, उक्त दुई पाठ्यपुस्तकहरुका सबल तथा

दुर्बल पक्ष पत्ता लगाउनु जस्ता उद्देश्यहरुका आधारमा गरिएको यस अध्ययनमा सामग्री सङ्कलन विधि र तुलनात्मक विधि प्रयोग गरिएको छ । यी उद्देश्यहरुका आधारमा नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट रूपक विधा कक्षागत स्तर विद्यार्थीको रुचि, क्षमता तथा आवश्यकता भन्दा उच्च रहेको त्यस्तै पाठको स्तरण उपयुक्त नदेखिएको आदि जस्ता निष्कर्ष निकालिएको छ । यस प्रकार कक्षा ७ को हाम्रो नेपाली किताव र नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट रुपकहरुको तुलनात्मक अध्ययन शीर्षकमा केन्द्रित रही अध्ययन विश्लेषण गरेपनि कक्षा ७ को हाम्रो नेपाली कितावमा समाष्टि रूपकहरुको अध्ययन गरेको पाइएन ।

नेपाली (२०७०) द्वारा **भाषिक सीप शिक्षणका दृष्टिले माध्यमिक तहमा समाविष्ट रूपक विधाको अध्ययन** शीर्षकमा शोध कार्य गरेको पाइयो । उक्त अध्ययनमा रूपक विधाको सैद्वान्तिक पृष्ठभूमिको समीक्षात्मक रूप प्रस्तुत गर्नु, कक्षा ९ र १० मा समावेश गरिएका रूपक विधाको विश्लेषण गर्नु, विद्यार्थीको रूचि, क्षमता र स्तर अनुरुपताका आधारमा रूपक विधाको पहिचान गर्नु, जस्ता, उद्देश्यहरु राखिएको छ । यस अध्ययनमा सामग्री सङ्कलन विधि तथा अध्ययन विश्लेषण विधिहरुको प्रयोग गरिएको छ । अन्य विधाको तुलनामा रूपक विधा एक रोचक र प्रभावकारी विधाको रूपमा देखिएको रूपक विधाको पाठ र नमूना अभ्यास बीच आवश्यक तालमेल देखिएको, भाषिक सीपका साथै अन्य सीप पनि उत्तिकै हाँसिल गराउन सकिने पाठहरु माध्यमिक तहमा समावेश भएको निष्कर्ष यस अध्ययनले निकालेको छ । यी उपलब्धि रहेको भए पनि माध्यमिक तहका सन्दर्भमा गरिएको यो शोधपत्रका प्राप्तिहरु कक्षा ७ का विद्यार्थीहरुमा सामान्यीकरण गर्न सकिदैन ।

## २.२ पूर्वकार्यको उपयोगिता र कार्यान्वयन

रूपक विधाको तुलनात्मक अध्ययनका सन्दर्भमा प्रावि, निमावि तहका भाषापाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन शीर्षकमा शोधपहरू प्रसस्त तयार भएका छन् । विशेषत : यी अनुसन्धानात्मक कार्यले विद्यार्थीको रूचि, स्तर, चाहना, अनुरूप रूपक विधा नराखिएको, पाठ सङ्ख्याका आधारमा रूपक विधाको सङ्ख्या कमी भएको रूपक विधा रखाइँको शृङ्खला नमिलेको तथा निमावितहमा पनि एकङ्की समावेश हुनुपर्ने त्यो हुन नसकेको जस्ता कमिकमजोरीहरू देखाए पनि त्यसको सुधारकालागि उपयुक्त सुझाव दिन सकेका छैनन् । प्रावि, निमावि तहमा प्रसस्तमात्रामा रूपक विधाको तुलनात्मक अध्ययन भएको पाइदैँन । तल्ला तहमा भएका अनुसन्धानकार्यबाट माथिल्लो तहको अनुसन्धानकार्यका लागि सान्दर्भिकता, उपयुक्तता, रूचिपूर्णता र निरन्तरताको अध्ययन गर्ने आधार भने प्राप्त गर्न सकिन्छ ।

यसरी रूपक विधाको तुलनात्मक अध्ययन प्रावि तथा निमावि तहका पाठ्यपुस्तक भित्र समाविष्ट रूपकहरूको प्रसस्त भए पनि माध्यमिक तहको पुरानो नयाँ नेपाली भाषा पाठ्यपुस्तक (२०६५) र कक्षा ९ को नयाँ नेपाली भाषा पाठ्यपुस्तक (२०७२) भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन कतै नभएकोले प्रस्तुत शोधपत्र नितान्त मौलिक कृति भएको छ ।

यस शोत्रपत्रका लागि भाषा शिक्षणका भाषा पाठ्यपुस्तक, भाषा पाठ्यक्रमलाई मुख्य सहयोगी पुस्तकका रूपमा लिइएको छ । पुरक सामग्रीका रूपमा अन्य शोधपत्र, विभिन्न लेख रचना, तथा भाषाविद्हरूद्वारा लेखिएका भाषा पाठ्यपुस्तकहरू पनि त्यतिकै सहयोगी रहेका छन् ।

**२.३ सैद्धान्तिक संरचना**

प्रस्तुत शोत्रपस्ताव कक्षा ९ को पुरानो नेपाली भाषापाठ्यपुस्तक (२०६५) र कक्षा ९ को नयाँ नेपाली पाठ्यपुस्तक (२०७२) भित्र समाविष्ट रूपकविधाको तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनबाट माध्यमिक तह कक्षा ९ का दुई नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको स्थितिको अध्ययन र (पाठ्यक्रम अनुरूप भए-नभएको) भाषिक सीप विकासका दृष्टिले दुई पाठ्यपुस्तकहरूमध्ये कुनचाहिँ बढी भन्ने पत्ता लगाई सान्दर्भिक रहेको तथा दुई पाठ्यपुस्तकमा समावेश भएका रूपक विधाहरूका सबल तथा दुर्बल पक्ष केलाई उपयुक्त सुझाव समेत दिइएको छ ।

प्रस्तुत शोधकार्यलाई सफल बनाउनका लागि प्राडा हेमाङ्गराज अधिकारीद्वारा लिखित नेपालीभाषा शिक्षण (२०३९) र प्राडा हेमाङ्गराज अधिकारी र केदार प्रसाद  शर्माद्वारा लिखित प्रारम्भिक नेपाली शिक्षण (२०५५) पुस्तकलाई प्रमुख आधार बनाइएको छ । यसका साथै माध्यमिकतहको वर्तमान पाठ्यक्रम र पाठ्यपुस्तकलाईसमेत आधार बनाएर निष्कर्ष निकालिएको छ । यो शोधकार्य सम्पन्न गर्न पारसमणि भण्डारीद्वारा लिखित नेपाली भाषा र साहित्य शिक्षण (२०६७) पुस्तक पनि उपयोगी भएको हँदा यसको आधारमा पनि यो कार्य गरिएको छ । यसका अतिरिक्त माध्यमिक शिक्षा दिग्दर्शन भाग २ सँग सम्बन्धित विष्णु प्रसाद अधिकारीको पाठ्यपुस्तकलाई पनि साहयोगीका रूपमा लिइएको छ ।

# अध्याय : तीन

# अध्ययनको प्रक्रिया र विधि

## ३.१ अध्ययनको संरचना

प्रस्तावित अध्ययन सैद्धान्तिक प्रकृतिको भएकाले निर्धारित लक्ष्य र उद्देश्य प्राप्तिका लागि मूल रूपमा पुस्तकालय विधिको प्रयोग गरिने छ। पुस्तकालय विधिबाट सङ्कलित सामग्रीहरूलाई व्याख्यात्मक, विश्लेषणात्मक तथा तुलनात्मक विधिको प्रयोग गरेर निष्कर्षमा पुगिएको छ । यो शोधकार्य सिर्जनात्मक रूपमा सम्पन्न गर्न आगमन विधि निकै उपयोगी भएको ठहर्छ । यो अध्ययनमा पुस्तकायीय विधि, व्याख्या विश्लेषणात्मक विधि र निगमन विधिको पनि प्रयोग गरिएको छ। यो अध्ययन सैद्धान्तिक प्रकृतिको भएकाले गुणात्मक भएको छ।

## ३.२ जनसंख्या र नमुना

प्रस्तुत अध्ययनका लागि नमूना छनोटका रूपमा कक्षा ९ को पुरानो नेपाली भाषापाठ्यपुस्तक भित्र समाविष्ट रूपक विधा अन्तर्गत राखिएका 'अपाङ्गहरूप्रति हाम्रो दायित्व' (वक्तृता) र 'मानिस सबै एक हौँ' (संवाद) तथा नयाँ कक्षा ९ को नयाँ नेपाली भाषापाठ्यपुस्तकभित्र समाविष्ट 'मावन बेचबिखन विरूद्ध हाम्रो दायित्व' (वक्तृता) र महिला हिंसा (संवाद) लाई नमूनाका रूपमा लिइएको छ।

## ३.३ नमुना छनोट प्रक्रिया

पाठ्यपुस्तकमा समाविष्ट गरिएका विधाहरू पाठ्यक्रमले निर्धारण गरेका अद्देश्य परिपूर्ती गर्ने खालका छन् वा छैनन् पत्ता लगाउन, भाषिक सीप विकास गर्न कुन समयको पाठ्यपुस्तक प्रभावकारी हुने, तथा फरक-फरक समयका पाठ्यपुस्तकभित्र समाविष्ट विधाहरूको सबल तथा दुर्बल पक्ष केलाउन नमूनाका रूपमा कक्षा ९ को पुरानो पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधा अन्तर्गतका अपाङ्गहरूप्रति हाम्रो दायित्व (वकृता)' र 'मानिस सबै एक हौँ' (संवाद) तथा कक्षा ९ को नयाँ नेपाली पाठ्यपुस्तकभित्र समाविष्ट मानव बेचविखनविरूद्ध हाम्रो दायित्व (वकृता) र 'महिला हिंसा' (संवाद) लाई लिई प्रत्येक पाठको तुलना, व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन

यस अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। माध्यमिक तहको कक्षा ९ को पुरानो नेपाली भाषा पाठ्यपुस्तक (२०६५) नयाँ नेपाली भाषा

पाठ्यपुस्तक (२०७२) नेपाली भाषा पाठ्यक्रम (२०६४) लाई मुख्य सामग्रीका रुपमा लिइएको छ भने साहयक सामाग्रीका रुपमा भण्डारी पारसमणि द्वारा लिखित गद्य र नाटक (२०६७), लामिछाने यदवप्रसाद (२०६५) लाई लिइएको छ । पुस्तकालयमा गएर सम्बन्धित विषयका पाठ्यपुस्तक खोजेर अध्ययन गरेको हुँदा यस शोधमा विज्ञहरुसँगको छलफल र अन्तर्वार्तालाई अध्ययन सामग्रीका रुपमा लिइएको छैन ।

### ३.५ तथ्याङ्क सङ्कलनका प्रक्रिया

अनुसन्धान वैद्य, विश्वसनीय, बस्तु निष्ठ बनाउन उपकरण आवश्यक पर्दछ । प्रस्तुत शोधकार्य केही मात्रामा प्राथमिक स्रोतलाई सामग्री मानी कक्षा ९ को पुरानो तथा नयाँ पाठ्यपुस्तक तथा पाठ्यक्रमलाई प्राथमिक आधार सामग्री मानिएको छ । सामग्री सङ्कलनका लागि पुस्तकालयीय अध्ययन, पत्रपत्रिका, अनुसन्धानसँग सम्बन्धित पुस्तक तथा लेख रचना र विषयविज्ञ तथा शिक्षकहरूको राय सुझावलाई मार्गदर्शनका रूपमा लिई तयार पारिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

प्रस्तुत शोधविधि तथा प्रक्रिया मूलत : पुस्तकालयीय विधि, तुलनात्मक विधि र व्याख्या विश्लेषण विधिसमेत उपयोग गरिने छ । निम्न लिखित प्रक्रियाका आधारमा प्रस्तुत शोधकार्य अगाडि बढाइएको छ ।

- कक्षा ९ को पुरानो भाषापाठ्यपुस्तक (२०६५) तथा कक्षा ९ कै नयाँ नेपाली भाषा पाठ्यपुस्तक (२०७२) भित्र समाविष्ट रूपक विधा अन्तर्गत राखिएको पाठहरूको सरल एवम् संक्षिप्त रूपमा विश्लेषण गरिएको छ ।
- विश्लेषण पाठ्यक्रम अनुरूपताका आधारमा भएको छ ।
- भाषाविद् तथा विभिन्न विद्वानहरूले दिइएको सुझावलाई प्रस्तुत गरिएको छ ।
- अध्ययनको मुख्य विधि पुस्तकालयीय तथा तुलनात्मक भएको छ ।
- आवश्यकता अनुसार तालिकीकरण, साङ्ख्यिकीकरण, वर्णात्मक, छलफल विधिलाई समेत उपयोग गरिएको छ ।

# अध्याय : चार

# नेपाली भाषा पाठ्यक्रमको परिप्रेक्ष्यमा रूपक विधाको विश्लेषण

माध्यमिक तह कक्षा नौ र दशको अनिवार्य नेपाली भाषा पाठ्चक्रममा रूपक विधा समावेश गरिएको छ । मानिसको स्वभाव र चरित्रको बारेमा अध्ययन गराई अभिनेयात्मक ढङ्गले भावाभिव्यक्ति, उच्चारण वा वाचनकालको विकास गराउन, स्वरको आरोह, अवरोह, आघात आदिका बारेमा अभ्यास गराई हाउभाउपूर्ण अभिव्यक्ति दिन, विभिन्न परिस्थितिसँग परिचित गराई देश, काल र पात्रअनुकूलका आधारबारे बताउन सक्ने तुल्याउनु रूपक शिक्षणको उद्देश्य रहेको कुरा पाठ्चक्रममा उल्लेख भएको छ ।

पाठ्चक्रमको उक्त अभिप्रायलाई कार्यानवयन तहमा ल्याई पूरा गर्न पाठ्चक्रममा प्रयुक्त रूपकहरु पाठ्चक्रमको उद्देश्यअनुरुप छन् कि छैनन् ? पाठ्चक्रमको उद्देश्य कस्तो छ ? पाठ्चक्रम र पाठ्यपुस्तकबीचको सम्बन्ध तथा भाषा शिक्षणका दृष्टिले रूपक शिक्षणको प्रयोजनबारे विश्लेषण गर्ने प्रयास यस परिच्छेदमा गरिएको छ :

## ४.१ पठ्चक्रमको परिचय तथा परिभाषा

विद्यार्थीहरुको ऐच्छिक उपलब्धीहरु हासिल गराउन विद्यालयभित्र वा बाहिर शिक्षक र विद्यार्थीका बीचमा हुने सम्पूण शैक्षिक कार्यकलापहरुको समूहलाई पाठ्चक्रक भनिन्छ ।

पाठ्यक्रमको अर्थलाई स्पष्ट पार्न केही विद्धान्हरुले दिनुभएको परिभाषाहरु निम्न अनुसार प्रस्तुत गरिएको छ :

पाठ्चक्रम (Curriculum) शब्द लेटिन भाषाको अगचचष्अगकिभन्ने शब्दबाट बनेको हो । जसको शाब्दिक अर्थ 'धावन मार्ग' (Race Course) भन्ने बुझिन्छ । व्यक्ति आफ्नो शैक्षिक उद्देश्यहरु पुरा गर्नका लागी प्रयत्नशील रहन्छ । प्रयत्नशील हुनका लागि निश्चत आधारको जरुरी हुन्छ । यही आधारलाई नै पाठ्चक्रम भनिएको हो । अतः पाठ्चक्रम भन्नाले 'धावन मार्ग' भन्ने बुझिन्छ । जहाँ व्यक्ति निश्चित ठाउँमा पुग्न वा उद्देश्य प्राप्त गर्न दौड जारी राख्दछ । "पाठ्चक्रमअन्तर्गत विधद्यालयद्धारा योजनाबद्ध र निर्देशित सबै सिकाइहरु पर्दछन् जुन व्यक्ति वा समुह र विद्यालय वा बाहिर सञ्चालन गरिएका हुन्छन् ।" - जे. एफ. केर

"साझा मानवीय प्रकृतिका तत्वहरुलाई सिकाउने गरी पाठ्चक्रम बनाइयो भने यस्तो कार्यक्रमले हाम्रो आशा पूरा गर्नुपर्छ ।" - हचिन्स

“विद्यालयमा बालबालिकाहरु व युवाहरुका लागि समूह सोचाइ एवं क्रियाशीलताद्धारा अनुशासित गर्ने उद्देश्यले स्थापित गरिने गुणशील अनुभवको क्रमलाई पाठ्यक्रम भनिन्छ ।” - स्मिथ, स्टेनले र शोर्स

“पाठ्यक्रम भनेको त्यस्तो योजनाको उद्दमहरु हुन् जुन शिक्षणभन्दा पहिले तयार गरिन्छ ।” - म्याक होनाल्ड

“पाठ्यक्रम भनेको सिकाइको योजना हो ।” - हिल्डा टावा

“पाठ्यक्रम कलाकारको हातको एउटा औजार हो जसका माध्यमबाट उसले आफ्नो स्टुडियोभित्र पदार्थलाई आफ्नो विचारमा परिवर्तित गर्दछ ।” - कनिङ्घम

“शिक्षाका लक्ष्हरु पूरा गर्न विद्यालयले गर्ने सम्पूण क्रियाकलापहरु पठ्यक्रममा समावेश गरिएका हुन्छन् ।” - मोरे

“शिक्षाका उद्देश्यहरु प्राप्तिका लागी विद्यालय तथा शिक्षकहरुद्धारा तयार गरेको योजना र निर्देशन अनुसारका सम्पूर्ण अनुभवहरुलाई पाठ्यक्रम भनिन्छ ।” - युनेस्को

“पाठ्यक्रम योजनाबद्ध एवं निर्देशित सिकाइ अनुभव र लक्षित सिकाइको प्रतिफल हो, जुन ज्ञान र अनुभव को क्रमिक पुनर्निमाणद्धारा, विद्यालयको निर्देशनमा सिकारुहरुको व्यक्तिगत र समाजिक निपुणताको निरन्तर र इच्छापूर्ण उन्नतिका लागि निर्माण गरिन्छ ।” - ट्योनर एण्ड ट्यानर

उपर्युक्त परिभाषाहरुमा कतिपयले पाठ्यक्रमको सङ्कुचित अर्थ र कतिपयले व्यापक अर्थलाई समेटेने प्रयास गरेका छन् । पाठ्यक्रमको व्यापक अर्थलाई समेट्ने गरी पूण र सिङ्गो परिभाषा हुन आवश्यक छ । पाठ्यक्रमको परिभाषाले ज्ञानलाई सञ्चितिको परम्पराको रुपमा मात्र नलिई ज्ञान र जीवनको पुननिर्माणमा जोड दिनुपर्दछ । विद्यालयको भूमिका स्पष्ट हुनुपर्दछ र सिकारुको विकासलाई निरन्तरता दिनुपर्दछ । पाठ्यक्रमले समाजिक परिपेक्ष्यलाई समेत समेट्नुपर्दछ ।

**४.२ पाठ्यक्रमको परिभाषामा नेपाली भाषा पाठ्यक्रम**

‘पाठ्यक्रम’ शब्द अङ्ग्रेजी Curriculum शब्दको नेपाली रुपान्तरण हो । ल्याटिन भाषाको 'Currere' शब्दबाट निर्मित Curriculum शब्दले दौडको मैदान अर्थात धावन मार्गको अर्थ दिन्छ । त्यस मानेमा निर्धारित उद्देश्यसम्म पुग्नका लागि बनाइएका धावनमार्गरुपी कार्यक्रमको रुपमा पाठ्यक्रमलाई अर्थ्याउन सकिन्छ ।

त्यसैगरी नेपाली 'पाठ्‍यक्रम' को शाब्दिक अर्थ लगाउन खोज्दा पाठ्‍यकुराहरुको क्रम अर्थात् पढाउने कुराहरुको सुनिश्चित क्रम वा सिलसिला भन्ने बुझिन्छ । पढाउने सिलसिला सुनिश्चित विन्दुबाट सुरु हुन्छ र बीचमा विभिन्न धावनरुपी कार्यकलापहरु सञ्चालन गर्दै सुनिश्चित टुङ्गोमा पुगेर सिलसिलाको पूणविराम हुन्छ । त्यो सिलसिला सुनिश्चित समय विन्दुबाट सुरु हुन्छ र सुनिश्चित समयविन्दुमा गएर अन्त हुन्छ साथै सुनिश्चित पाठ्‍यवस्तुबाट सुरु भई सुनिश्चित पाठ्‍यवस्तुको समाप्तिसँगै टुङ्गिन्छ ।

वास्तवमा पाठ्‍यक्रम भनेको शैक्षणिक लक्ससम्म पुग्न मद्दत पुऱ्याउने एउटा गोरेटो हो र त्यो गोरेटो सुस्पष्ट एवं व्यवस्थित कार्यक्रमका रुपमा रहेको हुन्छ । विद्यार्थीहरुमा शिक्षाका अपेक्षित उद्देश्य हासिल गराउनका लागि समग्र सिकाइ अनुभवहरुको सङ्गालोका रुपमा यसलाई हेर्न सकिन्छ ।

भाषा पाठ्‍यक्रम भाषा सिकाइसम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो । भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन यसले मार्गदर्शकको काम गरेको हुन्छ । यसको अभावमा शिक्षण विशृङखलित र अव्यवस्थित बन्न जान्छ ।

अरु पाठ्‍यक्रमले झैँ भाषा पाठ्‍यक्रमले पनि विद्यालयभित्र र बाहिर बालबालिकाले गर्ने सम्पूण अनुभवलाई समेट्‍दछ । यसले उनीहरुमा धारणा, ज्ञान र सीप विकास गर्न मद्दत गर्दछ । यसले विद्यार्थीका आवश्यकता र रुचीलाई ध्यानमा राखेर अनुसन्धानका आधारमा भाषा सिकाइका बाटो देखाउने काम गर्दछ (शर्मा एण्ड शर्मा : २०६८ : पृ १५) ।

## ४.३ पाठ्‍यक्रमका प्रमुख स्तम्भ र विशेषताहरु

### ४.३.१ उद्देश्य

के सिकाउने र किन सिकाउने भन्ने कुराको समष्टि रुप नै उद्देश्य हो । अतः यसलाई सिकाइ उपलब्धिका रुपमा पनि चिनाउन सकिन्छ । उद्देश्य निर्धारण पाठ्‍यक्रमको सर्वाधिक महत्वपूण तथा शीर्षस्था भाग हो किनकि यसैको केन्द्रीयतामा पढाइने विषयवस्तु, तिनको शिक्षणप्रक्रिया र मूल्याङ्कन प्रक्रियाहरु निर्देशित भएका हुन्छन् । उद्देश्यको निर्धारण गर्दा शिक्षार्थीको आवश्यकता, स्तर, रुचि, क्षमता, उमेर, कक्षा, तह तथा प्राप्त समयावधि आदिलाई ख्याल गरिएको हुन्छ । त्यसैगरी उद्दश्यलाई साधारण र विशिष्ट भागमा आवश्यकताअनुसार वर्गीकरण गरेर निर्धारण गरिएको हुन्छ । साथै तहगत, कक्षागत र विषयगतरुपमा पनि प्रस्तुत गरिएको हुन्छ । जुनसुकौ प्रकारका उद्देश्यमा पनि सरलता, स्पष्टता, मापनीयता, दर्शनीयता तथा व्यवहारिकताजस्ता विशेषता रहनु अत्यावश्यक मानिन्छ ।

### ४.३.२ विषयवस्तु

निर्धारित उद्देश्य परिपूर्तिका लागि के कस्ता विषयवस्तु वा पाठ्यवस्तुको आवश्यकता पर्दछ, त्यसको सुस्पष्ट छनोट र निर्देशन पाठ्यक्रमको दोस्रो अङ्का रुपमा रहेको हुन्छ । कुन उद्देश्य पूर्तिका लागि के सिकाउने भन्ने कुराको स्पष्ट निर्देशन पनि यसै भागमा गरिएको हुन्छ । विषयवस्तुको निर्धारण, सीमाङ्कन र स्तरण सँगसँगै रहने कुरा हुन् । त्यसैले यस स्तम्भमा यो यो कुरा सिकाउने/पढाउने, यतिसम्म पढाउने र यो क्रममा पढाउने भन्ने कुराको पर्याप्त जानकारी दिइएको हुन्छ । उद्देश्यकेन्द्रित भएर विषयवस्तुको छनोट र सीमाङ्कन गरिन्छ भने विद्यार्थी केन्द्रित भएर सरलतादेखि जटिलताको क्रममा तथा सिकाइको मनोवैज्ञानिक प्रवृत्ति एवं रुचिपूणताका आधारमा विषयवस्तुको स्तरण र क्रमिकता मिलाइएको हुन्छ । यस स्तम्भलाई विषयवस्तुको क्षेत्र रक्रम पनि भन्न सकिन्छ ।

### ४.३.३ शिक्षण प्रक्रिया :

उद्देश्य हासिल गर्नका लागि निर्धारित विषयवस्तुलाई कसरी शिक्षण गर्ने भन्ने कुराको सुस्पष्ट सूचना नै 'शिक्षण प्रक्रिया' हो । अतः के कस्ता विषयवस्तुलाई कसरी शिक्षण सिकाइ रुचिपूर्ण हुन्छ, सरल हुन्छ, प्रभावकारी हुन्छ र अपेक्षित उद्देश्य वाञ्छित मात्रामा पूरा हुन सक्दछन् भन्ने कुराको यथेष्ट जानकारी यस स्तम्भमा गराइएको हुन्छ । के कस्ता शिक्षण विधि र प्रविधिहरुको प्रयोग गर्ने, शिक्षकले के कस्ता कार्यकलाप गर्ने विद्यार्थीले के कस्ता कार्यकलापमा भाग लिने तथा अन्यान्य विविध शिक्षण गतिविधिसँग सम्बन्धित कुराहरु यस स्तम्भमा विस्तृत ढङ्गले प्रस्तुत गरिएका हुन्छन् ।

### ४.३.४ शिक्षण सामग्री

यसलाई शिक्षण प्रक्रियाकै पूरक अङ्गका रुपमा पनि लिन सकिन्छ । किनकि शिक्षण सामाग्री भनेको शिक्षण प्रक्रियासँगै अन्वित भएर उपयोगमा आउने कुरा हो । अतः यस स्तम्भमा के कस्ता विषयवस्तु र तिनका के कस्ता शिक्षण विधि र प्रविधिहरुमा के कस्ता शिक्षण सामाग्रीहरुको प्रयोग वा उपयोग गर्न सकिन्छ सो बारे पर्याप्त सूचना दिइएको  हुन्छ । श्रव्य, दृश्य तथा श्रव्य-दृश्य सामाग्री, प्रयोगात्मक सामाग्री, जानिफकार सामाग्री र पूरक सामाग्रीहरुको पर्याप्त सूचना दिएर यस स्तम्भले वाञ्छित उपलब्धि हासिल गर्न प्रभावकारी स्रोतको काम गरेको हुन्छ भन्न सकिन्छ ।

### ४.३.५ मूल्याङ्कन प्रक्रिया

सिकाइ उपलब्धिको के-कसरी लेखाजोखा गर्ने भन्ने बारेको सूचना नै मूल्याङ्कन प्रक्रिया हो । पाठ्यक्रम एउटा योजनाबद्ध कार्यक्रम भएकाले निरन्तर मूल्याङ्कन-अनुगमन बिना यसको वाञ्छित

सफलताको कल्पना पनि गर्न सकिँदैन । मूल्याङ्कन निरन्तर चलिरहने प्रक्रिया हो । यसकै निरन्तरताले विषयवस्तु र तिनका शिक्षण प्रक्रिया कत्तिको प्रभावकारी भए, अपेक्षित उपलब्धिहरु हासिल हुन सके सकेनन् आदि कुराको हेक्का प्राप्त भइरहेको हुन्छ र त्यसमा आवश्यक सुधार र परिमार्जनको अपेक्षित अवधारणा र व्यवहार विकासमा पनि मद्दत पुऱ्याउँछ। यसका साथै पाठ्य विषयवस्तु, पठन-पाठन गतिविधि, सामाग्रीगत प्रभावकारिता तथा उद्देश्यगत व्यावहारिकता र स्तरयुक्ततासमेतको लेखाजोखा गरेर शिक्षण सिकाइ गतिविधिलाई र अझ पाठ्यक्रमलाई नै पनि सुधार, संशोधन र परिमार्जन गर्न सहयोग पुऱ्याउँछ।


पाठ्यक्रम स्तम्भका यी सम्पूर्ण तथ्यहरुको आधारमा के भन्न पाठ्यक्रम भनेको कुनै पनि औपचारिक वा अनौपचारिक शिक्षण-सिकाइ गतिविधि सञ्चालन गर्ने एउटा सु-व्यवस्थित योजना, दर्शन र कार्यक्रम हो जो तहगत, कक्षागत र विषयगत हिसाबले बेग्लाबेग्लै किसिमको हुन्छ।

### ४.४ नेपाली भाषा पाठ्यक्रमको बनोट

सामान्यतः पाठ्चक्रममा निम्नलिखित अङ्गहरु हुन्छन् :

**तलिका नं. १**

**नेपाली भाषा पाठ्चक्रमको बनोट**




### ४.५ भाषा पाठ्यपुस्तकको परिचय

पाठचपुस्तक शिक्षक-विद्यार्थी दुवै थरीका लागि कक्षामा प्रस्तुत हुने आधिकारिक सामाग्री मानिन्छ । पाठ्चक्रममा आधारित भएर तयार पारिने पुस्तक नै पाठ्चपुस्तक हो । वास्तवमा पाठ्चपुस्तक कति लोकप्रिय हुन्छ भने यसलाई "मुद्रित शिक्षक" समेत भनिन्छ । यसप्रकार पाठ्यक्रममा उद्देश्य पूर्ति गर्न चाहिने सामाग्री वा साधनमध्ये महत्वपूण साधन पाठ्चपुस्तक हो।

पाठचपुस्तक पाठ्चक्रमले तोकेको विधाको क्षेत्र र क्रम अथवा पिषयवस्तुको छनोटको सीमा भित्र बसेर लेखिएको हुन्छ । भाषाको पाठ्चक्रमले विभिन्न कक्षामा भाषाका सीपहरु के कति

सिकाउने, किन सिकाउने र कसरी सिकाउने, कुन क्रमले सिकाउने आदि कुराहरु स्पष्ट पार्दछ । पाठ्चपुस्तकले पाठ्चक्रममा ती उद्देश्य पूर्ति गर्न के कस्ता विषयवस्तु र विधालाई आधार बनाएर ती भाषिक सीपहरुको विकास गराउन सकिन्छ सो कुरामा ध्यान दिनुपर्छ ।

पाठचपुस्तक भनेको कुनै पनि विषमा शिक्षकलाई निर्देशन तथा नियन्त्रण गर्ने र विद्यार्थीलाई पुनरावृत्ति र अभ्यासका सन्दर्भमा उपयोग गर्न पाठ्चक्रमका उद्देश्यअनुरुप तयार पारिएको सामाग्री भन्ने बुझिन्छ ।

भाषा शिक्षणका निमित्त उपयोग गरिने भाषा पाठ्चपुस्तक विषयवस्तु (ज्ञान), भाषिक सीप र व्याकरणको आधारभूत सामाग्री समेत व्यवस्था गरिएको समन्वयात्मक रुप हो भाषा पाठ्चयपुस्तकमा भाषा साध्य र साधन दुवै हो र त्यसलाई सघाउनको निम्ति विषयवस्तुहरु साधनका रुपमा प्रयोग गरिन्छन् ।

यसप्रकार भाषा पाठ्चपुस्तक पाठ्चक्रमद्धारा निर्धारित भाषिक उद्देश्यअनुरुप हुनुपर्दछ । भाषा पाठ्चपुस्तकमा साहित्यिक र साहित्येत्तर दुवै किसिमका सामाग्रीहरुको संयोजन गरिएको हुन्छ । पाठ्चपुस्तकमा प्रयुक्त भाषा, विषयवस्तुगत पाठ्चसामाग्री, नमुना अभ्यास निर्धारित कक्षाका विद्यार्थीको क्षमता र आवश्यकता अनुसार हुनुपर्दछ । विद्यार्थीको मौलिक र सिर्जनात्मक क्षमताको विकास गर्ने प्रयोगात्मक अभ्यासतर्फ केन्द्रित भएको हुनुपर्छ ।

**४.६ भाषा पाठ्चक्रम र पाठ्चपुस्तकबीचको सम्बन्ध**

पाठचक्रम शिक्षाको मूल निर्देशन हो, शिक्षण प्रक्रियाको मेरुदण्ड हो । भाषा पाठ्चक्रममा मुख्य रुपमा उद्देश्य, पाठ्चवस्तु, शिक्षणविधि, शिक्षण सामाग्री, मूल्याङ्कन तथा गृहकार्य आदि प्रक्रिया समाविष्ट हुन्छन् । पाठ्यक्रमको उद्देश्य पूरा गराउन र पाठ्चक्रमद्धारा निर्देशित कुराहरुलाई स्पष्ट पार्न भाषा पाठ्चपुस्तकको निर्माण गरिएको हुन्छ । पाठ्चपुस्तकले विषयवस्तुलाई स्पष्ट पार्दै त्यसको सीमा निर्धारण गरिन्छ । पाठ्चपुस्तकमा राखिएका सबै विषयवस्तुले पाठ्चक्रमका उद्देश्यलाई प्रतिबिम्बित गरेको हुनुपर्छ । त्यसैले पनि पाठ्चक्रम र पाठ्चपुस्तकको बीचमा घनिष्ठ सम्बन्ध छ ।

पाठचक्रमले निर्धारण गरेअनुसार सुनाइ, बोलाइ, पढाइ र लेखाइअन्तर्गतका भाषिक सीपहरुको विकास गराउन विभिन्न विधा, उपविधा, भाषातत्व तथा अभ्यासात्मक सामग्रीहरु भाषा पाठ्चपुस्तकमा समावेश गरिएका हुन्छन । भाषा पाठ्चपुस्तक पाठ्चक्रम कार्यान्वियन गर्ने एउटा महत्वपूण प्रयोगात्मक सामाग्री वा प्रमुख साधन हो । पाठ्चक्रममा उल्लेख गरिएका स्रोत समाग्रीहरुलाई पाठ्चपुस्तमा प्रस्तुत गरिएको हुन्छ । हाम्रो जस्तो देशमा पाठ्चपुस्तम शिक्षक विद्यार्थी दुबैका निमित्त कक्षामा प्रस्तुत गरिने आधिकारिक साकाग्री हो ।

शिक्षामा गुणत्मक सुधार ल्याउन समयसापेक्ष पाठ्‌चक्रम र तदनुरुप तयार पारिने पाठ्‌यपुस्तकहरुको ठूलो भूमिका हुन्छ । पाठ्‌चक्रम निर्माण गर्दा अपेक्षित तह र विद्यार्थीको आवश्यकताको विशलेषण हुनु जरुरी छ । पाठ्‌चक्रम निर्माणलाई एउटा निरन्तर प्रक्रियाकारुपमा अघि बढाउनु पर्छ । शिक्षाका राष्ट्रिय, तहगत र विषयगत उद्देश्यअनुरुप पाठ्‌चक्रमले निर्दिष्ट गरेको सीमा भित्र रहि सम्बधित विषयका विशेषज्ञहरुको समूहबाट पाठ्‌यपुस्तक तयार गर्न लगाई यी दुवैमा समयसापेक्ष रुपमा परिवर्तन गरी नवीनतम ज्ञान समावेश गर्दै जान सकेका पाठ्‌चक्रम र पाठ्‌यपुस्तकबीचको सम्बन्ध सुमधुर र उपयोगी हुनेछ ।

**४.७ छनोट र स्तरण**

सीमित समय, श्रम र स्रोतबाट अधिकतम लाभ प्राप्त गर्न जुनसुकै स्थितिमा पाठ्‌चवस्तुहरुको छनोट र स्तरण आवश्यक हुन्छ । स्तरण भनेको छनोट गरिएका पाठ्‌चवस्तुहरुलाई मनोवैज्ञानिक तथा शैक्षणिक आधारमा क्रमिकरुपमा उकास्दै लैजानु वा उन्नयन गर्नु हो । यसका तुलनामा छनोटले खास तहका लागि आवश्यक पाठ्‌चवस्तु के कति हो त्यसको सीमाङ्कन गर्ने अथवा उक्त पाठ्‌चवस्तुहरुको सूची तयार गर्ने काम गर्छ ।

स्तरण तथा क्रमबद्धतालाई शिक्षणको आधार बनाउनुको अर्थ पाठ्‌चवस्तुको प्रस्तुतीकरणमा खास पाठ्‌चवस्तु कुनै अन्य पाठ्‌चवस्तुभन्दा पहिले नै सिकाउनुपर्छ भन्ने कुरामा परम्परागत आग्रहबाट मुक्त भई मनोवैज्ञानिक तथा सामयिक दृष्टिकोण अपनाउन शिक्षकलाई सचेत गराउनु हो ।

पाठचवस्तुको छनोट भन्नाले पाठ्‌चांशमा के कस्ता अंशहरु के कति मात्रामा समावेश गर्ने भन्ने बुझिन्छ भने स्तरण भनेको पाठ्‌चक्रमले निर्धारण गरेका क्षेत्रमा छनोट गरिएका विषयवस्तुहरुलाई कसरी शिक्षण गर्ने भन्ने कुरासगँ सम्बन्धित विषय हो । यसरी छनोट पाठ्‌चवस्तुहरुको क्षेत्र तथा परिणामसगँ सम्बद्ध रहन्छ भने स्तरण चाहिँ शिक्षण प्रक्रियासँगै स्पष्टतः सम्बद्ध हुन्छ ।

माध्यमिक तह कक्षा ९ र १० को अनिवार्य नेपालीको पाठ्‌चक्रममा निश्चित क्षेत्रको परिधिभित्र रहेर निबन्ध, कथा, जीवनी, चिठी, रूपक दैनिकी, कविता र भाषातत्व (व्याकरण) आदि विधाअन्तर्गतबाट पाठ्‌चवस्तुहरु छोट गरिएका छन् । शिक्षणका क्रममा यी पाठ्‌चवस्तुहरुलाई कविता, कथा, निबन्ध, चिठी, जीवनी, प्रबन्ध, एकाङ्की, दैनिकी, निवेदन, गीत, मनोवाद, वादविवाद र वक्तृता विधालाई त्रलमिकरुपमा पाठ्‌चपुस्तकमा समावेश गरेको पाइन्छ ।

यी विधाहरुमध्ये निबन्ध, एकाङ्की, दैनिकी, निवेदन र गीतलाई कक्षा ९ सम्म सीमित गरिएको छ । कविता, कथा, जीवनी, प्रबन्ध र चिठीलाई दुवै कक्षामा समावेश गरिएको पाइन्छ

भने मनोवाद, वादविवाद र वक्तृतालाई कक्षा १० मा समावेश (थप) गरिएको छ । यसरी अर्को कक्षामा आवश्यक नसम्भिएका पाठ्यांशहरुलाई कक्षा ९ सम्ममा सीमित गरिएको छ भनो थप अभ्यास गराउनुपर्ने पाठ्यांशलाई कक्षा १० मा पुनरावृत्ति तथा नयाँ जानकारीका पाठ्यांशलाई ( कक्षा १० मा) थप गरेको पाइन्छ । उक्त विषयका शिक्षक निर्देशिकाले प्रयुक्त पाठ्चवस्तुलाई व्यस्थितरुपमा अध्यापन गर्ने योजना समेत प्रस्तुत गरेको पाइन्छ । तसर्थ यो पाठ्चक्रम छनोट र स्तरणको केन्द्रविन्दुभित्र निर्माण भएको अनुभव हुन्छ ।

### ४.८ माध्यमिक शिक्षा पाठ्चक्रमको परिप्रेक्षमा नेपाली भाषा पाठ्चक्रम

#### ४.८.१ परिचय

पाठचक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट २०५७ सालमा दोस्रो संस्करण गरिएको माध्यमिक तह कक्षा नौ र दशको अनिवार्य नेपाली पाठ्चक्रम छयअत्तर पेजभित्र संरचित छ । यसमा शिक्षाको राष्ट्रिय उद्देश्य, माध्यमिक तहको शिक्षाको उद्देश्य, पाठ्चक्रमको ढाँचा तहगत संरचनाका आधारमा प्रस्तुत गरिएको छ । शिक्षाका राष्ट्रिय उद्देश्यलाई समष्टिगत रुपमा सात बुँदामा प्रस्तुत गरिएको छ ।

माध्यमिक तहको पाठ्चक्रमको ढाँचामा यस तहको लागि नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक शिक्षा, स्वास्थ्य जनसङ्ख्या र वातावरण, ऐच्छिक प्रथम र द्वितीय गरी जम्मा आठ विषय निर्धारण गरिएको छ । यस तहको कूल पूर्णङ्क ८०० र कुल पाठ्चभार ३९ छ । त्यसमध्ये अनिवार्य नेपाली भाषालाई पूर्णाङ्क १०० र साप्ताहिक पाठ्चभार ५ प्रदान गरिएको छ ।

अनिवार्य नेपालीको उक्त पूर्णाङ्क र पाठ्चभारलाई पूरा गर्न माध्यमिक तहको पाठ्चक्रमको मुख्य उद्देश्यको तेस्रो बुँदामा 'भाषिक व्यवहारमा सक्षम बनाउन' भन्ने उद्देश्य निर्धारण गरिएको छ । यसै मुख्य उद्देश्यसँग सम्बन्धित भएक नेपाली भाषा पाठ्चक्रम तयार गरिएको छ ।

नेपाली भाषा पाठ्चक्रमको परिचय शीर्षकमा नेपाली भाषा शिक्षणको प्रयोजन भाषिक दक्षता अभिबृद्धि गर्नका साथै अन्य विषयहरुको पठनपाठनको माध्यमलाई सहयोग गरी बोधपक्ष र अभिव्यक्तिको विकास गर्नु रहेको छ भनिएको छ । उपर्युक्त कुराहरुलाई सुदृढ तुल्याउन जोड दिएका बुँदाहरुमाः पाठ्चक्रमलाई समयसाक्षेप, उपयोगी र व्यवाहारमूलक बनाउने प्रयास, पाठ्चवस्तु छनोट र स्तरणमा ख्याल राखिएको, उद्देश्यहरुलाई सीपगत ढाँचामा निर्धारण, उच्च शिक्षा प्रवेशको पूर्वाधार निर्माण गर्न, भाषाको पूरकरुपमा भाषा तत्वलाई समावेश, विधाको क्षेत्र र क्रम, शिक्षण पक्रियाको निर्देशन, भाषिाक व्यवहार र क्षमता अभिबृद्धि गर्न स्वतन्त्र रचना, शब्दभण्डार आदि विषयवस्तु र मूल्याङ्कन अङ्कभारको निर्देशन समेत समावेश गरिएको छ ।

ने.भा.पाठ्चक्रममा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित सात, पढाइसँग सम्बन्धित दुई तथा छुट एक (सा. २४ सँग सम्बन्धित) गरी तीन र लेखाइसँग सम्बन्धित पाँच गरी जम्मा पन्ध्र भाषिक सीपहरु संलग्न गरिएको छ । संलग्न यी सीपहरु तथा १५ साधारण उद्देश्यहरुमध्ये कुन उद्देश्यको कुनकुन भाषिक सीपसँग सम्बनध रहेको छ तुलना गरी हेरौं ।

### ४.८.१.१ रूपक विधाका साधारण उद्देश्य र भाषिक सीपबीच सम्बन्ध

### तलिका नं. २

### साधारण उद्देश्य र भाषिक सीपबीच सम्बन्ध

| साधारण उद्देश्य | भाषिक सीप |
|---|---|
| १) मौखिक अभिव्यक्तिका क्रममा उपयुक्त हाउभाउ, चष्टा, अभिनय आदिको ख्याल गरी सुन्न र बुभ्न । ( सा. ४) | क) १) मौखिक अभिव्यक्तिका क्रममा प्रयुक्त हाउभाउ, चष्टा, अभिनय आदिको ख्याल गरी सुन्न र बुभ्न । (सु.बो. ३) |
| २) नेपाली भाषामा गरेका वार्तालाप बुभ्ने गरी ध्यानपूर्वक सुन्न । (सा. १) | क) साहित्यिक तथा अन्य मौखिक अभिव्यक्तिहरुमा आफ्नो विचार दिन सक्ने गरी सुन्न । (सु.बो. ५) |
| ३) कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफलजस्ता गतिविधिमा मौखिक अभिव्यक्ति दिन । (सा.१३) | क) कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफल आदि मौखिक अभिव्यक्तिहरुमा सक्रियरुपले भाग लिन । (सु.बो. ७)<br>ख) आफूले पढेजानेका कुराहरु उपयुक्त सुर, आघात, लय, चेष्टा र हाउभाउ मिलाई अभिव्यक्त गर्ने । (सु.बो. ६)<br>ग) मौखिक तथा लिखित अभिव्यक्तिहरुको सारांश लेख्ने । (ले. ५) |
| ४) कुनै विषयमा आफ्नो विचारलाई स्पष्टसँग अभिव्यक्त गर्न । (सा. १४) | (क) आफूले भन्न चाहेको कुरालाई शिष्टा भाषाको प्रयोग गरी प्रभावकारी ढङ्गले अभिव्यक्ति दिन । (सु.बो. ८)<br>(ख) आफूले देखेसुनेका र पढेका वस्तु, वतावरण तथा घटनाका विषयमा सिलसिला मिलाएर वर्णन गर्न । (सु.बो. ४)<br>(ग) आफूले देखेसुनेका, पढेका विषयवस्तु, वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न (ले. ४) |
| ५) बोल्दा, लेख्दा ठीक ठाउँमा ठीक शब्द र वाक्यांशको प्रयोग गर्न । (सा. १५) | (क) शब्दहरुको शुद्ध र स्पष्ट उच्चारण गर्न (सु.बो. २)<br>(ख) पठित शब्दहरुको उपयुक्त किसिमको प्रयोग गर्न ( प. ८) |
| ६) नेपाली भाषाका व्याकरणका आधारभूत नियमको पालाना गरी अभिव्यक्त गर्न (सा.२२) | (क) व्याकरणका आधारभूत नियम बुभ्री तिनको उपयुक्त प्रयोग गर्नु (ले. १०)<br>(ख) हिज्जे (वर्ण विन्यास) मिलाई उपयुक्त वाक्य गठन गरी लेख्न (ले.१) |
| ७) देखेका, सुनेका, पढेका र आफुले अनुभव गरेका विषयवस्तुका बारेमा यति, गति मिलाई समूचित स्वरप्रशारण सहित बोल्ने (सा.७ संशोधन) | (क) लिखित सामाग्रीलाई गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न (प. १) |
| ८) बोल्दा, पढ्दा र लेख्दा उखानटुक्काको प्रयोग गर्न (सा. २१) | (क) पाठमा प्रयुक्त उखान टुक्काहरुको अर्थ बुभ्री वाक्यमा प्रयोग गर्न (ले. ९) |
| ९) रेडियो, टेलिफोन, टेलिभिजनजस्ता सञ्चारका माध्यमवाट व्यक्त भएका विषयवस्तु र घटनालाई सुनेर बुभ्ने । (सा. ५) | |
| १०) नेपाली भाषाको शब्द-भण्डार बढाउने (सा. २४) | (क) विभिन्न विषयहरु प्ढी शब्दभण्डार वृद्धि गर्न (प. ९) |

**मथिका तुलनात्मक अध्ययनले यस किसिमको तथ्यलाई अगाडि ल्याउँछ :**

**तलिका नं. ३**

**तुलनात्मक तथ्याङ्क**

| **साधारण उद्देश्य** | **भषिक सीप** |
|---|---|
| १ | ५ (सु.बो.) |
| ४ | ३ (सु.बो.) |
| ५ | सम्बन्ध नभएको तर विशिष्ट उद्देश्य र कार्यकलापसँग सम्बन्धित |
| ७ | १ (प.) |
| १३ | ५ (ले.) ६ (सु.बो.), ७ (सु.बो.) |
| १४ | ४ (ले.) ४, (सु.बो.), ८ (सु.बो.) |
| १५ | २ (सु.बो.),८ (प.) |
| २१ | ९ (ले.) |
| २२ | १ (ले.) १० (ले.) |
| २४ | ९ (प.) |

**४.८.१.२ रूपक विधाका भाषिक सीपसँग अप्रत्यक्षरुपमा सम्बन्धित साधारण उद्देश्यहरु**

**तलिका नं. ४**

**भषिक सीपसँग अप्रत्यक्ष सम्बन्ध**

| साधारण उद्देश्य | भाषिक सीप |
|---|---|
| १) समूहमा रही अरुले छलफल गरेका विषयवस्तु बुझ्ने गरी सुन्न (सा.२)<br>२) प्रवचन, व्याख्या, प्रश्नोत्तरजस्ता कुराको आशय बुझी व्यक्त गर्न (सा. ३)<br>३) सरल कथा, कविता, निबन्धजस्ता साहित्यिक विधा रुचि लिई पढ्न र लेख्न । ( संशोधन सा. ८)<br>४) मौखिक तथा लिखित रुपमा अभिव्यक्त भएका विषयवस्तुको सारांश लेख्न । (सा. १७)<br>५) देखेका सुनेका र पढेका घटना र विषयवस्तुहरु बुझी तिनीहरुको आधारमा प्रश्नोत्तर गर्न । (सा. २०) | |

हुनत प्रत्येक विधाका भाषिक सीपहरु एक अर्कासँग अन्तर्सम्बन्धित छन् । शब्दभण्डार व्याकरण आदि विधाहरु हरेक भाषिक सीपसँग सम्बन्धित छन् । यसै अभिप्रायले हुनुपर्छ पाठ्यक्रम विस्तृतीकरणमा रूपक विधाका विशिष्ट उद्देश्यहरुलाई सामान्य (रूपकअन्तर्गतका सबै विधाका

साझा) र विधागत (रूपकअन्तर्गतकका विधाका छुट्टाछुट्टै) र क्रियाकलापलाई पनि सामान्य र रूपक विधा विशेषको रुपमा विभाजन गरिएको पाइन्छ ।

यसप्रकार सुनाइ बोलाइसँग सम्बन्धित भाषिाक सीप सङ्ख्या सात, पढाएसँग सम्बन्धित दुई र लेखायसँग पाँच गरी जम्मा १४ भाषिक सीपहरु रूपक विधाको उद्देश्यहरु पूरा गर्ने क्रममा संलग्न गरिएको पाइन्छ । २४ ं१ क्रमसङ्ख्याको साधारण उद्देश्य रूपक विधाअन्तर्गत पर्ने भएर पनि भाषिक सीपमा संलग्न गरेको पाइँदैन । साधारण उद्देश्यको क्रमसङ्ख्यासँग ५ को लागि स्पष्ट बोध हुने किसिमले भाषिक सीपको निर्धारण गरिएको छैन । संलग्न सीपहरुमध्ये कतिपय सीपहरुको सम्बन्ध अप्रत्यक्ष रुपमा मात्र देखा पर्दछ । ज्यादै न्यून सङ्ख्यामा पढाइसीप समावेश गरिएको छ । त्यसको भाषिक सीपसँगको सम्बन्ध पनि अत्यन्त न्युन नै देखिन्छ । नेपाली भाषाका साझा भाषिक सीपसँग अप्रत्यक्ष रुपमा सम्बन्धित स्पक विधाका साधारण उद्देश्यहरु जसमध्ये कुनैलाई केही रुपान्तरण गरेर कुनैलाई हुबहु पाठ्यक्रम विस्तृतीकरणमा समावेश गरिएका छन् । जो माथि उल्लेख भइसकेका छन् ।

### ४.८.२ रूपक शिक्षणका मूल उद्देश्य

पाठ्यक्रमले माथि उल्लेखित (कथा, कविता, प्रबन्ध, निबन्ध, जीवनी, चिठी, दैनिकी,व्याकरण, शब्दभण्डार) सबै विधाका शिक्षण प्रक्रिया शीर्षकमा रूपक विधा शिक्षणको उद्देश्य यसप्रकार उल्लेख गरेको पाइन्छ :

रूपक विधाको उद्देश्य शिक्षण गर्ने क्रममा विभिनन परिस्थितिसँग परिचित गराई ज्ञान दिनुका साथै देश, काल पात्र अनुकूलका आधारबारे बताउनु पनि हो । मानिसको स्वभाव र चरित्रको बारेमा अध्ययन गराई अभिनेयात्मक ढङ्गले भावाभिव्यक्ति, उच्चारण वा वाचनकलाको विकास गराउनु यस विधाको लक्ष्य रहेको हुन्छ । यसका अतिरिक्त स्वरको आरोह, अवरोह, आघात आदिका बारेमा अभ्यास गराई हाउभाउपूर्ण अभिव्यक्ति दिन सक्ने तुल्याउनु यसको उद्देश्य रहेको छ ।

### ४.९ विधाको क्षेत्र

नेपाली भाषा पाठ्यक्रममा जम्मा पाठहरुलाई निबन्ध, कथा, जिवनी, चिठी, रूपक दैनिकी, कविता र भाषातत्व (व्याकरण) गरी जम्मा आठ विधाका क्षेत्रहरुमा विभाजन गरिएको छ । यसमध्ये क्रमसङ्ख्या ५ मा रूपक विधालाई समावेश गरिएको छ ।

### तालिका नं. ५

### विधाको क्षेत्र

| क.सं. | विधा | क्षेत्र |
| --- | --- | --- |
| ५ | रूपक | संवाद<br>मनोवाद<br>एकाङ्की<br>वदविवाद<br>वक्तृता |

## ४.१० मूल्याङ्कन अङ्कभार

### तालिका नं. ६

### मूल्याङ्कन अङ्कभार

| क्षेत्र | विधा | अङ्क |
| --- | --- | --- |
| पढाइ र लेखाइ | | |
| विवेचनात्मक | कथा, कविता, निबन्ध, र जीवनी | १० |
| पाठगत | कथा, कविता, निबन्ध, जीवनी, रूपक | २० |
| बोध | कथा, जीवनी, निबन्ध वा अन्य लेखरचनाबाट दृष्टांश वा अदृष्टांश | ५ |
| सारांश | कथा, जीवनी, निबन्ध वा अन्य लेखरचनाबाट दृष्टांश वा अदृष्टांश | ५ |
| व्याख्या | कथा, कविता, निबन्ध, जीवनी, रूपक | १० |
| स्वतन्त्र रचना | निवन्ध, चिठी, दैनिकी, निवेदन, मनोवाद, संवाद, वक्तृता | १५ |
| व्याकरण | (पाठमा प्रयुक्त शब्द, विशिष्ट शब्द, अनुकरणात्मक शब्द, उखानटुक्का | २५ |
| शब्दभण्डार | | १० |
| | | १०<br>० |

मूल्याङ्कनको अङ्कभारमा पढाइ र लेखाइलाई मात्र समावेश गरिएको छ । सुनाइ र बोलाइको परीक्षण कक्षागत अङ्कको रुपमा हुने छ भनेर मूल्याङ्कनका लागी अङ्कभार प्रदान गरिएको छैन ।यो सोचाइ उपयुक्त देखिँदैन । पाठ्यक्रममा उद्देश्य र भाषिक सीप, निर्धारण भैसकेपछि थोरै प्रतिशत अङ्कभार प्रदान गरेर भनेपनि सुनाइ र बोलाई सीपको परीक्षण आवश्यक देखिन्छ । अनिवार्य अङ्ग्रेजी भाषामा सुनाइ बोलाइ सीपको लागि २५ अङ्कको प्रयोगाात्मक रुपमा बाह्य परीक्षणको समेत व्यवस्था माध्यमिक तहकै पाठ्यक्रममा लागू गरिएको उदाहरण छ, सो व्यवस्था राष्ट्रभाषा स्थान प्राप्त अनिवार्य नेपाली भाषामा पनि लागू गर्न जरुरी देखिन्छ । अन्यथा यी दुई भाषिक सीप विकासका सन्दर्भमा अनभिज्ञता प्रकट गर्नु बाहेक अर्को विकल्प रहने छैन । परीक्षण प्रक्रिया विवेचनात्मक, विशलेषणात्मक र सिर्जनात्मक हुने, गद्य, पद्य विधाका पाठको विषयवस्तु, मूलभाव,

घटना, सन्देश, पात्र आदिको तथा पठनबोध क्षमताको परीक्षण गरिने कुरा पाठ्यक्रमका सकारात्मक पक्ष हुन् ।

कक्षा ९ र १० को अनिवार्य नेपालीले पाएको पूर्णाङ्क १०० र साप्ताहिक पाठ्चभार ५ समान भए पनि वार्षिक पाठ्चभारमा फरक पाइन्छ । कक्षा ९ मा वार्षिक १५० घण्टी र कक्षा १० मा वार्षिक ११० घण्टीमात्र निर्धारण गरिएको छ । पाठ्चपुस्तकभित्र समेटिएका विषयवस्तुको तुलनामा यो विभाजन ठीकै देखिए तापनि कक्षा ९ र १० लाई एस.एल.सी. परीक्षा पूर्व पुनरावृत्ति (रिभिजन)को लागि समेत कक्षा १० को वार्षिक पाठ्चभार वृद्धि हुनुपर्ने देखिन्छ । कक्षा ९ र १० को दुवै पाठ्चंशबाट (कक्षा ९ बाट ६० प्रतिशत, कक्षा १० बाट ४० प्रतिशत) प्रश्नहरु सोधिने त्यसमा पनि कक्षा ९ बाट बढी प्रतिशत पैश्नहरु समावेश हुने हुँदा पुनरावृत्तिका लागि केही पाठ्चभार निर्धारण भएमा विषयवस्तुमा पुनर्ताजगी गराउन सकिन्थ्यो ।

उक्त मूल्याङ्कन अङ्कभारमध्ये रूपक विधासँग सम्बन्धित अङ्कभार पाठगत, व्याख्या, स्वतन्त्र रचना, व्याकरण, शश्दभण्डार आदि क्षेत्रमा अन्य विधासँग समेत मिश्रित भएर क्रमशः २०, १०, १५, २५ र १० मूल्याङ्कन अङ्कभार प्राप्त गरेको छ । रूपक विधाले प्राप्त गरेको अङ्कभार यति नै हो भनेर छुट्याउन कठिन छ । भाषिक विधाका प्रत्येक पाठ्चंशका लागि छुट्टाछुट्टै अङ्कभार निर्धारण हुँदै उद्देश्य मापन र अन्य पक्षको विश्लेषणको लागि अझै सहज हुने देखिन्छ ।

## ४.११ पाठ्चक्रम विस्तृतीकरण

नेपाली भाषा पाठ्चक्रम विस्तृतीकरणमा रूपक विधासँग सम्बन्धित गरी प्रस्तुत गरिएका विवरणहरुलाई मात्र अध्ययनको सुगमताका लागी तलको चार्टमा प्रस्तुत गरिएको छ :

## तालिका नं. ७

## पाठ्यक्रम विस्तृतीकरण

| साधारण उद्देश्य | विशिष्ट उद्देश्य | उपविधा | व्याकरण | सीप | क्रियाकलाप | मूल्याङ्कन | घण्टी |
|---|---|---|---|---|---|---|---|
| देखि १४ सम्म (सबै विधाका साझा) | १. सामान्य : क देखि थ सम्म.१७ (सबै रूपकका साझा) . एकाङ्की : क देखि ड.१३ . वादविवाद : क देखि च.६ . मनोवाद : क देखि ङ. ५ . वक्तृता : क देखि च.६१ . शब्दभण्डार : च देखि झ.९ | रूपक : संवाद/एकङ्की, वादविवाद, मनोवाद र वक्तृता | क देखि घ सम्म (उखान, टुक्काहरु, विराम चिन्हहरु, भाव अर्थ, निपात) | सुनाइ, बोलाइ, पढाइ र लेखाइ | १. साधारणः क देखि ठ सम्म.१२ (सबै रूपकका साझा) . संवाद/एकाङ्की : क देखि त सम्म.१६ . वादविवादः क देखि छ सम्म.७ . मनोवादः क देखि ङ.५ . वक्तृताः क देखि छ.७ . शब्दभण्डारः क देखि ध.१३ | क देखि त सम्म जम्मा १६ (सबै रूपकका साझा) संवाद/एकाङ्कीः क देखि ढ सम्म. १४ वादविवाद क देखि ज सम्म.१३ मनोवाद क देखि ङ सम्म.८ शब्दभण्डार : क देखि द सम्म.१२ | ०(जम्मा) |
| १४ | ५६१.५७ | ४ | ५ | ४ | ६० | ६६ | ३० |

माथि उल्लेखित पाठ्यक्रम विस्तृतीकरणबाट प्राप्त तथ्याङ्कको अध्ययन गर्दा माध्यमिक तह कक्षा ९ र १० अनिवार्य नेपालीअन्तर्गत समावेश गरिएको रूपक विधा शिक्षणका लागी साधारण उद्देश्य सङ्ख्या १४ (सा. २४ थप गरी १५ हुनुपर्ने), विशिष्ट उद्देश्य-५७, उपविधा-४, (विधा नै भनिनुपर्ने), व्याकरण-५, मूल भाषिक सीप-४, क्रियाकलाप-६०, मुल्याङ्कन-६६ र वार्षिक घण्टी-३० भित्र आधारित भई अपेक्षित उद्देश्य पूरा गर्नेतर्फ अगाडि बढ्न निर्देश गरेको पाइन्छ । माथि उल्लेखित १५ साधारण उद्देश्यमध्ये १, ४, ५, ७, १३, १४, १५, २१, २२ र २४ गरी १० उद्देश्यहरु रूपक विधासँग प्रत्यक्ष रुपले सम्बन्धित छन् बाँकी रहेका २, ३, ८, १७, र २० को क्रममा रहेका साधारण उद्देश्यहरु भाषिक सीपसँग अप्रत्यक्ष रुपमा विधासँग सम्बन्धित छन् । माथि उल्लेखित उद्देश्यहरुसँग विशिष्ट उद्देश्य, क्रियाकलाप र मूल्याङ्कन प्रत्यक्ष रुपमा नै सम्बन्धित रहेको पाइन्छ । वार्षिक पाठ्चभार विभाजन उचित नै ठहर्छ ।

उक्त पाठ्यक्रममा विभिन्न पक्षहरुको सामान्य विश्लेषणको क्रममा माथि उल्लेख भएका सुधार गर्नुपर्ने पक्षयहरुलाई छाडेर पाठ्यक्रमका अङ्गहरुको बीचमा समन्वय र सन्तुलन नै देखिन्छ (स्रोत : पाठ्यक्रम विकास केन्द्र सानोठिमी, नेपाली भाषा पाठ्यक्रम कक्षा ९ र १०, २०५७)

### ४.१२ भाषा शिक्षणका दृष्टिले रूपकको प्रयोजन

मानवका विभिन्न किसिमका स्वभाव र स्वभावजन्य कार्यकलापको प्रस्तुति रूपकको मुख्य विषय हो । रूपकमा भाषिक पक्षमात्र नभई हाउभाउ, मुखमुद्रा, अङ्गसञ्चालन जस्ता भाषिकेतर पक्षहरु पनि संलग्न रहेका हुन्छन् । त्यसकारण रूपकमा यस्ता भाषिकेतर पक्षको अभिव्यक्ति पनि प्रसङ्गअनुकुल बन्न गएको हुन्छ । वास्तवमा अर्काको आनीबानी र बोलीवचनको दुरुस्त अनुशरण गर्ने बानीको विकास गर्ने, आफ्नो मनोभावनालाई सजीव एवं प्रभावशालीरुपमा प्रस्तुत गर्ने र श्रोता वा प्रसङ्ग अनुसारको भाषिकव्यवहार गर्ने क्षमताको विकास गर्न यस विधाको भूमिका महत्वपूण रहन्छ । कथ्यभाषाको जीवन्तताको बोध र सोअनुरुप जीवन्त भाषाको प्रयोग गर्ने क्षमताको विकास गर्न सहयोग पुऱ्याउनु रूपक विधाको मुख्य प्रयोजन मानिएको छ ।

रूपक विधा विभिन्न प्रकारका रोचक घटनाहरुसँग सम्बन्धित रहन्छ । यो मूलतः दृश्यात्मक विधा भएकाले यसलाई हेर्न प्राय मानिसहरु उत्सुक रहन्छन् । रूपकमा जिवनको एक अंशद्खि सिङ्गो जीवनको चित्रण र झलक पनि पाउन सकिन्छ । रूपक विधाले विधार्थीहरुलाई मौखिक भाषाका विशेषताहरुमा अभ्यस्त बनाई हाउभाउ, चेष्टा, मुखमुद्रा सुहाउँदो अभिनयात्मक भाषाको प्रयोग गर्ने बानी बसाल्न सहयोग गर्दछ । अर्काको अनुकरण तथा प्रसङ्गअनुसार कुनै परिस्थितिलाई ठीकठीक ढङ्गले प्रस्तुत गर्न यसबाट मद्दत मिल्दछ ।

त्यसैले पाठ्यक्रम-पाठ्यपुस्तकमा रूपक विधा समावेश गर्नुको मुख्य उद्देश्य शिक्षण-सिकाइ क्रियाकलापलाई रोचक एवम् प्रभावकारी बनाउन, सस्वर वाचन गर्न, शुद्धोच्चारण गर्न, हाउभाउ मिलाएर एकाङ्की, मनोवाद, वादविवाद र वक्तृता पढ्न, कठीन शब्दको अर्थ बताउन र वाक्यगठन क्षमताको विकास गर्न, उखानटुक्का र निपातको सन्दर्भअनुकुल प्रयोग गर्ने बानीको विकास गर्न, विशिष्ट पङ्क्तिको व्याख्या गर्न, तनत्पर्य स्पष्ट पार्ने क्षमताको विकास गर्न, शब्दार्थ बोध गराउन र व्याकरणका आधारभूत नियमबारे जानकारीगराउनु रहेको छ ।

यसप्रकार रूपक (एकाङ्की, मनोवाद, वादविवाद र वक्तृता) शिक्षणका माध्यमबाट विद्यार्थीहरुलाई पौराणिक, धार्मिक, ऐतिहासिक, सामाजिक, नैतिक पक्ष आदिसँग सम्बन्धित विभिन्न घटना र वस्तुस्थितिको जानकारी गराउन सकिन्छ । यसबाट विद्यार्थीहरुमा असल र खराब, राम्रो र नराम्रो नैतिक र अनैतिक अर्थात् मानवजीवनका लागि उपयोगी र अनुपयोगी पक्षको व्यवहारिक ज्ञान प्राप्त हुन्छ ।

## ४.१३ निष्कर्ष

शिक्षाका अपेक्षित उद्देश्य हासिल गराउनका लागि समग्र सिकाइ अनुभवहरुको सङ्गालोकारुपमा भाषा सिकाइसम्बन्धी लक्ष्यसम्म पुग्ने गोरेटोको रुपमा पाठ्यक्रमलाई लिइएको पाइन्छ । भाषा पाठ्यपुस्तक पाठ्यक्रम कार्यान्वयन गर्ने प्रयोगात्मक सामाग्री हो यी दुईबीच घनिष्ठ सम्बन्ध रहेको छ । छनोट र स्तरणको आधारमा पाठ्यक्रममा विषयवस्तु निर्धारण गरिएको छ ।

माध्यमिक तह कक्षा ९ र १० को अनिवार्य नेपालीमा प्रत्येक कक्षाका लागि साप्ताहिक पाठ्यभार ५ र पूर्णाङ्क १०० निर्धारण गरिएको छ । कक्षा ९ र १० मा वार्षिक पाठ्यभार क्रमशः १५० र ११० निर्धारण भएकोमा कक्षा १० को अध्ययनको उत्तरार्द्धचरणमा आएर कक्षा ९ को पाठ्यांशहरुको पुनरावृत्ति गर्नु अत्यावश्यक भएकाले कक्षा १० को पाठ्यभार थप हुनुपर्ने देखिन्छ ।

रूपक विधा शिक्षणका १५ सयहरु मध्ये सुनाइ, बोलाइ, पढाइ र लेखाइ आदि सीपहरुसँग प्रत्यक्षरुपमा सम्बन्धित उद्देश्यहरुको सङ्ख्या १० मात्र रहेका छन् । बाँकी ५ उद्देश्यहरु सबै विधाका साझा सीपहरु (शब्दभण्डार, भाषात्व आदि) सँग सम्बन्धित छन् । रूपक विधाअन्तर्गत संवाद, मनोवाद, एकाङ्की, वादविवाद, वक्तृता पर्दछन् । यस पाठ्यक्रममा संवादलाई एकाङ्कीभित्रै समावेश गरेको पाइन्छ । यसको छुट्टै विधागतस्वरुप प्रस्तुत गरिएको छैन । रूपक विधाका लागि वार्षिक ३० अङ्कभार प्रदान गरिएको छ । व्याकरण शब्दभण्डार आदिका लागि विभिन्न विधामा मिश्रित अङ्कभार भित्र यो विधा पनि समावेश भएको छ ।

पाठचक्रम विस्तृतीकरणमा विशिष्ट सङ्ख्या ५७ छन् । यसलाई पूरा गर्न गरिने क्रियाकलाप सङ्ख्या ६० र भाषिाक सीप परीक्षणका लागि मूल्याङ्कनका ६६ अभ्यासहरु समावेश गरिएका छन् । कथ्यभाषाको जीवन्तताको बोध र सोअनुरुप जीवन्त भाषाको प्रयोग गर्ने क्षमताको विकास गर्ने रूपक विधाको मूल प्रयोजन पूरा गर्न माथि उल्लेखित केही सुझावहरुलाई समेत सम्मिलित गरिएमा यो पाठ्यक्रम अझै उपयोगी सिद्ध हुने देखिन्छ ।

## कक्षा ९ को पुरानो पाठ्यपुस्तक (२०६५) र नयाँ पाठ्यपुस्तक (२०७२) का बिचमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन

### ४.१४ परिचय

यो अध्याय शोधपत्र सँग सम्बन्धित छ । यस अध्यायमा विश्लेषण गरिने पाठहरुको पाठगत अध्यायन भाषिक सीपका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । यस शोधपत्रमा कक्षा ९ को पुरानो (२०६५) र नयाँ (२०७२) को पाठ्यपुस्तकमा समाविष्ट रूपक विधामात्र पर्दछन् ।

### ४.१५ दुवै पाठ्यपुस्तक भित्र समाविष्ट रूपक विधाका पाठहरुको विषयवस्तुगत अध्ययन

कक्षा ९ को पुरानो पाठ्यपुस्तक (२०६५) भित्र मानिस सबै एकै हौ संवाद र अपाङ्गहरु प्रति हाम्रो दायित्व वक्तृता राखिएको छ भने नयाँ पाठ्यपुस्तक (२०७२) मा पनि यसैलाई निरन्तरता दिदै मानववेचविखन विरुद्ध हाम्रो दायित्व वक्तृता र महिला हिंसा संवाद राखिएको छ । क्रम संख्यामा हेरफेर भएपनि दुवै पाठ्यपुस्तकमा संवाद वक्तृतालाई रूपक विधा अन्तर्गत समावेश गरिएको छ ।

#### ४.१५.१ अपाङ्गहरुप्रति हाम्रो दायित्व वक्तृताको अध्ययन

अपाङ्गहरुप्रति हाम्रो दायित्व वक्तृता नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित कक्षा ९ को नेपाली (२०६५) कितावमा समावेश गरिएको वक्तृता हो यसमा आफू शारीरिक रुपले अशक्त भएर पनि यस धरतीलाई ज्ञान र कलाको माध्यमबाट सुन्दर फूलबारी बनाउन योगदान दिन यस्ता व्यक्तिहरु सदा आदरणीय बनेका छन् । तिनीहरुको प्रतिभाबाट सबै मानवजातिले आशाबादी बनेर पाइला अघि सार्न प्रेरणादायी सन्देश पाउन सक्दछन । तिनीहरुको सिर्जनशीलताको कदर गर्न भने कसैले पनि चुक्नु हुँदैन भन्ने मूल अभिप्रायका लागि 'अपाङ्गहरुप्रति हाम्रो दायित्व' वक्तृताले प्रस्तुत गरेको पाइन्छ ।

##### ४.१५.१.१. शीर्षक

विभिन्न दुर्घटना, अज्ञानता र भवितव्यका कारणबाट मानिस अपाङ्ग हुने गर्दछन् । स्वास्थ्यकर्मीहरुको अधुरो ज्ञान वा अज्ञानताबाट पनि कतिपय मानिसहरु अपाङ्ग बनेका हुन्छन् । निको हुने रोग पनि आर्थिक बिपन्नताका कारणबाट उपचार गराउन नसकेर अपाङ्ग बनेका हुन्छन् । यी र यस्ता विभिन्न कारणबाट अपाङ्ग हुनेहरुको संख्या नेपालमा अहिले २७ लाख नाघिसकेको तथ्याङ्कले बताउँछ । अपाङ्गहरु ती राष्ट्रयका नागरिकहरु नै हुन् । उनिहरुलाई पनि सम्मानित र मर्यादित जीवन बाँच्ने अवसर दिनुपर्छ । अनीहरुले आफ्नो प्रतिभा, ज्ञान र सीपका माध्यमबाट देश विकासमा महत्वपूर्ण योग्दान पूऱ्याउन सक्छन । त्यसैले अपाङ्गहरु प्रति हाम्रो समाज र राष्ट्रले

आफ्नो नैतिक दायित्व निर्वाह गर्न सक्नुपर्छ । भन्ने जोडदार आवाज उठिरहेको परिपेक्षमा 'अपाङ्गहरुप्रति हाम्रो दायित्व' शीर्षकमा जीवनको महत्वपूर्ण उमेरमा प्रवेश गरेका कक्षा १० का छात्र छात्राहरुबीचमा वक्तृत्वकला प्रतियोगिता गराइ अपाङ्ग र उनीहरु प्रतिको व्यवहारबारे जानकारी गराउनु नितान्त आवश्यक छ । त्यसैले शीर्षक र विषयवस्तुबीच सामञ्जस्य देखा पर्दछ ।

**४.१५.१.२ विषयवस्तुगत संरचना**

कक्षामा वक्तृताको अभ्यास गराउने मूख्य उद्देश्य विद्यार्थीहरुलाई भविष्यका कुशल वक्ता बनाउनु हो । यस्तो कुशलताका लागि आत्मविश्वास, आकर्षकशैली स्पष्ट शुद्ध र सरल भाषा तथ्यपरक प्रस्तुति आदि गुणहरुको आवश्यकता पर्दछ । यी बाहेक वक्तामा स्रोतालाई आकर्षित गर्ने अन्य कतिपय चतुऱ्याईको पनि आवश्यकता हुन्छ विद्यालयतह देखिनै यस्ता कुराहरुको अभ्यास गराए विद्यार्थीहरु वक्तृताका प्रवीण हुदै जान पाउँछन् ।

वक्तृतात्मक अभिव्यक्ति बोलाइ सीपसँग सम्बन्धित कला हो । विद्यार्थीहरुसँग कुनै विषयको ज्ञानमात्र भएर पुग्दैन, त्यस ज्ञानलाई आकर्सक र रोचक ढङ्गबाट अभिव्यक्त गर्न सक्ने सीप वा कला भएमा त्यो अभिव्यक्ति उत्कृष्ट वक्तृताको नमुना बन्न सक्तछ । त्यसैले उत्कृष्ट वक्ता बन्नका लागि विषयगत ज्ञान आफैमा महत्वपूर्ण हुँदैछ, यसका साथै कुशल अभिव्यक्ति क्षमता अन्तर्गत आत्मविश्वास, प्रवाहपूण शैली, भाषिक शुद्धता र विषयकेन्द्री प्रस्तुति पनि त्यतिकै महत्वपूर्ण हुन्छन् । यिनै कुराहरुबाट नै एउटा वक्ताले आफू र श्रोतावर्गबीच अन्तर्सम्बन्ध स्थापना गर्न सक्तछ ।

कक्षामा भाषणको कार्यकलाप गराउँदा शिक्षकले भाषणको विषयवस्तु छनोट गरिदिनुपर्छ र त्यस विषयमा भाषण सुरु गराउनु भन्दा पहिले नै शिक्षाथीहरुबाट उद्घोषण गर्ने, स्वागत गर्ने, धन्यवाद ज्ञापन गर्ने र सभापति हुने व्यक्ति छानिनु पर्छ । साथै कक्षा कार्यकलापको समयअनुरुप वक्तहरु पनि निश्चित भइसक्नु पर्छ । सभापति हुनुमा पनि विधार्थीहरुलाई नै प्रोत्साहन गर्नु वेश हुन्छ । उक्त स्थितिमा शिक्षकले निर्णायक तथा टिप्पणीकारको काम गर्न सक्छन । भाषणका विषयवस्तुसँग सामयिक हुनु आवश्यक छ । कक्षामा गराइने उक्त किसिमको कार्यकलाप कुनै सभासमारोहमा हुने वास्तविक भाषणको अनुकृति वा अभिनयजस्तै हुनुपर्छ ।

वक्तृता तथा वक्तृता शिक्षणका उपर्युक्त कथनहरु तथा माध्यमिक तहको नेपाली पाठ्यक्रमका आधारमा कक्षा १० को नेपाली पाठ्चपुस्तकमा प्रयुक्त 'अपाङ्गहरुप्रति हाम्रो दायित्व' शीर्षक वक्तृताको सिकारुको उमेर अनुकुल सान्दर्भिक छ ।

### ४.१५.१.३ वक्ता र भाषा

वक्तृत्वकला प्रतियोगितामा वक्ताको महत्वपूर्ण भूमिका रहन्छ । वक्ताले वक्तव्यको क्रममा प्रस्तुत गर्नु पर्ने विषयवस्तुको तथ्याङ्कत्मक र व्यापक जानकारी हाँसिल गरेको हुनुपर्छ । श्रोतादीर्घामा सामान्यदेखि विशिष्ट क्षमता भएका व्यक्तिहरु रहेका हुन्छन् । वक्ताहरुबाट उनीहरु सबै प्रभावित र लाभान्वित हुन सक्नु पर्छ ।

कक्षा १० को नेपालीमा प्रयुक्त अपाङ्गहरुप्रति हाम्रो दायित्व वक्तृतामा उक्त कक्षाकै नेहा यादव र मान वहादुर आलेले भाग लिएका छन् । छात्र र छात्राको बराबरी सहभागिता छ । दुवै छात्रछात्राले स्तरीय कथ्य नेपालीको प्रयोग गरेका छन विषयवस्तुलाई प्रस्ट पार्ने क्रममा राष्ट्रिय जीवन र अन्तराष्ट्रिय जीवनका विभिन्न उदाहरणहरु प्रस्तुत गरेर आफ्नो वक्तव्यलाई तथ्यपूर्ण र सारगर्भित बनाउने चेष्टा गरेका छन् । सरल र अलङकृत दुवै शैलीमा आफ्ना शब्द, वाक्यांश र वाक्यलाई स्तरीय बनाउने प्रयत्न गरेका छन् । माध्यमिक तहका विद्यार्थीहरुको भाषिक स्तरसँग मिल्दो सङ्क्षिप्त, सरल, र स्तष्ट अभिव्यक्ति देखापर्दछ । वक्ताहरुको संख्या बृद्धि गर्नु पर्ने देखिन्छ । वक्ताहरुबाट व्यक्त भएका अभिव्यक्ति प्रवचन, भाषण, वक्तव्यका केही नमुनाहरु नेहा यादव- हेलेन केलर, जोन मिल्टनजस्ता व्यक्तित्वहरु अपाङ्ग भएपनि आफ्ना बेजोड प्रतिभाले गर्दा संसारमै प्रसिद्ध छन् ।

मानबहादुर आले- ‘कर्म वा भाग्यले कोही अपाङ्ग हुँदैनन् । शिशु गर्भावस्थामै रहँदा वा जन्मेपछि पौष्टिक आहारको कमि भएमा, युद्ध र बारुदी सुरुङ्गमा परेमा, खानीहरुमा काम गर्दा, दुर्घटनामा परी अङ्गभङ्ग भएमा, शिशुहरुलाई उपयुक्त समयमा खोप नलगाएमा उनीहरु (मानिसहरु) अपाङ्ग हुन्छन् । सुस्तश्रवण, अन्धोपन र मानसिक अस्वस्थताबाट पनि मानिस अपाङ्ग बनेका छन् ।”

### ४.१५.१.४ उद्देश्य

आफू शारीरिकरुपले अशक्त भएपनि यस धरतीलाई ज्ञान र कलाको माध्यमबाट सुन्दर फूलबारी बनाउन योग्दान दिने यस्ता व्यक्तिहरु सदा आदरणीय बनेका छन् । तिनीहरुको प्रतिभाबाट सबै मानव जातिहरुले आशिर्वाद बनेर पाइला अघिसार्न प्रेरणादायी सन्देश पाउन सक्तछन् तिनीहरुको सिर्जनशीलताको कदर गर्न भने कसैले पनि चुक्नु हुँदैन भन्ने मूल अभिप्रायले नै ‘अपाङ्गहरुप्रति हाम्रो दायित्व’ वक्तृता प्रस्तुत गरिएको पाइन्छ ।

### ४.१६ 'अपाङ्गहरुप्रति हाम्रो दायित्व' शीर्षक वक्तृतासँग भाषिक सीपको सम्बन्ध

पाठ्यक्रममा वक्तृताबाट निर्दिष्ट शीर्षकमा प्रवचन वा भाषण दिने खास विषयमा केन्द्रित रही वक्तृता लेख्ने, निर्दिष्ट वक्तृताको बुँदा टिपोट गर्ने र सारांश लेख्ने जस्ता सीपको विकास गर्ने अपेक्षा राखिएको छ ।

वक्तृता शिक्षणबाट प्राप्त हुने भाषिक सीप विषयका उक्त विचारको पृष्ठभूमिमा कक्षा १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त 'अपाङ्गहरुप्रति हाम्रो दायित्व' शीर्षक वक्तृता शिक्षणबाट भाषिक सीप विकासको प्रयासलाई यसप्रकार अगाडि बढाएको पाइन्छ ।

प्रस्तुत वक्तृत्वकला शिक्षणको लागि नेपाली शिक्षक निर्देशिका कक्षा १० मा विषयवस्तु र बार्षिक पाठ्यभार यसप्रकार निर्धारण गरिएको छ : शब्दोच्चारण शब्दार्थ र वाक्यमा प्रयोग-१, वक्तृतापाठन र प्रश्नोत्तर-२, बुँदाटिपोट, सारांश-१ वक्तृता रचना र कक्षा प्रस्तुति-२, चिन्ह परिचय (व्याकरण)-२ गरी पाँच पाठ्यवस्तुमा विभाजन गरी आठ घण्टी निर्धारण गरीएको छ ।

प्रस्तुत वक्तृताबाट पाठमा प्रयुक्त कठिन शब्दको उच्चारण गर्न, अर्थ भन्न र निर्दिष्ट शब्दलाई वाक्यमा प्रयोग गर्न उपयुक्त हाउभाउ र चेष्टासहित गति, यति मिलाइ सस्वरवाचन गर्न र पाठमा आधारित प्रश्नहरुको उत्तर दिन, निर्दिष्ट वक्तृता सुनेर वा पढेर बुँदा टिपोट गर्न, सिलसिला मिलाएर सारांश भन्न, लेख्न दिएको शीर्षकमा वक्तृता रचना गर्न, उक्त रचनालाई मौखिक वा पठितरुपमा प्रस्तुत गर्न, लेख्य चिह्नको उदाहरण सहित परिचय दिन, चिन्न प्रयोग गर्ने आदि भाषिक सीपहरुको विकास गर्ने अपेक्षा नेपाली शिक्षक निर्देशिकाले राखेको छ ।

उपर्युक्त अपेक्षा पूरा गर्न निम्ननुसार क्रियाकलापहरुमा संलग्न गराइ शिक्षण गरेमा उपर्युक्त भाषिक सीपहरु पुरा हुने कुरा पाठ्यक्रम विस्तृतीकरणमा उल्लेख भएको छ ।

लिखित वक्तृतालाई शुद्ध र स्पष्टसँग स-स्वरवाचन गर्न लगाउने, पाठलाई मौनवाचन गर्न लगाई त्यस्का मुख्यमुख्य कुरा हरु भन्न लगाउने, वक्तृतात्मक अभिव्यक्तिको मौखिक र लिखित अभ्यास गराइ प्रभावशाली बनाउन चाहिने आवश्यक कुरा बताइदिने, खास विषयशीर्षकमा निश्चित समयावधी तोकी वक्ताको मौखिक अभ्यास गराउने, व्याख्यान, प्रवचन वा वक्तव्यको विषय तोकी वक्तृता लेख्न लगाउने, वक्तृताको सारांश लेख्न अभ्यास गराउने र वक्तृताको बुँदा टिपोट गर्न लगाउने आदि क्रियाकलापमा संलग्न गराएर उपर्युक्त अपेक्षाहरु पुरा गर्नका लागि 'अपाङ्गहरुप्रति हाम्रो दायित्व' भन्ने पाठ्यवस्तु निर्धारण भएको पाइन्छ ।

लेख्य चिह्नहरुको परिचय, प्रयोग स्थान र यसवाट अर्थमा आउने परिवर्तनको अभ्यास पाठ्यक्रम विस्तृतीकरणको वक्तृता सम्बन्धि क्रियाकलापमा संलग्न भएको पाइँदैन । कठिन

शब्दहरु, उखान टुक्का आदि व्याकरणिक अभ्यासका क्रियाकलापहरु रूपकका छुट्टै विधागत क्षेत्र ( वक्तृता) मा नै समावेश गर्न उपयुक्त हुन्छ । माथिका केही सुझावहरु समेत संलग्न गरिदा प्रस्तुत पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध बाट रूपक विधाअन्तर्गत वक्तृताबाट मूलत : बोलाई सीपको र अशंः सुनाइ पढाइ र लेखाइ सीपको पनि समुचित विकास हुने हुदा प्रस्तुत वक्तृताको भाषिक सीपसँग निकट सम्बन्ध देखा पर्दछ ।

**४.१७ संरचना**

कक्षा ९को पाठ्यपुस्तकमा प्रयुक्त 'अपाङ्गहरुप्रति हाम्रो दायित्व' शीर्षक वक्तृताको विषयवस्तुगत संरचनालाई आदि, मध्य र अन्त्य गरी तीन भागमा विभाजन गर्न सकिन्छ ।

प्रस्तुत वक्तृताका वक्ताहरुको अभिव्यक्तिक्रम जारी हुनुभन्दा अगाडि अर्थात वक्तृताको विषय शीर्षक, वक्ताहरुको छनोट प्रतियोगितामा श्रोता र वक्ता आदिका लागि मञ्च व्यवस्थापन सभापति, निर्णायक मण्डल, उद्घोष्कको चयन, वक्ताहरुले पालन गर्नु पर्ने नियमहरु आदि पूर्व तयारीको अवस्थालाई आदिचरण वा भाषाको रुपमा लिन सकिन्छ ।

यो वक्तृता विद्यालयको वार्षिक कार्यतालिका अनुसार प्रधानाध्यापकको सभापतित्वमा विद्यालयको सभाकक्षमा सञ्चालन भएको छ । विद्यालयका शिक्षक शिक्षिका तथा छात्र-छात्राहरु श्रोता वर्गमा रहेका छन् । कक्षा १० का नेहा यादव र मानबहादुर आले गरी दुई प्रतियोगी छन् भने रघु लिम्बुले उद्घोषण गरेका छन् । निर्णायक मण्डल र वक्तृतामा भाग लिने वक्ताहरुले पालना गर्नु पर्ने नियमहरुलाई प्रारम्भ वा आदि भागको रुपमा प्रस्तुत गरिएको छ ।

वक्ता छात्रा नेहा यादवले बोल्ने क्रमसँगै मध्यभाग प्रारम्भ भएको छ । यस वक्तृतामा कक्षा ९ का एकछात्र एकछात्रा गरी २ जना वक्ताले 'अपाङ्गहरुप्रति हाम्रो दायित्व' शीर्षकमा आ-आफ्ना अभिमत जाहेर गरेका छन् ।

पहिला वक्ता नेहा यादवले 'अपाङ्गहरु हाम्रै बन्धुवान्धव हुन र यसै देशका नागरिक हुन । उनीहरुमा पनि अरुजस्तै इच्छा, आकाङक्षा र चाहनाहरु हुन्छन हामीले उनीहरुलाई छिःछि र दूरदूर गर्ने होइन सम्मानित र मऱ्यादित जीवन बाँच्ने अवसर दिनुपर्दछ । उपयुक्त अवसर प्राप्त भए उनीहरुले पनि उल्लेखनीय कार्य गर्न सक्छन्' भनेर मानवतावादी विचार व्यक्त गरेकी छन् ।

दोस्रा वक्ता मानबहादुर आलेले अपाङ्गहरुको समस्या विश्वव्यापी समस्या हो । उनीहरुको हित वा कल्याणका लागि विश्व भरी नै चिन्तन भएको देखिन्छ । अहिले अपाङ्गहरुको नाममा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु प्रशस्त खुलेका छन् । तिनीहरुले पनि अपाङ्गहरुलाई सहयोग गर्दै आएको देखिन्छ । उनीहरुलाई राष्ट्रका अन्य नागरिकहरु सरह नागरिक

अधिकार तथा उपयुक्त अवसरको खाँचो छ । आवश्यक उपचार, शिक्षा र पुनर्स्थापनाका कार्यक्रमबाट अपाङ्गहरु पनि समाजमा मर्यदित र सम्मानित जीवन बाँचन चाहन्छन । देशले उनीहरुमा रहेको प्रतिभा र क्षमताको उपयोग गर्नुपर्छ । भनेर अपाङ्गहरु प्रति अन्तर्राष्ट्रिय प्रयास र राष्ट्रिय दयनित्व प्रति सचेत गराएका छन् ।

आलेको मन्तव्यपछि मध्यावस्था समाप्त भएको छ । वक्तृताको चरमोत्कर्ष पनि यही चरणमा प्राप्त भएको छ । दुवै वक्ताले आ-आफ्नो गहन चिन्तनका अभिव्यक्तिद्वबाट अपाङ्गहरुप्रति सरोकार समुहको दायित्वलाई चरमोत्कर्षमा पुऱ्याएर बोध गराउने प्रयत्न गरेका छन् ।

कार्यक्रममा सहभागी वक्ता छात्रछात्राहरुको अभिव्यक्तिक्रम समाप्त भएपछि निर्णयक मण्डलको परिणामको घोसणा, पुरस्कार वितरण, धन्यवाद ज्ञापन, सभापतिको मन्तव्यसहित सभा विसर्जन आदि वक्तृताको अन्त्यावस्था अन्तर्गत पर्दछन् ।

यस वक्तृतामा दुई विद्यार्थीको बीचमा प्रतियोगिता सञ्चालन गरिएको छ । चार भन्दा बढी छात्र-छात्राहरुको बीचमा गराउँदा बढी प्रतिस्पर्धात्मक हुने र निर्णय गर्नसमेत सजिलो हुन्छ । प्र.अलाई सभापति बनाउनुभन्दा सम्बन्धित विषयको शिक्षक वा कक्षा १० कै वक्तृताको राम्रो दक्षता भएका छात्रछात्राहरु भध्ये एकलाई सभापति बनाउँदा प्रतियोगिता अझै सङ्कोचरहित हुने थियो । कमर्यक्रम समाप्त गर्ने सभापतिको मन्तव्य भन्दा ठीक अगाडि उद्घोषक वा कुनै अर्को एक छात्रछात्राले प्र.अ. शिक्षक-शिक्षिकाहरु निर्णयक मण्डल लगायतका श्रोताहरुलाई धन्यवाद दिनु राम्रो हुन्थ्यो । यी केही सामान्य रुपमा अभाव खड्केको पक्ष बाहेक यो वक्तृत्वकला प्रतियोगिताले अपाङ्गहरुप्रति दायित्व शीर्षक मूल विषयवस्तु प्रतिपादन गर्न सफलता प्राप्त गरेको पाहन्छ ।

**तालिका नं. ८**

**अपाङ्गहरुप्रति हाम्रो दायित्व वक्तृताको संरचना**

| आदिभाग | मध्यभाग | अन्त्यभाग |
|---|---|---|
| १) वक्तृताको पूर्व तयारीको लागि व्यवस्थापन पक्ष | १) वक्तृत्वकला प्रतियोगितामा भागलिएका नेहा यादव र मान बहादुर आलेले व्यक्त गरेका सारभूत अभिव्यक्तिहरु | १) परिणम घोषणा, सभापतिको मन्तव्य सहित सभा विसर्जन |

## ४.१८ निष्कर्ष

अपाङ्ग र उनीहरुभित्र लुकेर रहेको क्षमता तथा उनीहरुप्रति गरिनुर्पे मानवीय व्यवहारबारे जानकारी दिन प्रस्तुत 'अपाङ्गहरुप्रति हाम्रो दायित्व' शीर्षक वक्तृतामा आदि, मध्य र

अन्त्यावस्थाको पालना भएको छ । पात्रको स्तर अनुसारको अभिव्यक्ति छ । समसामयिक उदाहरुणका लागि वक्ताहरुले आ-आफ्नो अध्ययनको क्षेत्रलाई निकै बिस्तार गरेका छन् ।

यसै क्रममा वक्ताहरु वक्तृताको मूल विषयवस्तु प्रतिपादन गर्न सफल भएका छन । यस वक्तृतामा प्रारम्भ चरण र समापनका चरणको अभ्याससमेतको पाठ्यपुस्तकभित्र अभ्यास गराइनु पर्दछ । सङ्केतका आधारमा उद्घाटन र विसर्जनका समयका कुसलता विकास हुन सक्दैन । निर्दिष्ट शीर्षकमा प्रवचन दिने, खास विषयमा केन्द्रित भई वक्तृता लेख्ने, निर्दिष्ट वक्तृताको टिपोट गर्ने आदि भाषिक सीपसँग यस वक्तृताको निकट सम्बन्ध देखा पर्दछ । सारांशमा अभिनेयात्मक, स्वकथनात्मक, संवादत्मक र अभिव्यक्तिगत भाषिक सीप विकासका लागि रूपक विधाका विषयवस्तुगत संरचना र माध्यमिक तहको कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उपर्युक्त विधाहरुका लागि उपयोगी देखा पर्दछन ।

समग्रमा भन्दा प्रतियोगी विद्यार्थी २ जना मात्र राखिएको हुँदा विद्यार्थी-विद्यार्थीका बीचमा प्रतिस्पर्धा चाहिँ कम भएको देखिन्छ । यसमा अरु बढी विद्यार्थीहरुलाई सहभागी गराइदा अझबढी प्रभावकारी हुने देखिन्छ ।

## ४.१९ मानव बेचबिखन बिरुद्ध हामो दायित्व (वक्तृता)

### ४.१९.१ शीर्षक

शिक्षा मन्त्रालय पाठ्यक्रम विकासकेन्द्र द्धारा निर्धारित पाठ्चक्रमका आधारमा डा.धनप्रसाद सुवेदी ध्रुव प्रसाद ढुङगाना, द्रोण दहाल र अन्य द्धारा लेखन तथा जनक शिक्षा समाग्री केन्द्र द्धारा प्रकाशित यस कक्षा ९ (२०७३)को नेपाली भाषा पाठ्यपुस्तकमा पाठ पाँचमा 'मानव बेचबिखन बिरुद्ध हाम्रो दायित्व' वक्तृता राखिएको यस वक्तृतामा मोहम्बद आलम र अयोध्य पौडेल, मनोज तामाङ र राम सापकोटा वक्तका रुपमा रहेका छन् । आयामका दृष्टिले मझौला आकारको यस वक्तृतामा मानववेचविखन हुने प्रमुख कारण र त्यसलाई रोक्न अपनाउनु पर्ने उपायका बारेमा चारजना वक्ताका माध्यमबाट विश्लेषण गरिएको छ ।

यस वक्तृताको शीर्षक मानववेचविखन विरुद्ध हाम्रो दायित्व रहेको छ । मानव वेचविखन वर्तमान समयको ठूलो समस्या हो । यसलाई रोक्नु पर्छ भन्ने विषयसँग यो वक्तृता सम्बन्धित छ । विभिन्न कारणले मानिसहरु पशुसरह वेचिन पुगेका छन् । यसलाई निर्मुल पार्नुपर्छ भन्ने विचार यस वक्तृतामा प्रथम वक्तका रुपमा रहेका मोहम्बद आलमले महिला र बालबालिकाहरु बढी मात्रामा बेचिएका, यसको कारण प्रलोभन हो र यसलाई रोक्न व्यक्ति समाज विभिन्न संघसंस्था र राज्यको सहयोग आवश्यक पर्दछ । मानव वेचविखनलाई रोक्न लक्षित समुदायसम्म रोजगारीको अवसर, शिक्षाको अवसर गरिबी निवारणका कार्यक्रमहरुको व्यवस्था गरिनुपर्छ । मानववेचविखनका

विरुद्धमा लाग्ने मानिसहरुलाई राज्यले प्रोत्साहित गर्नुपर्छ र वेचविखनमा लागेका व्यक्तिहरुलाई सामाजिक बहिस्कार गरी कडा भन्दा कडा कारबाही गरिनु पर्दछ भनेका छन् । यिनै भनाइसँग सबै वक्ता सहमत छन् । यसरी कक्षा ९ का छात्र-छात्राका बीचमा वक्तृत्वकला प्रतियोगिता गराइ मानव वेचविखनको कारण र यसले निम्त्याउने परिणाम अनि यसलाई रोक्न अपनाउनु पर्ने उपायका बारेमा जानकारी गराउनु नितान्त आवश्यक छ । त्यसैले शीर्षक र विषयवस्तु बिच सामञ्जस्य देखिन्छ ।

### ४.१९.२ संरचना

कक्षा ९ को पाठ्यपुस्तकमा प्रयुक्त 'मानव बेचबिखन बिरुद्ध हाम्रो दायित्व' शीर्षक वक्तृताको विषयवस्तुगत संरचनालाई आदि, मध्ये र अन्त्य गरी तीन भागमा विभाजन गरिएको छ । प्रस्तुत वक्तृताका वक्ताहरुको अभिव्यक्ति क्रम जारी हुनुभन्दा अगाडि अर्थात विषयशीर्षक, वक्ताहरुको छनोट, प्रतियोगितामा श्रोता वक्ता आदिका लागि मञ्च व्यवस्थापन, सभापति, निर्णायक मण्डल उद्घोषकको चयन, वक्ताहरुले पालना गर्नु पर्ने नियमहरु आदि पूर्व तयारीको आदि वा सुरुको चरणका रुपमा लिइएको छ ।

यो वक्तृता विद्यालयको बार्षिक कार्यतालिका अनुसार प्रधानाध्यापकको सभापतित्वमा उच्चमाध्यमिक विद्यालयको सभाकक्षमा सञ्चालन भएको छ । विद्यालयका शिक्षक शिक्षिकक तथा विद्यालयमा अध्ययनरत छात्र-छात्राहरु श्रोतावर्गमा रहेका छन् । यस वक्तृतामा वक्ताका रुपमा रहेका चारैजना कक्षा ९ का विद्यार्थी रहेका छन । कक्षा ९ कै छात्र सुमन मिजारले उद्घोषण गरेका छन् । उनले वक्ता तथा निर्णायक मण्डलले पालना गर्नु पर्ने नियमहरुका बारेमा बताएका छन् । यसलाई पनि आदि वा प्रारम्भ चरणका रुपमा प्रस्तुत गरिएको छ ।

कक्षा ९ का २ जना छात्र २ जना छात्राले मानव वेचविखन विरुद्ध आ-आफ्नो अभिमत जाहेर गरेका छन । जसमा : पहिलो वक्ता मोहम्वद आलमले मानववेचविखन भनेको आजको समाजको जीवन्त समस्या हो । अज्ञानता, बेरोजगार, आर्थिक विपन्नता, भेदभावपूर्ण सामाजिक संरचना आदिका कारण मानववेचविखन भइरहेको छ । यसले मानिसहरु विभिन्न किसिमका शारीरिक तथा मानसिक रोगका सिकार हुन्छन भने समाजवाट तिरस्तृत हुनुपर्ने अवस्था छ । यसलाई अबिलम्ब रोकिनुपर्छ । जस्का लागि सामाजिक संस्था, समाज, स्थानीय निकाय, र सरकारले समेत यसप्रति सचेत भई लक्षित समुदायमा रोजगारीमूलक अवसर, गरिबी निवारणका कार्यक्रमहरुको व्यवस्था, शिक्षाको अवसर, मानववेचविखन विरुद्ध लाग्नेलाई प्रोत्साहन र मानववेचविखन गर्नेलाई कडा सजायका साथै सामाजिक बहिस्कार गर्नु पर्दछ भन्ने मानवतावादी विचार व्यक्त गरेका छन् ।

दोस्रो वक्ताका रुपमा रहेकी कक्षा ९ की छात्रा अयोध्या पौडेलले मानववेचविखन बढी मात्रामा अविकसित र अल्पविकसित मुलुकमा हुने गरेको, हामी एक्काइसौं शताब्दी आइपुगदा विभिन्न संघ संस्था संयुक्त राष्ट्रसंघ जस्ता संस्थाहरु स्थापना भएर दासप्रथाको उन्मूलन गर्ने घोषणा गरेपनि मानवहरु बजारमा पशुसरह विकि हुँदा पनि टुलुटुलु हेर्न, वाध्य छौँ । नेपालमा वेश्यावृतिमा लगाउने, श्रम शोषण गर्ने, मजदुर बनाउने, मानववेचविखन गर्ने, लाघु औषध व्यापार गर्ने, अश्लिल चलचित्रमा काम गर्न, सर्कसमा काम गर्न मानवहरु वेचिइरहेका छन् ।

यसले समाजमा विकृति र विसङ्गति बढाउँदै लाने र विभिन्न किसिमका शारीरिक तथा मानसिक रोगको सिकार भई समाजमा तिरस्तृत भई बस्नुपर्ने हुन्छ । यसको मूलकारण मानववेचविखन नै हो । मानववेचविखनको प्रमुख कारण खुल्ला सीमा, कानुनको कार्यान्वयनमा फितलोपन, वैदेशिक रोजगार प्रतिको मोह, राजनैतिक अस्थिरता, अवसरको खोजिमा सहर पस्ने प्रवृति हुन् । मानववेचविखनलाई रोक्न विभिन्न किसिमका प्रयास भएपनि यसको नियन्त्रण हुन सकेको छैन । त्यसैले यसलाई रोक्न पाठ्चक्रमलाई रोजगारी मूलक र व्यवसायिक बनाउनु पर्छ विद्यार्थीहरुबाट सचेतनाका कार्यक्रमलाई अघि बढाउनु पर्दछ । गरिबी निवारणका लागि सबै निकायहरु संवेदनशील हुनुपर्छ, भन्ने महत्वपूर्ण विचार राखेकी छिन ।

तेस्रो वक्ताकारुपमा रहेका मनोज तामाङले विवेकशील प्राणी भए पनि मानिस पशु सरह वेचिनु दुर्भाग्य हो भन्दै भोक्तावादी पैसामुखी समाज, नैतिकताको ह्रास, अशिक्षा, गरिबी, बेरोजगारी आदि मानववेचविखनका प्रमुख कारण हुन । घरायसी कामदार बनाउने मानव अङ्गवेचविखन गराउने कार्य पनि मानववेचविखन हो भन्दै यो समस्या प्राकृतिक नभई हामी भोग विलासवादी भएर हामीले नै सिर्जना गरेको समस्या हो यसलाई रोक्न राज्यका अङ्गहरुलाई सशक्त बनाइनुपर्छ । विद्यार्थीहरु चेतनाका संवाहक भएकोले उनीहरुलाई चेतना फैलाउने कार्यमा सक्रियबनाइ यस किसिमको निकृष्टमानवतावादी हीन कार्यका विरुद्ध सबै विधार्थीहरु एकजुट हुन आग्रह गरेका छन् ।

चौथो तथा अन्तिम वक्ताका रुपमा रहेकी छात्रा रमा सापकोटाले मानववेचविखन र ओसारपसारको व्यापारले नेपाल र विश्व परिवेशमा परेको प्रभावको बारेमा चर्चा गरेकी छन् । मानववेचविखन देश भित्र र देश बाहिर हुने गरेको छ । कतिपय बाहिरी मुलुकमा कामदारका रुपमा जान राज्यले प्रतिबन्ध लगाए पनि कानुनका आँखा छलेर अर्को देशको बाटोभएर मानव तस्करी भइरहेको छ । यसतर्फ सबैको ध्यान केन्द्रित हुनुपर्छ भन्दै पैसा र पदको दुरुपयोग सोझा-साझा व्यक्ति तथा आफन्तहरुलाई विश्वासघात गरी यस किसिमको अपराध हुने गरेको पाइए पनि यस विषयमा राज्य मौन रहेको विचार व्यक्त गरेकी छन् । यस विकराल समस्यालाई रोक्न कानुनी प्रावधान बलियो बनाउनु पर्ने, कानुनको उचित कार्यान्वयन गर्नुपर्ने, कानुनी कमिकमजोरी

सुधार गर्नु पर्ने, आपराधिक गतिविधिको गोप्य सूचना दिने व्यक्तिलाई सम्मानित गर्नुपर्ने, राज्यलाईै अपराध मूक्त बनाउन प्रत्येक नागरिकसक्रियतापूर्वक लाग्नु पर्ने, विद्यालय तहका पाठ्यपुस्तकबाट सचेतना अभियान चनाउनु पर्ने जस्ता महत्वपूर्ण र सुधारात्मक उपाय बताएकी छिन् ।

कार्यक्रममा सहभागी वक्ता छात्रछात्राहरुको अभिव्यक्तिको क्रम समाप्त भएपछि निर्णायकमण्डलबाट परिणामको घोषणा पुरस्कार वितरण, धन्यवाद ज्ञापन, सभापतिको मन्तव्य सहित सभाविसर्जन आदि अन्त्यावस्था अन्तर्गत पर्दछ ।

यस वक्तृतामा चारजना विद्यार्थीका बँचमा प्रतियोगिता सञ्चालन गरिएको छ । यसले छात्रछात्राका बीचमा प्रतिस्पर्धा बढाएको छ । प्रधानाध्यापकलाई सभापति बनाउनुभन्दा सम्बन्धित विषयको शिक्षक वा कक्षा १० कै वक्तृताको राम्रो दक्षता भएको छात्रछात्राहरु मध्ये एकलाई सभापति बनाउँदा प्रतियोगिता अझै सङकोचरहित बन्ने थियो । कार्यक्रम समाप्त गर्ने सभापतिको मन्तव्यभन्दा ठीक अगाडि उद्घोषक वा कुनै छात्र छात्राले प्रअ शिक्षक-शिक्षिकाहरु निर्णायक मण्डल लगायतका श्रोताहरुलाई धन्यवाद दिनु राम्रो हुन्थ्यो । यी सामान्य रुपमा अभाव खड्केको पक्ष बाहेक यो ‘मानव वेचविखन विरुद्ध हाम्रो दायित्व’ शीर्षात्मक वक्तृत्वकला मूल विषयवस्तु प्रतिपादन गर्न सफलात प्राप्त गरेको देखिन्छ ।

**४.१९.३ वक्ता र भाषा**

वक्तृत्वकला प्रतियोगितामा अग्रणी भूमिका वक्ताको हुन्छ । जुन विषयवस्तुमा आफ्नो अभिव्यक्ति दिनुपर्ने हो । त्यसमा दखलता साथै तथ्यपरक जानकारी हुनु आवश्यक छ । श्रोतागणमा सामान्य तथा विशिष्ट क्षमता भएका व्यक्तिहरु हुन्छन जो वक्ताको अभिव्यक्तिबाट सन्तुष्ट हुन सक्नु पर्छ ।

कक्षा ९ को मानव वेचविखन विरुद्ध हाम्रो दायित्व शीर्षक वक्तृतामा उक्त कक्षा का छात्र र छात्राको समान सहभागिता रहेको छ । उनीहरु सबैले स्तरीय कथ्यभाषाको प्योग गरी विषयवस्तुलाई प्रस्ट पार्न उदाहरण र तथ्यपूर्ण अभिव्यक्तिका साथ सरल ढङ्गबाट सारगर्भित बनाउने चेष्टा गरेका छन माध्यमिक तहका विद्यार्थीहरुको स्तर क्षमतासँग मिल्दो सरल स्पस्ट अभिव्यक्ति दिएका छन् वेचविखन नक्कली विवाह, प्रलोभन, बैदेशिक रोजगारीको मोह, लागु औषधको व्यापर, अङ्ग प्रत्यङ्गको चोरी, , कानुनको कार्यान्वयनमा फितलोपना खुला सीमाना आदिको कारण मानवतस्करहरु सकिय भएका छन भन्ने विषयमा सबै वक्ता सहमत देखिन्छन ।

समग्रमा यस वक्तृतामा सरल सुगठित र माध्यमिकतहका सिकारुको स्तर क्षमता अनुकुलको भाषा प्रयोग गरिएको छ ।

### ४.१९.४ उद्देश्य

कुनै पनि किसिमले व्यक्ति वेचिनु पाराविक व्यवहार हो । चाहे घरायसी कामदार, मजदुर, वेश्यावृति वा वैदेशिक रोजगारीमा ठगी आखा, मुटु, मृगौला आदिको तस्करी यी सबैको न्युनीकरणका निमित सुचनाका संवाहक विद्यार्थीहरुलाई यस विषयमा जानकारी गराउन साथै यी विषयहरुमा सचेत गराउन माध्यमिक तहको पाठ्यपुस्तकमा मानववेचविखन विरुद्ध हाम्रो दायित्व वक्तृता प्रस्तुत गरिएको छ । वर्तमान समयमा विभिन्न कारणले मानव वेचविखन भइरहेका छन जसको न्युनीकरणका निमित विद्यालय तहमा वक्तृताका माध्यमबाट सचेत गराउने उद्देश्यले पाठमा समावेश गरिको छ ।

### ४.२० मानव वेचविखन विरुद्ध हाम्रो दायित्व वक्तृतासँग भाषिक सीपको सम्वन्ध

वक्तृता शिक्षणका माध्यमबाट प्राप्त हुने भाषिक सीप विषयका उक्त विचारको पृष्ठभूमिमा कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त ‘मानव वेचविखन विरुद्ध हाम्रो दायित्व’ शीर्षक वक्तृता शिक्षणबाट भाषिक सीपविकासको प्रयासलाई यस प्रकार अगाडि बढाइएको पाइन्छ ।

प्रस्तुत वक्तृत्वकला शिक्षयणका लागि नेपाली शिक्षक निर्देशिका कक्षा ९ मा सुनाइ, बोलाइ, पढाइ, लेखाइका निमित्त आठ पाठ्यभार राखिएको छ । जसमा शब्दोच्चारण शब्दार्थ र वाक्यमा प्रयोग, वक्तृता पठन र प्रश्नोत्तर, बुँदा टिपोट सारांश, वक्तृता रचना र कक्षा प्रस्तुति, चिह्न प्रयोग आदि भन्नि पाठ्यवस्तुमा विभाजन गरिएको छ ।

प्रस्तुत वक्तृताबाट पाठमा प्रयुक्त कठिनशब्दको उच्चारण सारांश भन्न लेख्न, रचनालाई मौखिक वा लिखित रुपमा प्रस्तुत गर्न उदाहरण सहित परिचय दिन, चिह्नहरुको प्रयोग र स्थान पहिल्याउन अर्थमा आउने परिवर्तन ठम्याउन र शुद्ध प्रयोग गर्न आदि भासिक सीपको विकास गर्ने अपेक्षा नेपाली शिक्षक निर्देशिकाले राखेको छ ।

लिखित वक्तृतालाई शुद्ध र स्पस्टसँग सस्वर वाचन गर्न लगाउने, पाठलाई मौन वाचन गर्न लगाइ त्यसका मुख्यमुख्य कुराहरु भन्न लगाउने वक्तृतात्मक अभिव्यक्तिको मौखिक र लिखित अभ्यास गराइ प्रभावशाली बनाउन चाहिने आवश्यक कुरा बताइदिने खास विषयशीर्षकमा निश्चित समयावधि तोकी वक्ताको मौखिक अभ्यास गराउने, व्याख्यान प्रवचन वा वक्तव्यको विषय तोकी वक्तृता लेख्न लगाउने, वक्तृताको सारांश लेख्ने अभ्यास र वक्तृताको बुँदा टिपोट गर्न लगाउने आदि क्रियाकलापमा संलग्न गराएर उपर्युक्त अपेक्षाहरु पूरा गर्नका निमित्त ‘मानव वेचविखन विरुद्ध हाम्रो दायित्व’ भन्ने पाठ्यवस्तु निर्धारणभएको पाइन्छ ।

लेख्य चिह्नहरुको परिचय, प्रयोग स्थान र यसबाट अर्थमा आउने परिवर्तनको अभ्यास पाठ्यक्रम विस्तृतीकरणको वक्तृता सम्बन्धि क्रियाकलापमा संलग्न भएको पाइदैन । कठिन शब्दहरु, उखानटुक्का आदि व्याकरणिक अभ्यासका क्रियाकलापहरु रूपकका छुट्टै विधागत क्षेत्र ( वक्तृता) मा नै समावेश गर्न उपयुक्त हुन्छ । माथिका केही सुझावहरु समेत संलग्न गरिदा प्रस्तुत पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्धबाट रूपक विधाअन्तर्गत वक्तृताबाट मूलत : बोलाइ, सीपको र अंशत सुनाइ पढाइ र लेखाइ सीपको पनि समुचित विकास हुने हुँदा प्रस्तुत वक्तृताको भाषिक सीपसँग निकट सम्बन्ध देखा पर्दछ ।

**४.२१ निष्कर्ष**

मानव वेचविखन साथै मानवीय अङ्ग वेचविखन अतिकम विकसित र अविकसित मूलुकको एक टट्कारो समस्याको रुपमा रहेको छ । वर्तमान समयमा आफन्त, छिमेकी नातेदार भनेर कसैको पनि विस्वास गर्ने वातावरण छैन । 'मानव वेचविखन विरुद्ध हाम्रो दायित्व' शीर्षक वक्तृता आदि मध्य र अन्त्य गरी ३ भागमा गरी समापन गरिएको छ ।

यसरी बेचिएका व्यक्तिहरु देह व्यापार घरायसी कामदार वा दास बनाउनु अवैध लागु औषध ओसार पसार जस्ता जोखिम र दर्दनाक काममा लगाइने जस्ता निकृष्ट व्यवहारमा उच्च र संभ्रान्त व्यक्तिहरुले आफ्नो भोक्ता वादी सोचका कारण सोझा र निमुखा व्यक्तिहरुलाई विस्वासघात गरी आफ्नो विलासिताको सिकार बनाएका हुन्छन । माथि उल्लेखित वक्तृतामा सर्वप्रथमत व्यक्ति आफै सचेत भएर यस किसिमका विकृति नियन्त्रण गर्न यस 'मानव वेचविखन विरुद्ध हाम्रो दायित्व' शीर्षक वक्तृतामा वक्ताहरु सहमत भएका छन ।

प्रस्तुत वक्तृतामा आदि मध्य र अन्त्य अवस्थाको पालना भएको छ । समसामयिक समस्याको विषय शीर्षकमा राखिएको हुनाले वक्ताले आफ्नो अध्ययनको क्षेत्रलाई पनि व्यापक विस्तार गरेका छन । सबै वक्ताहरु उदाहरण सहित आफ्नो अभिव्यक्तिलाई पुष्टि गर्न सफल देखिएका छन ।

निर्दिष्ट शीर्षकमा प्रवचन दिने खास विषयमा केन्द्रित भई वक्तृता लेख्ने, निर्दिष्ट वक्तृताको टिपोट गर्ने आदि भाषिक सीपसँग यस वक्तृताको निकट सम्बन्ध देखा पर्दछ । सारांशमा अभिनेयात्मक, स्वकथनात्मक, संवादात्मक र अभिव्यक्तिगत भाषिक सीप विकासका निम्ति रूपक विद्याका विषयवस्तुगत संरचना र माध्यमिक तहको कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उपर्युक्त विधाहरुका लागि उपयोगी देखिन्छ ।

## ४.२२ माध्यमिक तहको कक्षा नौको नेपाली पाठ्चपुस्तक पुरानो र नयाँमा समावेश संवाद विधाको तुलनात्मक अध्ययन

### ४.२२.१ 'मानिस सबै एकै हौँ' संवादको अध्ययन

'मानिस सबै एकै हौँ' संवाद पुरानो पाठ्यक्रममा समाविष्ट नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्धारा प्रकाशित नेपाली पुस्तकमा समावेश गरिएको संवाद हो । हरेक वर्ग, जातजाति, भाषाभाषी र परम्परामा जीवन शैली व्यतित गरे पनि यस पृथ्वीमा बसोबास गर्ने सम्पूर्ण मानव एक हौँ भन्ने सन्देश संवादमा व्यक्त भएको छ ।

संवादको सुरुमा आफ्ना आफ्ना विचार प्रस्तुत गरिए पनि पात्रहरुको चेतना र अनुभवका आधारमा अन्त्यमा सम्पूर्णको भावना हामी मानिस सबै एकै हौँ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

#### ४.२२.१.१ शीर्षक

यस संवादको शीर्षक 'मानिस सबै एकै हौँ' भन्ने रहेको छ । संवादमा जातीय विभेदले हाम्रो समाजमा निम्ताएको समस्या प्रस्तुत गरिएको छ । संवादको विषयवस्तु पनि शीर्षकको वरिपरि केन्द्रित भएकोले शीर्षक र विषयवस्तु बीच तादात्मय रहेको पाइन्छ अर्थात संवाद जातीय, धार्मिक आदि आधारमा हुवहु गरिएको बिषयवस्तु मानिस सम्पूर्ण एकै हुन् उनीहरुलाई विभेद गर्नु अन्धविस्वास हो भन्ने विचार प्रस्तुत भएकाले शीर्षक अनुकुल मान्न सकिन्छ ।

#### ४.२२.१.२ विषयवस्तु

यस संवादको विषयवस्तु नेपाली समाजमा विधामान रहको हुवहु प्रथामा केन्द्रित रहेको छ । समाजमा ठूलो र सानो जातविच हुने जातीय भेदभाव र ठुलो जातले सानो जातमाथि गरिने ऋुर भावहरु प्रस्तुत गरिएको छ । जातीय उच नीचका आधारमा सानो तिनो विषयलाई ठूलो बनाई उच्च जातका मानिसले निमुखा मानिसलाई थिचोमिचो र अन्याय गर्ने तीतो यथार्थलाई संवादमा व्यक्त गरिएको छ । अन्धविस्वास र गलत परम्परालाई काखी च्यापेर आधुनिक समाजमा जातीय भेदभाव गर्नु अक्षम्य अपराध भएकाले यसको अन्त्य गरिनु पर्ने आवाज समेत उठान गरिएको छ । संवादमा हाम्रो समाजको ज्वलन्त उदाहरण दिएर अशिक्षा, गरिबी, अन्धविस्वास जस्ता समस्या बनाई सामाजिक विभेद गरिएको र जातभातका नाममा भेदभाव गरिएकाले यस्ता बिसङगतिको अन्त्य गरी समतामुलक समाजको निर्माण गर्नु पर्ने विषयवस्तु संवादमा अगाडि सारिएको छ ।

### ४.२२.१.३ चरित्र

यस संवादमा पूर्णकला, दाताराम, र वीरमान गरी तीन जना पात्रहरु रहेका छन् । संवादका सम्पूर्ण पात्रहरु गतिशी र सक्रिय रहेका छन् । यिनीहरुको चरित्रलाई अलग अलग रुपमा तल विश्लेषण गरिएको छ ।

**क) पूर्णकला**

पुर्णकला यस संवादलाई उठान गर्ने पात्र हो । पूर्णकला र वीरमान साथीहरुसँग चौरमा बसेर खाजा खाइरहेको बेला दाताराम देखा परेर संवाद अगाडि बढेको छ ।

पूर्णकला यस संवादमा सकारात्मक सोच भएकी र समाजमा रहेको जातीय भेदभाव अन्त्य गर्नु पर्छ भन्ने विचार राख्ने सत् पात्र हो । हर्कबहादुरकी आमालाई अभिजात वर्ग भनाउँदाले कुटपिट गरी थडथिलो पारेको कुरा पूर्णकलाले गरेकी छ ।

वीरमानले छुवाछुतलाई गल्ती भनेकोमा पूर्णकलाको असहमति रहेको छ । उसले विश्व कहाँ पुगि सक्यो, समयले फड्को मारिसक्यो त्यसैले चरम पुरातनवादी कुरा गरेर मानवताको धज्जी उडाउनु हुँदैन भनेर नवीन विचार प्रस्तुत गरेकी छे । जातभात कार्यका आधारमा विभाजन गरिएकोले शोषितको टाउकामा टेकेर मोज गर्न चाहने टाठाबाठाले र पुरोहितहरुले जातपात र छुवाछुतको काखी च्यापेका हुन् भनेर विचार व्यक्त गरेकी हुनाले पूर्णकला यस संवादको गतिशील पात्र हो । समाजमा हुने जातपातको भेदभाव विरुद्ध आवाज उठाउन सक्ने सक्षम पात्र हो ।

**ख) दाताराम**

यस संवादको पुरुष पात्र दाताराम समाजमा जातीय विभेद र परम्परालाई आत्मसात् गर्नु पर्छ भन्ने पात्रका रुपमा प्रस्तुत भएको छ । दातारामले सुरुमा छुवाछुतलाई गल्तीका रुपमा लिएको छ । उच्च जातलाई सुन र नीच लाई फलामसँग तुलना गरेकाले दाताराम पुरातनवादी सोच भएको पात्र हो । संस्कार र संस्कृतिलाई विरोध महत्व दिने धर्मशास्त्रप्रति विश्वास गर्ने दाताराम सङकीर्ण विचार भएको पात्र हो । उसले परम्परा र संस्कार आमीट छाप बनाएर रहेको हुनाले यसको सबैले पालना गर्नु पर्छ भन्ने विचार व्यक्त गरेको छ तसर्थ दाताराम अन्धविश्वासमा विश्वास गर्ने पात्र हो । अन्त्यमा उसको विचारमा परिवर्तन आई चेतना जागेको हुनाले समयसँग चल्न सक्नु गतिशील पात्र हो ।

**ग) वीरमान**

वीरमान यस संवादको केन्द्रिय पात्र हो संवादमा अरु पात्रभन्दा बढी समाजमा रहेको विकृति र विसङगतिको अन्त्य गरी जातीय भेदभाव निर्मुल पार्नु पर्छ भन्ने विचार व्यक्त गरेको छ । वीरमान

समाजमा जातपातले थिचिएर पिल्सिएको प्रतिनिधि पात्रका रुपमा उपस्थित भएको छ । ऊ स्वाभिमानी पात्र हो । उसलाई जातीय उच्चताको कुरा गरी अन्धविश्वासलाईओढेर होच्याएको मन पराउदैन । ऊ स्वतन्त्र पात्र हो । मान्छे ले मान्छेलाई अपमान गर्नु बर्बरता हो त्यसैले त्यसको सधैं अन्त्य गर्नुपर्छ भन्ने मानवतावादी सोच भएको पात्र हो । वीरमान व्यापक र बुलन्द विचार भएको पात्र हो । उसले दास प्रथा, सती प्रथा जस्ता विभेद सङ्कीर्ण सोचले अन्त्य नहुने थिए भन्ने अग्रगामी सोच व्यक्त गरेको छ । वीरमान समाजमा समानता कायम गर्नु पर्छ र जातीय विभेदको नाममा कुसंस्कारलाई काखी च्यापन हुदैन भन्ने सकारात्मक सोच भएको परिवर्तन चाहाने पात्र हो । उसले समाजमा साझा विचार र साझा उदेश्यले मात्र अग्रगति र समावेशी समाज निर्माण गर्न सकिने महत्वपूर्ण विचार व्यक्त गरेको छ ।

### ४.२२.१.४ **संवाद**

यस संवादमा प्रयोग गरिएका अभिव्यक्ति लामा तथा छोटा दुवै प्रकृतिका रहेका छन् । कक्षा ९ मा अध्ययनरत विधार्थीको स्तर अनुकुल नै संवाद मिलेको पाइन्छ । पूर्णकला समाजमा जातीय भेदभाव गर्नु हुदैन सबै मानिस एक हुन् भन्ने विचार व्यक्त गर्ने पात्रका रुपमा प्रस्तुत भएकी छे । उसको विचार ज्यादै उपयोगी देखिन्छ दातारामले संवादका माध्यमले समाजका उच्च वर्गको भूमिका वहन गरेको छ । उसको विचार वौदिकता किचिएको र स्वतन्त्र किसिमको पइदैन । वीरमानको विचार पौढ र अभिव्यक्ति उत्कृष्ट रहेको छ । उसले समाजको जातपातको कुसंस्कारको अन्त्य हुनु पर्ने र समाजमा समानता स्थापित हुनु पर्ने विचार बडो कौशल रुपमा राखेको छ ।

### ४.२२.१.५ **परिवेश/वातावरण**

प्रस्तुत संवादको परिवेश विद्यालयको कक्षाकोठा भन्दा बाहिरको खेल मैदान रहेको छ । दिउँसोको खाजा खाने छुट्टीमा उनीहरुले संवाद अगाडि बढाएका छन् । संवादका आधारमा परिवेश ग्रामीण रहेको अनुमान गर्न सकिन्छ । रेडियो, टेलिभिजन जस्ता संचार माध्यमको भूमिका उल्लेख नगरिएकाले संवादले ग्रामीण परिवेश समेटेको पाइन्छ । दिउँसो खाजा खाने समयमा संवाद भएकोले यसको समय आधा घन्टा रहेको र घन्टी बजेपछि कक्षाकोठा प्रवेश गरेको हुनाले दिउँसो १ देखि २ बजे भित्रको समय हो भन्ने निचोडमा पुग्न सकिन्छ ।

### ४.२२.१.६ **द्वन्द्व/सङघर्ष**

संवादलाई गतिशील र प्रभावकारी बनाउने देखाउने द्वन्द्वले गर्दछ । यस संवादमा मानिस एकै हौं भन्ने देखाउन सुरुमा जातीय भेदभावको पक्षमा दाताराम र पूर्णकलाको विचार समेटिएको छ । जातीय भेदभावको चर्को विरोध वीरमानले गरेको हुनाले सुरुमा संवाद द्वन्द्व र सङघर्षको चरणमा

सक्षम भएको छ । वीरमानले जातीय भेदभाव कुसंस्कार र अन्धविस्वास भएको तथ्य पेस गरेपछि पूर्णकला र दाताराम सहमतिमा आएर सबै मानिस सम्यम हुन् भन्ने निचोडमा टुङिगने प्रकृतिको एवम् गतिशील र प्रभावकारी रुपमा विकसित भएको छ ।

### ४.२२.१.७ भाषाशैली

यस संवादको भाषाशैली कक्षाको स्तर अनुकुल नभएको जस्तो देखिन्छ । लामा तथा जटिल वाक्यका साथै बौधिक कुराहरु जस्तैस् विश्वाभित्र महर्षि, शवरी, महात्मा गान्धी र अब्राहम लिङ्कनको प्रसङगले विद्यार्थीहरुमा धारणात्मक सुझबुझ कमजोर हुने देखिन्छ । प्रसङगवस महान् व्यक्तिको सन्दर्भ आए पनि उनीहरुको कार्यको चर्चा गरिएको पाइदैन । समाजमा प्रयोग गरिने शब्दवाली तथा सम्बोधनले गाउँले भाषाशैली पनि भेट्न सकिन्छ जस्तै चतुरमान काका, पण्डित वज्यै, पँधेरो, छाप्रो, आदि । कतिपय संवाद सहज भएपनि बाँकी जटिल र बौधिकताले भरिएका र स्तरीय भाषाको निकट रहेको पाइन्छ । वीरमानले व्यक्त गरेको विचार जातीय उच्चताको कुरा गर्दै अन्धविश्वास ओढेर भन्नु त्यस्तै जातभात र छुवाछुतको कुरा गर्नु स्वभिमानलाई कुल्चनु र नैतिकता तथा मानवताको अपहरण गर्नु जस्ता अभिव्यक्तिमा सहजता पाउन सकिदैन । संवातमा ति, न, र, पो, ने जस्ता निपातले संवादमा मिठासपन ल्याउन खोजेको देखिन्छ ।

संवादमा प्रयोग गरिएको भाषाशैली सामान्यत बौधिक र विशिष्ट रहे पनि कक्षा ९ का विद्यार्थीले बुझ्न सक्ने नै देखिन्छ । समग्रमा संवादमा प्रयोग भएको भाषाशैली बौधिक भएपनि किल्ष्ट र दुरुह भने पाइदैन । समाजमा प्रयोग र चलनचल्तीका भाषा तथा शैलीको प्रयोग भएको पाउन सकिन्छ ।

### ४.२२.१.८ उद्देश्य

'मानिस सबै एकै हौं' संवाद समाजमा व्याप्त जातीय भेदभावको विषयमा केन्द्रित संवाद हो । सदियौ देखि अन्धविश्वास र कुरीतिलाई आत्मसात् गर्दै समाजका टाठाबाठा र उच्च जातले सोझा निमुखालाई निरन्तर प्रताडित पारेको ज्वलन्त उदाहरणहरु पेस गरिएको छ । पानी पधँरोमा पानी छोएको निहुमा जातीय विभेदफैलाइ समाजमा छुवाछुतले प्रथाका रुपमा जरा गाडेको साथै तल्लो जातिले निर्माण गरेका वस्तु उपभोग गर्न मिल्ने तर उनीहरुले छोएको नचल्ने गलत कुसंस्कारले समाजमा असमानता देखाएको छ । गरिबी, अशिक्षा र बेरोजगारीले पिल्सिएका जनताले सधै परम्पराको नाममा शोषण सहनुपर्ने बाध्यता प्रस्तुत गरिएको छ । आफूलाई बौधिकता र मानवताको पथ्थर मान्नेले समेत अभिमान देखाइ लिङ्ग, जात, भाषा, र संस्कृतिको आधारमा भेदभाव गरिएको देखाइएको छ ।

सबै व्यक्तिहरु जन्मँदा नाङगै जन्मन्छन तिनको जात, धर्म, पेसा, हुँदैन । जन्मेपछि समाजले उचनीचको पगरी गुचाइदिन्छ र त्यसैमा सत्य छोपिन्छ । लिङग, जाति, भाषा आदिका आधारमा भेदभाव गर्नुहुदेन, मानिसको रगत, जात र लिङ्ग अनुसार अलग हुँदेन सबैमा समान हुन्छ । असल विचार र व्यवहारले मात्र महान् सिर्जनाको जन्म दिन्छ । साझा विचारले र उद्देश्यले समाजलाई अग्रगति दिने र समावेशी समाज निर्माण गर्न सकिन्छ । सङ्कीर्ण सोचले समाजमा परिवर्तन सम्भव छैन । तसर्थ सती प्रथा, दास प्रथा, कमैया प्रथा जस्ता सामाजिक तथा मानवीय कलङकहरु जसरी परिवर्तन भए त्यसरी नै समाजमा रहेको जातीय भेदभावको अन्त्य गरी समानतामूलक र सबैमा समान उत्तर दायित्व बोध हुने समाज निर्माण गर्नु पर्ने मूल सन्देश उद्देश्यका रुपमा व्यक्त भएको छ । पृथ्वी नामक साझा घरमा बस्ने सम्पूर्ण मानव एकै हुन् भन्ने सार्थक र वास्तविक विचार यस संवादको उद्देश्य हो ।

### ४.२२.२ महिला हिसां संवादको विश्लेषण

'महिला हिसां' संवाद नयाँ पाठ्यक्रममा समावेश गरिएको कक्षा ९ को नेपाली पुस्तकमा राखिएको रूपक विधा हो । महिलाले भोग्नु परेका उत्पीडन र हिसांको विषयवस्तु यस संवादमा समेटिएको छ । समाजमा पुरुषले लिङ्गका आधारमा गरिने विभेद, दाइजोको निहुँमा गरिने हिंसा, विभिन्न प्रथाका रुपमा रहेको छाउपडी प्रथा जस्ता गम्भीर समस्यालाई संवादमा पर्दाफास गरिएको छ । अशिक्षा गरिबी र चेतनाको स्तर कम भएका महिलाहरु घर परिवारबाट शोषित हुनु परेको छ । समाजिक संरचनामा भएको नकारात्मक सोचले गर्दा समाजमा दिनप्रति दिन महिला हिंसा घटना बढ्दो क्रममा रहेका छन् ।

पुरुष र महिला एउटै रुपमा दुई पाङ्ग्रा हुन् तसर्थ पुरुष र महिला दुबै थरीको प्रयत्नबाट समसत्ता स्थापना गर्ने कुरामा केन्द्रित हुनुपर्छ । आर्थिक र सामाजिक रुपमा महिलालाई पुरुष जतिकै अधिकार र कर्तव्य सम्पन्न बनाउनु पर्छ भन्ने मूल सन्देश संवादमा समेटिएको छ ।

#### ४.२२.२.१ शीर्षक

यस संवादको शीर्षक महिला र हिंसा गरी दुई शब्दले बनेको छ । संवादको शीर्षक अनुरुप हाम्रो समाजमा रहेको महिला हिंसाको विषयवस्तु गहन रुपमा आएको छ । पुरुषले महिलालाई दाइजोको निहुँमा जलाएर मार्न समेत पछि नपर्ने घटना संवादमा समेटिएको छ । यसरी शीर्षककै सेरोफेरोमा समाजमा हुने लैङ्गिक हिंसा, वर्गीय हिसांको विषय संवादले उठान गरेको छ । संवादका पात्रहरुले महिला हिसांले समाजमा निम्ताएको असमता र विभेदको अन्त्य गरी स्वच्च समाज तथा समतामूलक समाज निर्माणको आवश्यकता औल्याएका छन् तसर्थ संवादको विषयवस्तु महिला हिंसाको केन्द्रविन्दुमा रहेर अगाडि बढेको हुनाले शीर्षक सार्थक रहेको छ ।

### ४.२२.२.२ **विषयवस्तु**

यस संवादको विषयवस्तु महिला हिंसामा केन्द्रित रहेको छ । महिलालाई दाइजोको निहुँमा छोरा नजन्माएको कारण घरघरमा महिलामाथि हिंसा हुने गरेका छन् । नेपालमा दाइजो प्रथाले विकारल रुप लिई समाजमा दिनहुँ महिलामाथि गरिने अत्यचारलाई संवादमा प्रस्तुत गरिएको छ । महिलाले बलत्कार, बेचविखन जस्ता गतिविधिमा जबरजस्ती पुरुषको शोषण देखाइएको छ । आर्थिक र सामाजिक रुपमा महिलालाई अन्याय गरी पुरुषले सधैँ महिला माथि गर्ने जघन्य महिला हिंसाको विषय विदमा व्यक्त गरिएको छ ।

महिलालाई प्रदान गरिने शिक्षा, जागिरमा प्रवेश जस्ता सुविधाका कारण पनि महिला हुनु कमजोर हुनु हो भन्ने विचार रहेको छ । सामाजिक संरचनाले निर्माण गरेको संस्कार परिवर्तन आए पश्चात मात्र महिला हिंसा नियन्त्रण गर्न सकिन्छ । तसर्थ महिला र पुरुष बिच समान उत्तरदायीत्व र समान अधिकार दिलाउनु पर्ने आवाज संवादमा उल्लेख गरिएको छ । गलत महिला हिंसा र त्यसले समाजमा ल्याएको जटिल समस्यालाई संवादमा विषयवस्तु बनाएको छ । महिला हिंसा जस्तो असंस्कारलाई अन्त्य गरी असल समाज निर्माण गर्नु पर्ने धारणा अभिव्यक्त गरिएको छ ।

### ४.२२.२.३ **चरित्र**

यस संवादमा संज्ञा, अन्वेषा, अभिलेख, उपांशु गरी चार जना पात्रहरु रहेका छन् । संवादका पात्रहरु गतिशील र सक्रिय रहेका छन् । यिनीहरुको चरित्रलाई अलग अलग रुपमा तल विश्लेषण गरिएको छ -

क) संज्ञा

संज्ञा यस संवादलाई सुरुवात गर्ने बालिका हो । उसले ए साथी हो , तिमीहरु के खाँदै छौ हँ? मैले पनि केहि खानेकुरा ल्याएको छु भनी सबैलाई भनेकी छे । संज्ञा सचेत पात्र हो उसले समाजमा दाइजो नल्याएको कारण महिलालाई गरिने हिंसा आफ्नो मामाघर वीरगञ्ज जाने आउने क्रममा नजिक बाट देखेकी छे । संज्ञा गतिशील पात्र हो । उसले महिला हिसांलाई विरोधी कुरा प्रहार गरेकी छे । समाजमा भएको अत्याचार नसहने संज्ञा स्वभिमानी पात्र हो । समाजमा हुने विभेदको मूल कारण चेतनाको कमि रहेको कुरा उल्लेख गरेकी छे । संज्ञाले संविधानमा महिला हकलाई धेरै मात्रामा स्थापित गरेको कुरा व्यक्त गरेकी छे । संज्ञाले संवादमा हजारौ वर्षको विभेद एक दिनमा नै अन्त्य हुने त होइन तर महिला र पुरुष रथका दुई पाङग्रा हुन् त्यसैले क्रमश विभेद हट्नु पर्छ भन्ने विचार वयक्त गरेकाले उ धैर्यशील पात्रका रुपमा उपस्ति भएकी छे ।

ख) अन्वेषा

अन्वेषा यस संवादकी मूल पात्र हो । अन्वेषा सचेत पात्र पनि हो । उसले महिला हिंसाको घटना सम्भिदा पहिला साथीहरुलाई सुनाएकी छे । अन्वेषा परिवर्तनको पक्षमा रहेकी छे । पहिले पोषण युक्त खानेकुरा र शिक्षादीक्षा समेत बन्देज थियो तर अहिले शिक्षादीक्षा, पालन पोषणमा छोराछोरीमा फरक गरिदैन भन्ने विचार व्यक्त गरेकी छे । अन्वेषा जिज्ञासु स्वभावकी पात्र हो उसले महिला हिंसाको कियाकलापले किन निरन्तरता पाएको भनी प्रश्न गरेकी छ । अन्वेषाको विचारमा अबुभ्फपना र बुजपचाहले गर्दा समाजमा महिला हिंसा बढेको हो भन्ने रहेको छ । उसले कानुनी पक्ष र कार्यनवयन बलियो भएपछि मात्र कुप्रथा रहने आशावादी सोच व्यक्त गरेकी छ । अन्वेषा परिवर्तनको पक्षमा उभिने पात्र हो । उसले उत्पीडन सामाजिक संरचनाले निर्माण गरेको संस्कार हो चेतनाको विकाससँगै त्यसको अन्त्य हुने कुरा व्यक्त गरेकी छ । महिला र पुरुषलाई समान अवसर र अधिकार दिए आधा सफलता मिल्छ र बाँकी सफलता सांस्कृतिक विभेदलाई उखेल्दै अन्त्य गरी प्राप्त हुने सकारत्मक सोच व्यक्त गरेकी छ ।

ग) अभिलेख

अभिलेख यस संवादको पुरुष पात्र हो । संवादमा उसको भूमिका प्रमुख ने रहेको छ । ऊ जिज्ञासु स्वभावको छ यदि विकासित देशहरुले हाम्रो यस्ता महिला हिंसाको घटनाका बारेमा थाहा पाए के होला जस्ता भाव व्यक्त गरेको छ । उसले विभेद त जबसम्म जब्बर रुपमा रहेकै छ । यस्तो लैङगिक असमानता हट्ला र ? भनेर प्रतिप्रश्न गरेको छ । अभिलेखले महिलालाई महिलामाथि नै उत्पीडन गरेको प्रसङ्ग पनि जोडेको छ । उसलाई यस्ता प्रथा तत्काल हट्ने कुरामा विश्वास लाग्दैन । अभिलेख निराशावादी पात्र हो किनकी महिलाले महिलामाथि पनि हिंसा गरेको हुनाले त्यति सहजरुपमा परिवर्तन नहुने तर्क राख्दछ । संवादको अन्त्यमा अभिलेखमा परिवर्तन आएकाले ऊ गतिशील पात्र हो उसले हामीले अब महिला, पुरुष, बालबालिका सबैमा हुने हिंसाका विरुद्ध पाइला चाल्ने गरेको छ ।

घ) उपांशु

उपांशु यस संवादको सहायक पात्र हो । संवाद अगाडि बढिसकेपछि मात्र उसको भूमिका आएको छ । उपांशु विकसित देशका मानिसले हाम्रो कुसंस्कारप्रति के भन्लान भनेर डराएकी छ । ऊ असमानताको विरुद्ध आवाज उठाउने पात्रका रुपमा संवादमा आएकी छे । विश्व कहाँ पुगिसक्यो हामी भने यस्तो अविवेकी कुरामा अल्भिएर बसेका छौं भनेर आफ्नो धारण व्यक्त गरेकी छे । ऊ जिज्ञासु स्वभावकी पात्र पनि हो मानिसलाई यति धेरै अत्याचार चाहिँ किन गर्नु परेको होला हगि? भनेर बुभ्ने कोसिस गरेकी छे । उपांशुको विचारमा महिला हिँसाको मुख्य

कारण समाजमा लैङगिक विभेद कायम रहनु हो । ऊ परिवर्तनसशील पात्र हो । सोचाइ र विचार धारा परिवर्तन हुदै समानता र स्वतन्त्रता विस्तारै प्राप्त हुन्छ भनेकी छ । पुरुष र महिला एक भएर नै लैङगिक लगायत विभेद अन्त्य गर्न सकिने प्रगतिशील सोच उपांशुले संवादमा व्यक्त गरेकी छ ।

### ४.२२.२.४ **संवाद**

यस संवादमा प्रयोग गरिएको अभिव्यक्तिहरु केही लामा र केही छोटा रहेका छन् । संवाद विषयवस्तु र पात्र अनुकुल सशक्त एवं जीवन्त पाउन सकिन्छ । संज्ञा र उपाशुंको संवाद केहि लामा रहेका छन् । पात्रहरुको कुराकानीको शैली उनीहरुको स्तर अनुकुल नै पाउन सकिन्छ । अभिलेखले केही बौधिक संवाद व्यक्त गरेको देखिन्छ । महिला र पुरुष दुबै थरीको प्रयत्न समसत्ता स्थापना गर्ने कुरामा केन्द्रित हुनुपर्छ । त्यो समसत्ता भनेको पुरुष नारी दुवै लैङगिक उत्पीडन भोग्नु नपर्ने सत्ता हो भन्ने अभिव्यक्ति दिएको पाइन्छ । संवादको सुरु तथा अन्त्य भने स्वभाविक प्रकृतिले भएको छ ।

### ४.२२.२.५ **द्वन्द्व/सङघर्ष**

यस महिला हिंसा संवादमा सुरुमा बैचारिक द्वन्द्व पाइन्छ । अभिलेखले केही संवाद ठट्टाका रुपमा व्यक्त गरेकोले त्यस्तो द्वन्द्व पाइन्छ । जस्तै महिलाले महिलालाई गर्ने हिसांको कुरा नि? पुरुषले महिलामाथि गरेको हिसांको कुरा नि? यो सामाजिक संरचनाको मात्र दोष हो र? जस्ता विवादस्पद अभिव्यक्तिले अन्य पात्रहरुमा केही बैचारिक विभेद पाउन सकिन्छ । समग्रमा संवादमा द्वन्द्व तथा सङ्घर्ष चरम नभई न्युन रहेको पाइन्छ । संवादका सबै पात्रहरुले महिला हिंसा अन्त्य गर्नुपर्छ भन्ने सकारात्मक सोच लिएकाले संवादमा द्वन्द्वको स्थिति कम पाउन सकिन्छ ।

### ४.२२.२.६ **परिवेश/वातावरण**

यस संवादको परिवेश विद्यालयको छात्रावास र नजिकैको चौर रहेको देखिन्छ । विद्यालय बिदा परेको समयमा केही छात्रावासमा बस्ने विधार्थीहरु बिच संवाद भएको पाइन्छ । घाम लागेको परिवेश र चौरमा खानेकुरा खादै संवाद अगाडि बढेको पाइन्छ । विहानको समयमा महिला हिसांको विषयमा संवाद भएको देखिन्छ । संवाद लगभग ४०/४५ मिनेट भएर सकिएको छ । खाना खाने घन्टी बजे पश्चात संवाद अन्त्य गरिएको छ । संवाद संवोगात्मक विषयमा केन्द्रित कुराकानी भएकाले दृश्यात्मक रुपमा कुनै खास परिवेश उल्लेख गरिएको छैन । संवादको परिवेश सहरिया रहेको छ । किनकी विद्याथहरु छात्रावासमा बस्ने कुरा उल्लेख गरिएको छ ।

### ४.२२.२.७ भाषाशैली

यस 'महिला हिंसा' संवादमा छोटा मझौला तथा लामा गरी सबै प्रकारण्का वाक्यहरुको प्रयोग गरिएको छ । के ल्यायौ संज्ञा? किन मारेछन्? जस्ता प्रश्नात्मक वाक्यको प्रयोग पाइन्छ । हगि, नि, त, र जस्ता निपातको प्रयोगले केही मिठास दिएको छ । यति भएर पनि लामा-लामा वाक्यहरुको अत्याधिक प्रयोगले संवादको भाषाशैली केही जटिल बन्न पुगेको छ । जस्तै उपांशु महिला हिसांको मुख्य कारण समाजमा लैङगिक विभेद कायम हुनु हो । यस व्यवहार नहुँदा लैङगिक असन्तुलन जन्म्यो । यसको मूल कारण सामाजिक आर्थिक रुपमा महिला र पुरुषको समान भूमिका नहुनु हो । चिन्ता नगरौ, विस्तारै समाज परिवर्तन हुँदै छ । हाम्रा सोचाइ र विचार धारा पनि परिवर्तन हुँदै छन् । समानता र स्वतन्त्रता हठात प्राप्त हुने विषय पनि त होइनन् । संवादमा प्रयोग गरिएको भाषाशैली पौढ निकट रहेको छ ।

संवादमा हाउभाउ, मुखामुख जस्ता शैलीको पनि प्रयोग गरेको देखिन्छ । जस्तै गम्भीर भएर, केही हाँसेर त्यस्तो भाव व्यक्त गरिएको छ । संवादमा प्रयोग गरिएको भाषा सरल नै देखिन्छ भने शैली जीवन्त पाउन सकिन्छ । विद्यार्थीको स्तरअनुकूल नै भाषाशैली चयन भएको पाउन सकिन्छ ।

### ४.२२.२.८ उद्देश्य

यस संवादको मूल उद्देश्य नेपाली समाजमा हुने 'महिला हिंसा' को घटनाका बारेमा केन्द्रित रहेको छ । दाइजोको निहुँमा महिलालाई गरिने जघन्य अपराधलाई संवादको उद्देश्य बनाइएको छ । दाइजो प्रथाले उब्जाएको विशाल अवस्था, छाउपडि, देउकी, चेलिबेटी बेचबिखन जस्ता परम्परागत अन्धजिश्वासले हाम्रो समाज जडकिएको छ । वस्तुभाउ सरह बोचिनुपर्ने तिनैले, बलात्कार गरी कुकुर बिराला सरह मिल्काउने पनि तिनै । चेतनाको कमी परम्परागत कुसंस्कारले गर्दा महिला हिसां दिनप्रतिदिन बढ्दै गएेको छ । सामाजिक र आर्थिक रुपमा महिला पुरुषको समान भूमिका पाइँदैन । संविधान तथा कानुनमा महिला हक स्थापित भए पनि पुरुषको अहम्कारी व्यवहारले महिला प्रताडित भएको विषयलाई यथार्थ प्रस्तुत गरिएको छ ।

सामाजिक संरचनामा परिवर्तन ल्याई महिला र पुरुषलाई समान उत्तर दायित्व र कर्तव्यको बोध गराउनु आवश्यक छ । महिला र पुरुषको समसत्ता स्थापना गर्ने कुरामा केन्द्रित हुनुपर्छ । महिलालाई पुरुषलाई जतिकै अधिकार र कर्तव्यले सम्पन्न बनाउनु पर्छ । महिला, पुरुष, बालबालिका सबैमा हुने हिसांका विरुद्ध पाइला चाल्नु पर्ने सकारात्मक र समसत्तामूलक सोचलाई संवादको मुख्य उद्देश्य बनाइएको छ ।

# अध्याय पाँच

## रूपक विधाका सबल तथा सुधारात्मक पक्ष र सुझाव

### ५.१ अपाङ्गहरुप्रति हाम्रो दायित्व वक्तृता का सबल पक्ष

- अपाङ्ग र उनिहरु भित्र लुकेर रहेको क्षमता तथा उनीहरुप्रति गरिनु पर्ने मानवीय व्यवहार बारे जानकारी दिने उद्देश्यले राखिएको यस वक्तृताले आदि, मध्ये र अन्त्यावस्थको पालना गरेको,
- प्रत्येक वक्ताले समसामथिक उदाहरण पेश गरेका
- वक्तामा निर्दिष्ट शीर्षकमा प्रवचन दिने, खास विषयमा केन्द्रित भई, वक्तृता लेख्ने, निर्दिष्ट वक्तृताको टिपोट गर्ने आदि भाषिक सीपसँग यो वक्तृता निकट रहेको ।

### ५.२ दुर्वल पक्षहरु

- पााठमा दुईजना मात्र प्रतियोगी राखिँदा प्रतिष्पर्धात्मक भावना सिर्जना नहुने ,
- प्र.अ लाई कार्यक्रमको सभापति बनाउँदा प्रतियोगिता सङ्कोच रहित बन्न नसक्ने,
- पाठमा चारजना पात्र चयन गरी प्रतियोगिता गराउँदा प्रतियोगिता प्रतिस्पर्धात्मक हुने,
- प्र.अ को ठाउँमा सम्बन्धित विषयको शिक्षक वा कक्षा १०को अब्बल विद्यार्थीलाई सभापति छनोट गर्दा प्रतियोगिता सङ्कोच रहित हुने,

### ५.३ सुझाव

- पाठमा चारजना पात्र चयन गरी प्रतियोगिता गराउँदा प्रतियोगिता प्रतिस्पर्धात्मक हुने,
- प्र.अ को ठाउँमा सम्बन्धित विषयको शिक्षक वा कक्षा १० को अब्बल विद्यार्थीलाई सभापति छनोट गर्दा प्रतियोगिता सङ्कोच रहित हुने,

### ५.४ मानिस सबै एकै हौं' संवादका सबल पक्षहरु :

- हरेक वर्ग, जातजाति, भाषाभाषी र परम्परामा जीवन शैली व्यतित गरे पनि यस पृथ्वीमा बसोबास गर्ने सम्पूण मानव एक हौं एक हौं भन्ने सन्देश प्रदान गरेको,
- नेपाली समाजमा रहेको जातीय, लैङगिक, धार्मिक आदि जस्ता विभेद कायमै रहेको कुरा संवादका पात्रका माध्यमबाट प्रस्ट पारिएको,

- आफूलाई बौद्धिकता र मानवताका पक्षधर मान्नेले समेत अभिमान देखाइ लिङ्ग, जात, धर्म र संस्कृतिका आधारमा भेदभाव गर्नेहरु प्रति व्यङ्ग्य गर्दै त्यस्ता व्यक्तिहरुलाई सचेत पारेको,
- अभिनय गरेर देखाउन सकिने खालका विषयबस्तुको चयन गर्नु यस संवादका सबल पक्षहरु हुन् ।

**५.५ दुर्बल पक्षहरु**

- भाषिक सीपका सबै पक्षलाई समेट्ने कोशिस भएपनि शब्द र वाक्यको छनोटमा, विद्यार्थीको रुचि, उमेर, पूर्वक्षमता, मानसिक दक्षता आदि पक्षलाई वेवास्ता गर्नु,
- समय सापेक्ष उपयोगी हुने खालका चित्र, मसीको प्रयोग, कागजको स्तरमा कमजोरी देखिनु ।

**५.६ सुझाब**

- भाषिक सिपलाई समेट्ने गरी विद्यार्थीको रुची, क्षमता, उमेर, पूर्वक्षमता, मानसिक दक्षतालाई ध्यानमा राखेर विषय चयन गर्ने,
- समय सापेक्ष गुणस्तरीय मसी र कागजको प्रयोग गर्ने ।

**५.७ मनव बेचबिखन बिरुद्व हाम्रो दायित्व वक्तृताका सबल पक्षहरु**

- उच्च र संभ्रान्त व्यक्तिहरुले आफ्नो भोग्तावादी सोचका कारण सोझा र निमुखा व्यक्तिहरुलाई विश्वासघात गरी आफ्नो विलासिताको सिकार बनाउने गरेका वास्तविकतालाई प्रस्तुत गरिएको,
- चारजना वक्ताहरुका बिचमा प्रतिस्पर्धा गराइएका कारण प्रतियोगिता रोचक र प्रतिस्पर्धी बनोको,
- २ जना छात्र र २ जना छात्रा लाई प्रतिस्पर्धी बनाइएकाले प्रतियोगिता समावेशी भएको,
- वकृताका वक्ताले आदि, मध्ये र अन्त्यको पूर्ण पालना गरी आफ्ना मत व्यक्त गरेका,

**५.८ दुर्वल पक्षहरु**

- अधिल्लो पाठ्यपुस्तकमा भन्दा पछिल्लो पाठ्यपुस्तकमा निकै सुधार गरे पनि कार्यक्रमको सभापति चयनमा ध्यान नदिइएको अर्थात अघिल्लो पाठको सङ्कोच हटाउन नसकेको,
- चारजना वक्ताहरु प्रतिस्पर्धी भएपनि अघिल्ला वक्ताका तुलनामा पछिल्ला वक्ताले प्रकट गरेको मत कम समयको रहेको,
- कागजको स्तर र मसीको प्रयोगमा गुणस्तरीय बन्न नसकेको,

## ५.९ सुझाब

- प्रतियोगिताको सभापति चयन गर्दा विद्यालयका प्रधानाध्यापकलाई नगरी कक्षा १० को नेतृत्वलिन सक्ने विद्यार्थी वा सम्बन्धित विषयको शिक्षकलाई चयन गर्ने,
- सकभर सम्बन्धित विषयको शिक्षक नै राखिनु पर्ने,
- गुणस्तरहीन कागज र मसीको प्रयोग गरिएकाले निर्दिष्ट पाठमा शब्द नबुझिने, वाक्य नै भेटिएका छन् जसले गर्दा पढाइ सीपमा समस्या भएको छ । यसको निराकरणका लागि गुणस्तरीय कागज र मसीको प्रयोग गर्नुपर्ने ।

## ५.१० 'महिला हिंसा' संवादका सबल पक्षहरु

नेपाली समाजमा विभिन्न कारणले महिलाहरु हिंसामा पर्ने गरेको यथार्थलाई प्रस्तुत गरीएको यस संवादमा महिला हिंसाको अन्त्य गरी समतामूलक समाज निर्माणमा लाग्नु पर्ने सन्देश प्रदान गरेको,

- संवादमा चारजना पात्रहरुको प्रयोग भएको र पात्रहरुको बिचमा विषयवस्तुको विचारगत द्वन्द्व चलाई अन्त्यमा एउटै निस्कर्षमा सबै पुगेका,
- पात्रहरुले प्रयोग गरेका भाषा प्रौढ किसिमका रहेका, जसले गर्दा सजिलै बुझलन सकिएको,
- पाठ्यक्रमको उद्देश्यलाई पूर्णरुपले पालना गरिएको,

## ५.११ दुर्बल पक्ष

- सुनाइमा रोचकता ल्याउने 'निपात' शब्दको प्रयोगको कमिरहेको,
- पात्रहरुका विचमा विचारगत् द्वन्द्वको प्रयोग कम मात्रामा रहेको,
- संवाद पट्यार लाग्दो नहोस् भन्नका लागि बिचबिचमा शरीरिक हाउभाउँ राखिनु पर्ने हो तर यस संवादमा त्यसको कमी देखिनु,
- 'अबुझपता' 'समसत्ता' जस्ता शब्दावलीको प्रयोगले यसको भाषा विशिष्ट किसिमको बनेको छ । केही शब्दको अर्थ दिइएपनि केही कठिन सब्दको अर्थ दिइएको छैन ।

## ५.१२ सुझाव

- सुनाइ सीपमा रोचकता ल्याउने 'निपात' लाई प्रसङ्ग अनुसार वाक्यका विभिन्न तहमा प्रयोग गर्ने,
- कोष्ठकमा शरीरिक हाउँभाउँ राखिएको भएपनि शृङखलावद्ध छैन कतै बढी प्रयोग छ त कही छँदैछैन यसलाई शृङखलावद्ध रुपामा राख्दा राम्रो हुने,

- कठिन शब्दको अर्थ राखेपनि कतिपय अप्ठ्यारा शब्दको अर्थ राखिएको छैन । त्यस्ता अप्ठ्यारा शब्द पहिचान गरी तिनको अर्थ पनि दिनुपर्ने,
- पात्रहरुका बिचमा बिचारगत् द्वन्द्वलाई अझ बढाइनु पर्ने ।

### ५.१३ निष्कर्ष

कक्षाको पुरानो पाठ्यपुस्तक (२०६५) र नयाँ पाठ्यपुस्तक (२०७२) मा रूपक विधाका रुपमा वक्तृता र संवाद राखिएको छ । पुरानो पाठ्यपुस्तक २०६५ मा वक्तृताका रुपमा अपाङ्गहरुप्रति हाम्रो दायित्व राखिएको छ भने संवादका रुपमा 'मानिस सबै एकै हौँ' राखिएको छ । नयाँ पाठ्यपुस्तक (२०७२) मा वक्तृताका रुपमा 'मानव वेचविखन विरुद्व हाम्रो दायित्व' र संवादका रुपमा महिला हिंसालाई राखिएको छ । भाषिक सीप आर्जनका दृष्टिले दुबै उपयोगीनै देखिए पनि पुरानो पाठ्यपुस्तक (२०६५) मा वक्तृताका रुपमा राखिएको अपाङ्गहरुप्रति हाम्रो दायित्व शीर्षकमा वक्ताकारुपमा दुईजना मात्र पात्रहरु प्रयोग गरिनु र नयाँ पाठ्यपुस्तक (२०७२) मा वक्तृता रुपमा राखिएको मानव वेचविखन विरुद्व हाम्रो दायित्व शीर्षकमा वक्ताका रुपमा चारजना पात्रहरुको प्रयोग गरिनुले भाषिक सीप आर्जनका दृष्टिले नयाँ पाठ्यपुस्तक (२०७२) बढी उपयोगी देखिन्छ । यसका अतिरिक्त दुबै पाठ्यपुस्तकले पाठ्यक्रमले राखेका तहगत उद्देश्य तथा साधारण उद्देश्यलाई पूर्णरुपले पालना गरेको छ ।

रुपक विधाका रुपमा रहेका चारवटै पाठ अपाङ्गहरु प्रति हाम्रो दायित्व, चेलिबेटी वेचविखन विरुद्व हाम्रो दायित्व (वक्तृता) र हामी सबै एकै हौ, महिला हिंसा (संवाद) ले विद्यार्थीको भाषिक वोध तथा अभिव्यक्ति क्षमताको विकासमा सहयोगी भूमिका निर्वाह गरेकाले दुबै पाठ्यपुस्तकमा रहेका रुपक विधाका पाठहरु विद्यार्थीका भाषिक क्षमता अभिवृद्धिका लागि उपयोगी छन् ।

# सन्दर्भसूची


खनाल, देवेन्द्रराम (२०६७) **कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट** रूपक **विधाको विश्लेषणात्मक अध्ययन** अप्रकाशित एमएड शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

गौतम दुर्गा प्रसद (२०६५) **कक्षा ७ को महेन्द्रमाला र मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन** अप्रकाशित एमएड शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

पौडेल, नवराज (२०६८), **कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'सजिलो नेपाली माला' भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन** अप्रकाशित एमएड शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

पौडेल, लेखनाथ र पेशल खनाल (२०६८), *शोक्षणिक मनोविज्ञान,* सनलाइट पब्लिकेशन, कीर्तिपुर काठमाडौ ।

पौडेल, रामप्रसाद (२०६१), *माध्यमिक तहमा पुरानो पाठ्यपुस्तक महेन्द्र माला र हालको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन,* काठमाडौ : महेन्द्र रत्न क्याम्पस, ताहाचलमा प्रस्तुत अप्रकाशित शोधपत्र ।

पौडेल, रामप्रसाद (२०५५), **माध्यमिक तहमा परानो पाठ्यपुस्तक महेन्द्रमाला र हालको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन** अप्रकाशित एमएड शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

भट्टराई, शकुन्तला (२०६९), *कक्षा ७ को हाम्रो नेपाली किताब र नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन* : सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङमा प्रस्तुत अप्रकाशित शोधपत्र ।

भट्टराई, रामप्रसाद (२०६८), दोस्रो संस्करण, *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौ : शुभकामना प्रकाशनप्रा.लि. ताहाचल ।

भण्डारी, पारसमणि (२०६८), प्रायोगिक भाषविज्ञानका प्रमुख आयाम

भण्डारी, पारासमणि (२०६३), *स्नातकोत्तर नेपाली शिक्षा शोधविवरण,* काठमाडौ : न्यु हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर ।

भण्डारी, पारासमणि र अन्य (२०६७), तृतीय संस्करण, *नेपाली गद्य र नाटक,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

लामिछाने, यादवप्रसाद (२०६५), छैटौं संस्करण, *नेपाली भाषाशिक्षण परिचय,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

सुबेदी, सावित्रा (२०६९), **कक्षा पाँचको सजिलो नेपालीमाला र कक्षा पाँचको मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन** अप्रकाशित एमएड शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

शर्मा, चिरञ्जिवी र निर्मला शर्मा (२०६५), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* एम.के पब्लिकेशन एण्ड डिस्टिव्युतर्स काठमाडौ ।

शर्मा मोहनराज र लुइटेल (२०६०), *नेपाली कविता र आख्यान,* काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।